# निम्न माध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको शैक्षणिक उपयोगिता अध्ययन

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाली शिक्षा विभाग**

**अन्तर्गत स्नातकोत्तर तह, एम्.एड्. नेपाली दोस्रो वर्षको**

**पाँचौं पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

प्रेमबहादुर बुढा

**त्रि.वि.दर्ता नं.: ९-२-५७-६१५-९९**

**शिक्षाशास्त्र सङ्काय**

**एम.एड. द्वितीय वर्ष, नेपाली**

**क्याम्पस दर्ता नं. : १६५/०६०**

**परीक्षा क्रमाङ्क नं. : २९०२१६/०६२**


**२०६३**

# निर्देशकको सिफारिस-पत्र

'निम्न माध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरुको शैक्षणिक उपयोगिता अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र श्री प्रेमबहादुर बुढाले मेरा निर्देशनमा तयार पार्नु भएको हो । शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नाकोत्तर तह नेपाली शिक्षा दोस्रो वर्षको पाठ्यांश नेप.एड. ५९८ को प्रयोजनका लागि परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रबाट म पूर्णरुपले सन्तुष्ट रहेको छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................
डा. यादवप्रकाश लामिछाने
उपप्राध्यापक
महेन्द्ररत्न क्याम्पस
नेपाली शिक्षा विभाग
ताहाचल, काठमाडौँ

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत महेन्द्ररत्न क्याम्पस, ताहाचल, नेपाली भाषा शिक्षा विभागका छात्र प्रेमबहादुर बुढाले स्नातकोत्तर (एम्.एड्.) तहमा नेपाली विषयको नेपा.शि. ५९८ पाठयांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको "निम्न माध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरुको शैक्षणिक उपयोगिता अध्ययन" शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | | .............................. |
| २. | | .............................. |
| ३. | | .............................. |
| ४. | | .............................. |

मिति : २०६३/०८/

# कृतज्ञताज्ञापन

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषाका सम्बन्धमा चासो राख्ने मानिसहरु नगन्य छन् । नेपाली भाषाको उच्चारण गदा प्रायः धेरै मानिसहरु हिचकिचाउने र नाक खुम्चाउने गर्दछन् । नेपाली भाषाले नेपाल र नेपालीको पहिचान गरेको छ भन्ने कुराको जानकारी दिनका साथै राष्ट्रभाषाको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ भन्ने हेतुले प्रस्तुत शोधपत्रमा भाषाप्रतिको मोह जगाउने प्रयास गरेको छु । कुनै पनि शोधकार्य आफैमा कठिन विषय हो अझ त्यसमा पनि भाषा शिक्षण सम्बन्धी शोधलेखन ज्यादै कठिन र महत्वपूर्ण हुने महसुस गरिन्छ । शैक्षणिक प्रयोजनका साथै भाषिक सीप विकासमा कथाले के-कस्तो योगदान दिन सक्छ भन्ने कुरालाई प्रष्टाउन नि.मा.वि. तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरुको शैक्षणिक उपयोगिता अध्ययन नामक शीर्षकमा शोध तयार गरिएको छ ।

शोधपत्र तयार गर्ने क्रममा शुरूदेखि अन्त्यसम्म साथ दिने शोध निर्देशक आदरणीय गुरुवर उपप्राध्यापक डा. यादवप्रकाश लामिछानेज्यूप्रति श्रद्धायुक्त हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्रमा उहाँको अमूल्य समय एवम् कुशल निर्देशनको परिणाम स्वरुप नै यो शोधपत्रको रुपरेखा तयार भएको हो, त्यसैले म उहाँप्रति चिरकार ऋणी रहने छु । त्यसैगरी शोधपत्र लेखन कार्यमा शीर्षक छनौट देखि शोधपत्र तयार पार्ने क्रमसम्म आफ्ना अमूल्य सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरु विभागीय प्रमुख सहप्राध्यापक शारदारमण नेपालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफ्नो छोराको उज्ज्वल भविष्यका लागि जस्तोसुकै समस्यामा पनि विचलित नभइ रातोदिन आफूलाई समर्पण गरिरहने पूजनिय बुवा नरबहादुर बुढा र आमा आमा शिवकुमारी बुढाको योगदान मेरा लागि सदा सम्झनाको विषय रहने छ । मेरो उच्च शिक्षा हासिल गर्नका लागि आर्थिक सहयोगका साथै उचित वातावरण प्रदान गर्न अग्रसर हुने मेरी जीवनसङ्गीनी गंगा बुढालाई सहृदय धन्यवाद व्यक्त गर्दछु । सामग्री सङ्कलनमा सहयोग पुऱ्याउनु हुने साथीहरु गीता मगर, अशोक न्यौपाने, मनोज कुमार श्रेष्ठ र मोतीराम अधिकारीका साथै सदा सुख-दुःखमा साथदिने प्रिय साथी दुर्गा कु. धिमाललाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी शुद्ध र छिटो-छरितो टङ्कन गर्ने 'जी' कम्प्युटर सेन्टरलाई पनि यथोचित धन्यवाद व्यक्त गर्दछु ।

शोधार्थी

**प्रेमबहादुर बुढा**

# विषयसूची


पृष्ठ

**परिच्छेद एक**

शोधपरिचय १-१०

१.१ शोधपत्रको शीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ समस्याकथन १

१.४ अध्ययनको उद्देश्यः ३

१.५ अध्ययनको औचित्यः ३

१.६ अध्ययन विधिः ४

१.७ पूर्वकार्यको समीक्षाः ५

१.८ अध्ययनको सीमाः ९

१.९ शोधपत्रको रूपरेखाः ९

**परिच्छेद दुई**

पाठ्यक्रम र त्यसमा कथा शिक्षणको उपयोगिता ११-२८

२.१ पाठ्यक्रमको परिचयः ११

२.२ पाठ्यक्रमको परिभाषा ११

२.३ पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्वन्धः १३

२.४ कथामा पाठ्यक्रमको उद्देश्य १४

२.४.१ सुनाइ र बोलाइ १४

२.४.२ पढाइ १५

२.४.३ लेखाइ १६

२.५ विधाको क्षेत्र र क्रम १७

२.६ विद्याको स्पष्टीकरण १९

२.६.१ लोककथा १९

२.६.२ पौराणिक कथा २०

२.६.३ ऐतिहासिक कथा २१

२.६.४ नीतिकथाः २२

२.६.५ आधुनिक कथा २२

२.७ छनोट र स्तरण २३

२.८ अङ्क विभाजन, समय विभाजन र पाठसंख्या २५

२.९ निष्कर्ष २७

**परिच्छेद तीन**

**शिक्षणीय उपयोगिताका आधारमा कथाका पाठहरूको विश्लेषण** २९-४५

३.१ कथा शिक्षणको उपयोगिता २९

३.२ भाषाशिक्षणको दृष्टिले कथाको प्रयोजन ३०

३.२.१ मूल प्रयोजनः ३०

३.२.२ गौण प्रयोजनः ३१

३.३ भाषिक सीप विकासमा कथाको उपयोगिता ३४

३.४ कथाको वर्गीकरणः ३९

३.४.१ लोककथा ३९

३.४.२ पौराणिक कथा ४०

३.४.३ ऐतिहासिक कथा ४१

३.४.४ नीतिकथाः ४१

३.४.५ आधुनिक कथाः ४२

३.५ निष्कर्ष ४३

**परिच्छेद चार**

**कथामा प्रयुक्त नमूना अभ्यासको विश्लेषण** ४६(६१

४.१ परिचय ४६

४.२ नमूना अभ्यासका प्रश्नको प्रकृति ४७

४.३ स्वरूपका आधारमा विश्लेषण ४९

४.४ सीपगत आधारमा अभ्यास ५०

४.५ व्याकरण सम्वन्धी अभ्यासः ५३

४.६ निष्कर्ष ६०

**परिच्छेद पाँच**

**कथाका पाठहरूमा प्रयुक्त शब्दभण्डारको आवृत्तिगत विश्लेषण** ६२-७१

५.१ आवृत्तिको अर्थः ६२

५.२ आवृत्तिको महत्त्व ६२

५.३ शब्दभण्डारको आवृत्तिगत विश्लेषणः ६३

५.३.१ खसीको तौल ६४

५.३.२ मनु ६५

५.३.३ उपमन्युको परीक्षा ६६

५.३.४ घरझगडा ६७

५.३.५ नुनको सोझो ६८

५.४ तुलनात्मक अध्ययन ६९

५.५ **निष्कर्ष** ७०

**परिच्छेदः छ**

निष्कर्ष र सुझाव ७२–७७

६.१ **निष्कर्ष** ७२

६.२ **सुझाव** ७५

६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ७७

**सन्दर्भसामग्री** ७८–७९

# संक्षेपसूची

| | |
|---|---|
| सु.बो.प.ले. | - सुनाइ बोलाइ पढाइ लेखाइ |
| नि.मा. | - निम्न माध्यमिक |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | - राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| नि.मा.वि. | - निम्न माध्यमिक विद्यालय |
| भवि.का | - भविष्यत काल |
| लि. | - लिङ्ग |
| आ. | - आदर |
| ना. यो | - नामयोगी |
| क्रि.यो. | - क्रियायोगी |
| पा.वि.के. | - पाठ्यक्रम विकास केन्द्र |
| ने.रा.प्र.प्र. | - नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान |
| सम्पा. | - सम्पादक |
| अप्र. | - अप्रकाशित |
| ने.भा.शि.वि. | - नेपाली भाषा शिक्षा विभाग |
| ज.शि.सा.के.लि. | - जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |

## परिच्छेद एक

# शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'निम्न माध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको शैक्षणिक उपयोगिता अध्ययन' रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. तहको पाँचौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपालीभाषा नेपालको राष्ट्रभाषा हो । यो भाषा विद्यालय तहमा अनिवार्य विषयका रूपमा पठन-पाठन हुन्छ भने उच्च माध्यमिक र क्याम्पस तहमा यसको पठन-पाठन अनिवार्य र ऐच्छिक रूपमा गरिदै आएको छ । भाषा शिक्षण गर्नु कठिन कार्य हो ।भाषाको पठन-पाठन गराउँदा त्यसका मुख्य चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । यी सीपहरूको विकास गर्नका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू (कथा, कविता, निबन्ध, रूपक, प्रवन्ध आदि) समावेश गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तकमा राखिएका यी विधाबाट विद्यार्थीहरू चारै सीपमा दक्ष होऊन भन्ने उद्देश्यले सोही अनुरूप सबै विधाहरूको समानुपातिक वितरण गरिएको हुन्छ । यी विधाहरूमध्ये सवैभन्दा लोकप्रिय, रुचिकर र चारैवटा सीपको विकास गर्नुका साथै बोध क्षमताको बृद्धि गर्न समेत सक्षम विधा कथा हो ।

कथा विधामा मानव जीवनमा घटेका महत्वपूर्ण घटनाहरूको रोचक वर्णन हुनुका साथै जीवन भोगाइका क्रममा देखापरेका महत्वपूर्ण पक्षको रमाइलो प्रस्तुति हुने भएकाले अन्य विधाहरू भन्दा बढी लोकप्रिय पनि भएको छ । कथा कथ्य भाषासँग

मात्र नभएर लेख्य भाषासँग पनि गाँसिएको पाठ्य लेख्य विधा हो । अन्य विधाहरू भन्दा कथाको सिकाइबाट सवैभन्दा सरल र सहज तरिकाले छिटो भाषिक सीप हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । कथामा सरल, रोचक प्रस्तुति हुने भएकोले साना कक्षा देखि ठूला कक्षा सम्मका विद्यार्थीहरू यसलाई बढी चाख दिएर सुन्ने र पढ्ने गर्दछन् । भाषा पाठ्यपुस्तकमा कथाका पाठहरू समावेश गर्दा सर्वप्रथम पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यलाई ध्यान दिनु पर्दछ । पाठ्यक्रमले तोकेका उद्देश्य अनुसारका विषयवस्तु समावेश गरि पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ, जसमा विषयवस्तुको छनोट र स्तरणको पनि बढी ख्याल गर्नुपर्ने हुन्छ । यसरी राखिने कथाका पाठहरू विद्यार्थीको उमेर, रुचि, क्षमता, स्तर र आवश्यकता अनुरूप हुनुपर्दछ । जसबाट उनीहरू सरल ढङ्गबाट कथाका विषयवस्तु बोध गर्न सक्छन् । कथाद्वारा विद्यार्थीहरूको भाषिक ज्ञान वृद्धि हुनुका साथै मानसिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासमा सकारात्मक प्रभाव पर्दछ । कथाको मुख्य उद्देश्य विद्यार्थीले हासिल गरेका ज्ञानलाई सिर्जनात्मक अभिव्यक्तिमा सक्षम पार्नु र आफ्नो परिवेश, वातावरणमा, चलनचल्तीमा आएका कथाहरू सुन्ने, भन्ने, पढ्ने, लेख्ने जस्ता भाषिक अभ्यासहरूमा सक्षम बनाउनु हो । त्यसो गरिएमा मात्र उनीहरूको भाषिक तथा अभिव्यक्तिगत क्षमताको विकास भई पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू हासिल गराउन मद्दत पुग्छ ।

निम्न माध्यमिक तह कक्षा ८ को ‘हाम्रो नेपाली किताबमा राखिएका कथाहरू पाठ्यक्रमको उद्देश्य पूरा गर्ने खालका छन् वा छैनन् ? भाषिक सीप विकास गर्ने खालका उद्देश्यहरू छन् कि छैनन् ? विद्यार्थीहरूको रुचि, क्षमता र स्तर अनुरूपका कथा छन् कि छैनन् ? नमूना अभ्यास मूल पाठसँग सम्बन्धित छ वा छैन ? त्यसैगरी विषयवस्तुको छनोट र स्तरण, शब्दभण्डारको पुनरावृत्ति वाक्यगठन मिलेको छ कि छैन ? जस्ता पक्षको अध्ययन गर्नु यस अध्ययनको मुख्य समस्या रहेको छ ।

## १.४ अध्ययनको उद्देश्यः

कुनै पनि अध्ययन कार्यका पछाडि एउटा उद्देश्य अनिवार्य हुने गर्दछ । प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहने छन्:

१. कथाको सैद्धान्तिक परिचय दिनु,

२. कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपताको पहिचान गर्नु,

३. कथाको शैक्षणिक प्रयोजन बताउनु,

४. कथाको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु,

५. कथामा शब्दभण्डारको आवृत्ति देखाउनु,

६. अभ्यासको प्रकृति र तिनको मूलपाठसँगको सापेक्षता अध्ययन गर्नु ।

## १.५ अध्ययनको औचित्यः

भाषा शिक्षणबाट नै भाषाको विकास निरन्तर हुँदै जान्छ । पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न पाठ्यपुस्तकमा राखिएका विधाहरू महत्वपूर्ण हुन्छन् । भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक एक अर्काका परिपूरक हुन् । भाषा पाठ्यपुस्तकमा कथा विधाको समायोजन गर्नाको मूल उद्देश्य भाषाका चारवटै सीप (सु.बो.प. र ले.) को विकास गराउनु हो । यसबाट शब्द भण्डारको वृद्धिका साथै बोध क्षमताको विकास गराउनु, नयाँ शब्द सिकाउनु, निपात, अनुकरणात्मक शब्द र उखान-टुक्काको जानकारी दिनु यसको उद्देश्य रहेको हुन्छ ।

कुनै पनि विषय पढाउनाको उद्देश्य उनीहरूलाई त्यो विषयमा दक्ष बनाउनु हो । कुन विधाबाट वा विषयबाट शिक्षार्थीहरूले के कस्ता कुराहरू सिक्न सक्छन् र त्यो सिक्नको लागि के कस्ता पाठ्यसामग्रीको आवश्यकता पर्दछ भन्ने कुरा पाठ्यक्रम निर्माताले ख्याल गर्नुपर्दछ । त्यसैले कथाहरूको छनौट गर्दा तहअनुसार र कक्षा अनुरूप कौतुहल जगाउने खालका हुनुपर्दछ । पाठ्यपुस्तकमा कस्ता कथा समावेश

गर्नुपर्दछ, कथा शिक्षणबाट बालबालिकाको साहित्यप्रति अभिरुची बढाउन र व्यक्तिको चरित्रनिमाण गर्नमा समेत मद्दत मिल्ने छ । (अधिकारी र शर्माः प्रारम्भिक नेपाली शिक्षण २०५६: ८६) कथाबाटै बालकहरूको चरित्र विकास हुने, पढ्ने बानीको विकास हुने, बौद्धिक विकासमा मद्दत पुऱ्याउने, राष्ट्रिय स्वाभिमान जगाउने, भाषिक सीपको विकासका लागि सक्षम, नैतिक, सामाजिक ऐतिहासिक ज्ञान दिने खालका कथाहरूको समावेश गरिनुपर्दछ । त्यसका साथै कथा शिक्षणको उपयोगितालाई केलाउँदा यसले भाषिक सीपको विकास गराउँदै नैतिक मूल्य र मान्यता, व्यापक राष्ट्रिय भावना, कर्तव्यपरायणता,समाज सुधार असत् पक्षमाथि सत् पक्षको विजयको सुनिश्चितता जस्ता कुराहरूको विकास गराउन कथा विधाले अहम् भूमिका खेलेको हुन्छ भन्ने कुराको जानकारी यस अध्ययनद्वारा स्पष्ट हुने अपेक्षा गरिएको छ । यस अध्ययनले थोरै भएपनि कथाबाट विद्यार्थीहरूमा सामाजिकता, नैतिकताको पहिचान गरी बालबालिकाको भाषिक सीपको विकास गर्ने तथा जीवनोपयोगी शब्द, सरल वाक्यगठनका साथै व्याकरणको धारणा विकास गर्न सुझ दिने छ भन्ने अध्ययनकर्ताले विश्वास गरेको छ ।

## १.६ अध्ययन विधिः

प्रस्तुत शोध अध्ययन तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित कक्षा ८ को कथामा केन्द्रित छ । यस अध्ययनको प्रकृतिलाई हेरी अध्ययनका विविध विधिहरूमध्ये पुस्तकालय अध्ययन गरी सामग्री सङ्कलन गरी कथाको अध्ययन विश्लेषणात्मक पद्धतिबाट गरिएको छ । गुरुवर्ग र अग्रजहरूको सुझाव, सल्लाहलाई गौण सामग्रीको रूपमा स्वीकार गरिएको छ । जसका लागि निम्न लिखित विधिहरू अपनाइएको छ ।

**(क) पुस्तकालयीय विधिः** कथाको सैद्धान्तिक पक्षको अध्ययन गर्न विगतमा भए गरेका खोज अनुसन्धान सम्बन्धी पुस्तकहरू, विभिन्न लेख, रचना, पत्र-पत्रिकाबाट आधार लिई यो विधि अपनाइएको छ ।

**(ख) वर्णनात्मक विधिः** सैद्धान्तिक आधारहरू तयार पारिसकेपछि सबै पाठहरूको विश्लेषणमा वर्णनात्मक पद्धति अपनाइएको छ ।

**(ग) विश्लेषणात्मक विधिः** पाठ्यपुस्तकमा प्रयुक्त कथामा पाठ्यक्रम अनुरूपता कथाको संरचना, भाषिक पक्ष, छनोट र स्तरण, नमूना अभ्यास र मूल पाठवीच तालमेल, शब्दभण्डारमा आवृत्तिको अध्ययनका लागि विश्लेषणात्मक विधि अपनाइएको छ ।

**१.७ पूर्वकार्यको समीक्षाः**

कुनै पनि कार्यको थालनी गर्नुभन्दा पूर्व त्यस सम्बन्धी भए गरेका कार्यहरूको अध्ययन गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । यहाँ निम्न माध्यमिक तहका कथाहरूको अध्ययन विश्लेषण गर्नुपर्ने भएकोले, त्यस सम्बन्धी भएका पूर्वकार्यको बारेमा जानकारीदिनु आवश्यक देखिन्छ । कथा भाषा शिक्षणमा सवभन्दा महत्वपूर्ण विधा हो । यसबाट भाषाका चारै वटा सीपको विकास गराउन सकिन्छ । कथा विद्यार्थीहरूलाई सुन्न, भन्न, पढ्न र लेख्न मन लाग्ने विधा हो । त्यसबाट उनीहरूले नयाँ-नयाँ शब्दहरू सिक्नुका साथै पठनबोध, वाक्यगठन, अनुकरणात्मक शब्दको ज्ञान, उखान टुक्काको प्रयोग गर्न सक्ने क्षमताको विकास हुन्छ । कथाका सम्बन्धमा विभिन्न लेखक तथा समीक्षकहरूले चर्चा गरे पनि नि.मा. पाठ्यपुस्तकमा राखिएका कथाहरूको शैक्षणिक उपयोगितासम्वन्धी अध्ययन-विश्लेषण आंशिक रूपमा मात्र गरिएको छ । अझ कथा शिक्षणले भाषिक सीप सिकाइमा कस्तो योगदान वा सहयोग गर्दछ र कुन भाषिक सीप विकासका लागि कथा किन उपयोगी छ ? त्यसका अलावा अन्य कुन-कुन पक्षमा कथा शिक्षणले सहयोग गर्दछ भन्ने बारेमा अध्ययन विश्लेषण थोरै मात्र भएको पाइन्छ ।

हालसम्म कथा विधासम्वन्धी गरिएका अध्ययन विश्लेषणहरू मुख्यतया दुई किसिमका छन् । केही विश्लेषकहरूले कथालाई साहित्य शिक्षणका रूपमा हेरेका छन् । जसबाट कथाको सिद्धान्त तथा विषयवस्तुगत संरचनाको मात्र ज्ञान हुन्छ । अन्य केही विश्लेषक तथा शोधकर्ताहरूले भाषा सिकाइका दृष्टिले कथा विधाको उपयुक्ततालाई

औल्याएका छन् । जसबाट भाषा पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, रुचि, आवश्यकता आदिको ख्याल गरी तद्अनुरूपका कथाको छनोट र स्तरका लागि सुझाव समेत दिइएको छ ।

नेपालमा पनि विस्तारै भाषा शिक्षणका सामग्रीहरूको अध्ययन विश्लेषण हुन थालेको छ । यसै क्रममा त्रि.वि.वि.शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा (२०४४) सालमा नेपाली भाषाका प्राथमिक र माध्यमिक पाठ्यक्रम र पाठ्यपुस्तकको पनि विश्लेषण गरिएको छ । उक्त अध्ययन विश्लेषणमा पनि कथाको समस्याबारे विवेचना गरिएको छ । जसमा कथाले भाषिक सीपमा उपयुक्त सहयोग पुऱ्याउन नसकेको र कथाहरू कक्षाको स्तरअनुकूल नभएको संकेत गरेको छ ।

डिल्लीराम रिमाल (२०५३) द्वारा लिखित 'नेपाली शिक्षण' मा कथा शिक्षणको उद्देश्यका बारेमा चर्चा गरिएको छ । यसमा कथा शिक्षणले कुन-कुन पक्षको विकास गराउन सकिन्छ भन्ने कुराको उल्लेख गरेको पाइन्छ ।

हेमाङ्गराज अधिकारी र केदार शर्माद्वारा लिखित 'प्रारम्भिक नेपाली शिक्षण' (२०५६) मा कथा सम्बन्धी चर्चा गरिएको छ । यसमा कथा शिक्षणका माध्यमबाट बालबालिकाहरूमा शब्दभण्डारको विकास गर्ने र भाषिक संरचना बुझ्ने क्षमताको विकासका साथै कल्पना शक्तिको विकास गर्न सकिने कुराको उल्लेख गरिएको छ । त्यसैगरी कथा सुनेर वा पढेर तिनका खास पात्र वा घटनाहरू परिवर्तन गरी त्यस्तै किसिमका ढाँचामा अर्को कथा बनाइ लिखित रूपमा प्रस्तुत गर्न लगाइ विद्यार्थीहरूमा सृजनात्मकतातर्फ प्रेरित गर्न सकिन्छ भन्ने कुराको उल्लेख गरिएको छ ।

हाल आएर केही पाठ्यपुस्तकहरूमा कथा विधाको अध्ययन हुन थालेको छ । डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०५७) मा कथा शिक्षणको औचित्य, भाषा तत्वको विकासमा कथाको उपयोगिताका बारेमा चर्चा गरिएको छ ।

यादवप्रकाश लामिछानेद्वारा लिखित 'नेपाली भाषा शिक्षण परिचय' (२०५७) नामक पुस्तकमा भाषा पाठ्यक्रमको सामान्य रूपमा विश्लेषण गरिएको छ । उक्त पुस्तकमा कथा शिक्षण मुख्य शीर्षक दिएर कथा शिक्षणको प्रयोजन, कथा शिक्षणका विधि र कथा शिक्षणको कार्यकलापबारे चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा विधा मानव जीवन र जगतसँग सम्बन्धित रहनुका साथै कथाको प्रयोजन भाषिकसीप विकास, बोध, तर्क तथा सृजनात्मक शक्तिको विकास गराउनका अतिरिक्त कल्पना शक्ति बढाउन, चारित्रिक विकास गराउनका साथै सरल, सरस र परिष्कृत भाषिक शक्तिको विकास गराउने हो भनिएको छ ।

'कक्षा ८, ९ र १० को महेन्द्रमालामा समावेश गरिएका लोक कथाहरूको प्रभावसम्वन्धी अध्ययन' २०४९ नामक शोधपत्र द्रौपती थापाद्वारा तयार गरिएको शोधपत्र हो । यस शोधपत्रमा लोक कथाहरूले केही हदसम्म भएपनि नेपाली भाषा शिक्षणको उद्देश्यलाई सघाउ पुऱ्याएको कुरा उल्लेख छ । जसमा मा.वि. तहमा भाषा शिक्षणको वृहत उद्देश्य पूरा गर्न सके नसकेको तथ्य पत्ता लगाउनुका साथै कथाहरू स्तर अनुरूप भए नभएको हेर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

शोधार्थी टीकादत्त पोखरेलद्वारा (२०५५) सालमा तयार पारिएको 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन' नामक शोधपत्रमा माध्यमिक तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा दिइएका कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउनु, कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु, मूलपाठको प्रयोजन अनुसार अभ्यासको विश्लेषण, छनोट र स्तरणका आधारमा कथाको समीक्षा गर्नुकासाथै मा.वि. तहमा उपयुक्त हुने कथाहरू समावेश गर्न सुझावदिनु जस्ता उद्देश्यहरू राखेर अध्ययन गरेको पाइन्छ । उक्त उद्देश्यहरू पूरा गर्न अध्ययनको सीमाहरूमा कथाको संरचना, वाक्यगठन, व्याकरण, पाठको प्रयोजन अनुसार अभ्यासको विश्लेषण, भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजन साथै छनौट र स्तरणका आधारमा कथाको समीक्षा भनि सीमित गरिएको छ । उक्त अध्ययनबाट निम्न लिखित निष्कर्ष तथा सुझावहरू निकालिएको छ ।

पाठ्यक्रम अनुसार विषयवस्तु चयन नभएको, कथाको संख्याका आधारमा समय विभाजन नमिलेको, कतिपय कथा अत्याधिक लामा र कतिपय धेरै छोटा भएका, संरचना पक्षलाई जोड नदिइएको, कथामा प्रयुक्त अधिकांश शब्दहरू धेरैठाउँमा दोहोरिएको, कतिपय शब्दहरूको समानार्थी शब्द नदिइएको, स्तरसुहाउँदा नभएको, निम्न स्तरका बहुवैकल्पिक प्रश्नहरू समावेश गरिएका, व्याकरण शिक्षणमा पनि एउटा पाठमा एकै किसिमका शीर्षकहरू नभएको, अभ्यासका लागि दिइएका प्रश्नहरूको विषयवस्तुलाई समेट्न नसकेको, शब्दार्थ अघि राख्नुपर्ने पाठको पछाडि राखेको र प्रयोग र सृजनात्मक पक्षलाई जोड नदिइएको जस्ता निष्कर्षहरू निकालिएको पाइन्छ ।

त्यसैगरी भानुभक्त रेग्मीद्वारा लिखित 'शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषण' २०५६ नामक शोधपत्रमा शैक्षणिक प्रयोजनका दृष्टिले कथाको विश्लेषण गरिएको छ । जसमा कथा विधाका लागि छुट्टाइएको अंकभारको कमी, नीतिमूलक कथाको अभाव, भाषिक संरचना, शब्दभण्डार सम्वन्धी छनोट र स्तरण नमिलेको, व्याकरण अभ्यासको क्रम नमिलेको, उखान, टुक्काको प्रयोगमा कमी जस्ता निष्कर्ष निकालेको पाइन्छ । यसका साथै कथाद्वारा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मा कथाको महत्वपूर्ण भूमिका हुने कुराको उल्लेख गरिएको छ ।

त्यसैगरी शोधार्थी दुर्गा खनालको 'कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन' २०५९ नामक शोधपत्रमा उक्त पाठ्यपुस्तकमा रहेका कथाको सीपगत, अभ्यासगत, शब्दभण्डार, शब्दको बनोट, शब्दको स्रोत, शब्दवर्ग, संरचना सम्बन्धी वर्गीकरण तथा तुलना गर्नु र कमीकमजोरी औल्याई उपयुक्त कथा संयोजन गर्न आवश्यक सुझाव दिइएको पाइन्छ ।

यसरी कथाका बारेमा धेर-थोर अध्ययन भएपनि प्रस्तुत कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको शैक्षणिक उपयोगिता सम्वन्धी

अध्ययन कोही कसैबाट भएको देखिदैन । त्यसैले उक्त शीर्षकमा अध्ययन-अनुसन्धान गर्ने चासो लिइएको हो ।

### १.८ अध्ययनको सीमाः

प्रस्तुत शोधपत्रको अध्ययन श्री ५ को सरकार (हाल नेपाल सरकार) शिक्षा मन्त्रालय पाठ्यक्रम पाठ्यपुस्तक विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित निम्नमाध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताब (२०६२) मा मात्र सीमित रहने छ ।

(क) यो अध्ययन निम्न माध्यमिक तहको कक्षा ८ को पाठ्यपुस्तक भित्रका कथा विधामा मात्र सीमित रहने छ ।

(ख) विश्लेषण गर्दा पाठ्यक्रम अनुरूपता र शिक्षणीय उपयोगिताका हिसावले मात्र गरिएको छ ।

(ग) कथाका मूल अंश र नमूना अभ्यासहरूको विश्लेषणमा सीमित छ ।

(घ) अध्ययन निष्कर्षहरू कथाको विश्लेषणमामात्र सीमित छन् ।

### १.९ शोधपत्रको रूपरेखाः

प्रस्तुत निम्न माध्यमिक तह कक्षा ८ को 'हाम्रो नेपाली किताव' मा प्रयुक्त कथाका पाठहरूको शैक्षणिक उपयोगिता अध्ययन' शीर्षक शोधपत्रलाई जम्मा छ परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ ।

परिच्छेद एकः शोधपत्रको शीर्षक, शोधपत्रको प्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको प्रक्रिया, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा समावेश गरिएको छ ।

परिच्छेद - दुई

पाठ्यक्रम र त्यसमा कथा शिक्षणको उपयोगिता, पाठ्यक्रमको परिचय, परिभाषा, सम्वन्ध, उद्देश्य, विधाको क्षेत्र र क्रम, विधाको स्पष्टीकरण, छनोट र स्तरण, अङ्क, समय विभाजन र पाठसंख्या उल्लेख गरिएको छ ।

परिच्छेद - तीन

शिक्षणीय उपयोगिताका आधारमा कथाका पाठहरूको विश्लेषण, कथा शिक्षणको महत्व, प्रयोजन, भाषिक सीप विकासमा कथाको उपयोगिता, कथाको वर्गीकरण गरिएको छ ।

परिच्छेद - चार

कथाका पाठमा प्रयक्त नमूना अभ्यासको विश्लेषण, नमूना अभ्यासको परिचय, प्रश्नको प्रकृति, स्वरूप, सीपगत आधारमा अभ्यास, व्याकरणसम्वन्धी अभ्यास समावेश गरिएको छ ।

परिच्छेद - पाँच

कथाका पाठमा प्रयुक्त शब्दभण्डारको आवृत्तिगत विश्लेषण, आवृत्तिको अर्थ, महत्व, विश्लेषण गरिएको छ ।

परिच्छेद - छ

निष्कर्ष तथा सुझाव दिइएको छ ।

## परिच्छेद दुई

# पाठ्यक्रम र त्यसमा कथा शिक्षणको उपयोगिता

### २.१ पाठ्यक्रमको परिचयः

पाठ्यक्रम अंग्रेजी शब्द 'Curriculum' को नेपाली रूपान्तर हो । यस शब्दको उद्‌गम ल्याटिन भाषाको 'currere' शब्दबाट भएको हो । त्यसको अर्थ हो दौडको मैदान । शिक्षाको उद्देश्य निर्धारण भइसकेपछि त्यहाँसम्म पुग्न विभिन्न शैक्षणिक क्रियाकलापको अनुसरण गरिन्छ त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । शाब्दिक अर्थमा पाठ्यक्रमलाई निर्धारित उद्देश्यसम्म पुऱ्याउने धावनमार्गको रूपमा लिइन्छ । पाठ्यक्रमले विद्यालयको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्दछ । विद्यार्थीहरूमा आवश्यकताअनुरूप व्यवहारिक परिवर्तनहरू ल्याउनका लागि, सिकाइ अनुभवहरू एकत्रित गर्न र त्यसको शिक्षणबाट विद्यार्थीहरूमा आएका परिवर्तनहरूको अङ्कन, लेखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिने योजना नै पाठ्यक्रम हो । (ज.ब.रा. र अन्य: २०५९: २)

पाठ्यक्रममा विद्यार्थीहरूको व्यक्तित्वको चौतर्फी विकास गर्न गरिने सम्पूर्ण क्रियाकलापहरूमा समावेश गरिएको हुन्छ । पाठ्यक्रममा विद्यार्थीले कुनै तह पूरा गरेपछि पूरा गर्नुपर्ने उद्देश्यहरू, त्यसका निम्ति आवश्यक शैक्षिक सामग्रीहरू शिक्षणसिकाइ क्रियाकलाप र मूल्याङ्कन एउटा चक्र जस्तै घुमिरहन्छन् । यसरी विद्यार्थीहरूका रुची र आवश्यकतालाई ध्यानमा राखी उनीहरूको चौतर्फी विकास गर्ने सन्दर्भमा आवश्यक सूझ प्रदान गर्ने मार्गदर्शकका रूपमा पाठ्यक्रमलाई लिइन्छ ( ढुङ्गेल, दाहाल ०५८ पृष्ठ १)।

### २.२ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रमका सम्वन्धमा विभिन्न विद्वान, शिक्षाविद, संस्थाहरू र आयोगहरूले विभिन्न किसिमका दृष्टिकोणहरू अघि सारेका छन् । कुनैपनि विषयका बारेमा दिइएको

परिभाषा ठ्याकै र दुरुस्तै एउटै किसिमको हुँदैन । समय र परिस्थितिअनुसार त्यसको स्वरूपमा परिवर्तन भैरहन्छ । त्यसैले यहाँ पाठ्यक्रम सम्वन्धी केही परिभाषाहरू यसप्रकार रहेका छन्-

“विद्यालयको भित्री अथवा बाहिरी अवस्थामा अपेक्षित उपलब्धि प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ ।” - सेलर एण्ड अलेक्जेन्डर

“पाठ्यक्रममा सिक्ने व्यक्तिको मानसिक, शारीरिक, सामाजिक, आध्यात्मिक तथा नैतिक विकासमा सहायता हुने विद्यालयभित्र र बाहिरका समस्त अनुभवहरू एक कार्यक्रम अन्तर्गत समावेश हुन्छन् ।” - क्रो एण्ड क्रो

“शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन् ।” - रा.शि.प.यो. २०२८

“शिक्षाका उद्देश्यहरूको प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशनअनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भन्दछन् ।” - युनेस्को

शिक्षाको शब्दकोश (Dictionary of Education) - मा पाठ्यक्रमको परिभाषा यसप्रकार दिइएको छ - पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत, मूल्याङ्कनका साधन आदि बोध हुन्छ जो विद्यालयभित्र तथा बाहिर, कक्षाकोठा, शिक्षण तथा सम्बन्धित कार्यक्रमहरूद्वारा पूरा गर्न योजनाबद्ध गरिएको हुन्छ ।”(बिष्टः २०४९: ६३)

यी उपर्युक्त परिभाषाहरूलाई विश्लेषण गरी हेर्ने हो भने सामान्य रूपमा पाठ्यक्रमलाई शैक्षिक अनुभवहरूको एक प्रमुख अङ्गको रूपमा लिन सकिन्छ । पठन-पाठनयोग्य शैक्षिक सामग्रीहरू तथा क्रियाकलापहरूको सुव्यवस्थित रूप नै पाठ्यक्रम हो । यस अन्तर्गत शिक्षाको तहगत उद्देश्य र विषयगत उद्देश्यहरूका साथै कक्षागत उद्देश्यहरू पनि समावेश गरिएका हुन्छन् ।

## २.३ पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्वन्धः

पाठ्यक्रमलाई सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना भन्न सकिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्वन्ध नङ र मासु जस्तो हुन्छ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्था, विषयवस्तुको क्षेत्र र क्रम आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्यपूर्ति गर्न चाहिने सामग्री वा साधनहरूमध्ये महत्वपूर्ण साधन पाठ्यपुस्तक हो । त्यसैले पाठ्यक्रमको लक्ष्यअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने, कसरी सिकाउने आदि कुराको उत्तर दिन्छ भने पाठ्यक्रमले तोकेका के-के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन तथा प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ । यसरी यी दुईका बीचमा अटुट सम्वन्ध भएकाले एक-अर्कालाई अलग्याएर अर्थ्याउन सक्दैनौं । यी दुईका वीचमा तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तरमा नकारात्मक प्रभाव पर्छ । (ढुंगेल र दाहाल, २०५८: ६१)

पाठ्यक्रमले निर्देशित गरेका उद्देश्य, विषयवस्तु वा पाठ्यवस्तु, सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाका साथै व्यवस्थित गरिएका अन्य विविध कुराहरुको सीमाभित्र बाँधिएर उपयुक्त एवम् स्तरयुक्त पाठ्यसामग्रीहरुलाई सङ्गठित एवम् व्यवस्थित हुन गरी निर्धारण, क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यहरु प्रस्तुत गर्ने सबभन्दा भरपर्दो र आधिकारिक शैक्षिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । (शर्मा र पौडेल: २०६०: ३५३)

निम्न माध्यामिक तहको अनिवार्य नेपाली पाठ्यक्रमका आधारमा नै कक्षा ८ को 'हाम्रो नेपाली किताब' तयार भएको छ । पाठ्यक्रममा उल्लेख भएका सवै कुरा पाठ्यपुस्तकमा समावेश नभएका कारण यी दुई बीचमा पूर्णरूपमा संगति मिलेको देखिदैन । पाठ्यक्रमले तोके अनुरूपका क्षेत्रलाई समेट्ने खालका कथा समावेश छन् भने छनोट र स्तरणमा केही फितलोपन देखापरेको छ । तर समग्रमा हेर्दा पाठ्यक्रम अनुरूपका उद्देश्यलाई समेट्ने गरी पाठ्यपुस्तक तयार भएको पाइन्छ ।

## २.४ कथामा पाठ्यक्रमको उद्देश्य

पाठ्यक्रमको महत्वपूर्ण अङ्गको रूपमा उद्देश्यलाई लिइन्छ । उद्देश्य भन्नाले कुनै पनि कार्य के-कति र कसरी गर्ने भन्ने कुराको सोच हो । कुनै पनि कक्षामा हचुवाको भरमा शिक्षण सिकाइ गरेर पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न सकिदैन । तसर्थ कुन कक्षामा के कसरी र कति सिकाउने भनेर पाठ्यक्रमको उद्देश्य निर्माण गरिन्छ । त्यहि उद्देश्य अनुसार पाठ्यक्रम निर्माण गरिन्छ । तिनै उद्देश्यलाई हासिल गर्नका लागि पाठ्यक्रममा निर्धारण गरिएका विषयवस्तुहरूको आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रममा समाविष्ट हुने उद्देश्यहरू पाठ्यांशगत वा अनुच्छेदगत, पाठगत, सीपगत, विधागत, विषयगत, कक्षागत स्तर वा तहगत र राष्ट्रिय उद्देश्यको श्रेणीबद्ध क्रममा राखिएको पाइन्छ ।

भाषा पाठ्यक्रम निर्माण गर्दा भाषाका चारवटै सीप (सु.बो.प.ले.) हासिल हुनेगरी पाठ्यविषयहरू राखिएका हुन्छन् । हरेक विषयवस्तुको प्रकृति फरक-फरक हुन सक्छ । त्यसैले कुनै विषयवस्तुले सुनाइ सीपको विकासमा सहयोग गर्छ भने कुनैले बोलाइको । कुनै विषयवस्तु विद्यार्थीको पढाइ र लेखाइ सीपको विकास गराउन बढी उपयोगी हुन्छ । नेपाली भाषा शिक्षणको उद्देश्य भाषिक क्षमता वृद्धि गर्नुका साथै बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु हो । मूलतः यिनै उद्देश्यहरूमा केन्द्रित रही नि.मा.वि. तहको अनिवार्य नेपाली पाठ्यक्रम तयार गरिएको छ । सोही अनुसार उद्देश्यहरू पनि निर्धारण गरिएका छन् । अतः पाठ्यक्रममा उल्लेखित कक्षा ८ का भाषिक सीप (सु.बो.प.ले.) हासिल गराउने उद्देश्यहरूको यहाँ चर्चा गर्नु बढी सान्दर्भिक ठहरिन्छ ।

### २.४.१ सुनाइ र बोलाइ

कथा विधासँग सम्बन्धित सुनाइ र बोलाइ सीपका उद्देश्यहरू निम्न प्रकारका छन् ।

१. उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न ।

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३. अरूले वर्णन गरेका कुराहरू बुझी आफ्ना शब्दहरूमा व्यक्त गर्न ।

४. आफूले देखे-सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न ।

५. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनीहरूका बारेमा मुख्य-मुख्य कुराहरू भन्न ।

सुनाइ र बोलाइ सीप अन्तर्गत जम्मा ९ वटा उद्देश्यहरू राखिएका छन् । ती मध्ये ५ वटा उद्देश्यहरू कथासँग सम्बन्धित छन् । त्यसैले पाठ्यपुस्तकमा सङ्कलित कथाहरूलाई उद्देश्य अनुरूप नै भएको मानिन्छ ।

**२.४.२ पढाइ**

पढाइ सीपअन्तर्गतका उद्देश्यहरू निम्न प्रकारका छन्-

१. लिखित सामग्रीलाई गति, यति मिलाइ शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।

२. पाठहरू पढी तिनका मुख्य-मुख्य कुराहरू बुझेर बताउन ।

३. विभिन्न उद्देश्यले लिखित सामग्रीको मौनवाचन गर्न ।

४. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन ।

५. विभिन्न प्रयोजनको लागि कथा/जीवनी/प्रवन्ध/निबन्ध आदि पढ्न ।

६. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न

७. उखानटुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न ।

८. विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न ।

पढाइ सीप हासिल गराउन जम्मा ९ वटा उद्देश्यहरू पाठ्यक्रममा राखिएका छन् । ती मध्ये पढाइ सीपका ८ वटा उद्देश्यहरू कथा शिक्षणबाट हासिल हुन्छन् ।

तसर्थ उद्देश्यका दृष्टिले पाठ्यपुस्तकमा समावेश भएका कथाहरू उद्देश्यमूलक मान्नुपर्छ ।

**२.४.३ लेखाइ**

लेखाइ सीपका उद्देश्यहरू निम्नप्रकारका छन्-

१. हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न ।

२. विभिन्न चिन्हको उपयुक्त ढङ्गले प्रयोग गर्न ।

३. आफूले देखे, सुनेका र पढेका बस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न ।

४. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

५. सुनेका र पढेका विषयवस्तुहरूको सारांश लेख्न ।

६. पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्न ।

७. आफ्ना रुचीअनुसारका विषयमा मैलिक रचना गर्न ।

८. व्याकरणका आधारभूत तत्वहरू बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

लेखाइ सीपका लागि जम्मा १० वटा उद्देश्यहरू राखिएका छन् । ती मध्ये ८ वटा उद्देश्यहरू कथा शिक्षणसँग सम्बन्धित छन् । माथि प्रस्तुत नं. १ देखि ७ सम्मका उद्देश्यहरूमा अन्य विधाले पनि मद्दत पुऱ्याउन सक्छ तर नं. ८ को उद्देश्य पूरा गराउन कथामा प्रशस्त उखान-टुक्काको समावेश हुनु पर्दथ्यो तर सो को प्रयोग निकै कम देखिन्छ । जसले लेखाइ सीपको उद्देश्य हासिल गर्न पाठ्यपुस्तक त्यति सक्षम देखिदैन । (स्रोत: नि.मा. नेपाली पाठ्यक्रम २०५८)

कक्षा ८ को नेपाली पाठ्यक्रममा राखिएका सीपगत उद्देश्यहरूमध्ये कथा शिक्षणबाट पूरा हुन सक्ने उद्देश्यहरूलाई तालिकाद्वारा निम्न प्रकारले स्पष्ट पार्न सकिन्छः

तालिका नं. १

कथाले समेट्ने सीपगत उद्देश्यहरू

| क.सं. | भाषिक सीप | निर्धारित उद्देश्य | कथासँग सम्बन्धित उद्देश्य | प्रतिशत % |
|---|---|---|---|---|
| १ | सुनाइ र बोलाइ | ९ | ५ | ५५.५५% |
| २ | पढाइ | ९ | ८ | ८८.८९% |
| ३ | लेखाइ | १० | ८ | ८०% |
| ४ | कूल जम्मा | २८ | २१ | ७५% |

माथिको तालिका नं. १ द्वारा प्रष्ट हुन्छ कि कक्षा ८ मा राखिएका भाषिक सीप हासिल गराउने उद्देश्यहरूमध्ये कथाको शिक्षणबाट मात्रै सुनाइ र बोलाइका ५५.५५%, पढाइका ८८.८९%, र लेखाइका ८०% उद्देश्यहरू पूरा हुने देखिन्छ। त्यसैगरी सम्पूर्ण सीपगत उद्देश्यहरूको ७५% उद्देश्यहरू कथाले समेट्न सक्ने देखिन्छ । तसर्थ पाठ्यक्रममा कथा विधाको अत्यन्त महत्व रहेको छ भन्ने कुरा नकार्न सकिंदैन।

## २.५ विधाको क्षेत्र र क्रम

क्षेत्र भन्नाले विधाले आगेटेको स्थान बुझिन्छ अथवा विधामा समावेश गरिने पाठहरू कुन-कुन स्रोत वा विषयसँग सम्बन्धित भन्ने बुझिन्छ । क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ। कथा विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका कथाहरू पाठ्यपुस्तकमा राखियो भने पाठ्यक्रमको उद्देश्यपूर्ति हुन सक्दैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तुहरू सङ्कलन गर्नुपर्छ यो नै असल पाठ्यक्रमको विशेषता मानिन्छ। सङ्कलित विषयवस्तुलाई पाठ्यपुस्तकमा राख्दा सरलबाट जटिलको क्रम अपनाउनु राम्रो हुन्छ । पाठ्यपुस्तक निर्माण गरेर मात्र हुँदैन पाठ्यक्रमले निर्देश गरेका पाठहरूलाई क्रमानुसार राखेको छ, छैन त्यसमा विशेष ध्यान दिनुपर्छ। कक्षा ८ को हाम्रो नेपाली

किताबमा समावेश गरिएका कथाहरू विविध क्षेत्रबाट लिएपनि पाठ्यक्रमअनुसार समावेश गरिएको छैन ।

पाठ्यक्रमले निर्देश दिएअनुसार लोककथा, नीतिकथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिककथा पाठ्यपुस्तकमा समावेश गरिएको छ । तर क्रमिकतालाई ध्यान दिंदा पाठ्यक्रमले निर्देश गरेअनुसार मिलेको छैन । पाठ्यक्रमले लोककथा- नीतिकथा - पौराणिक कथा - ऐतिहासिक कथा र अन्त्यमा आधुनिक कथालाई राख्ने क्रम निर्धारण गरेको पाइन्छ भने पाठ्यपुस्तकमा लोककथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा, नीति कथालाई राखेको छ । अतः पाठ्यक्रमअनुसार कथाका पाठहरू पाठ्यपुस्तकमा रखाइक्रम मिलेको छैन । तसर्थ पाठ्यक्रम अनुरूपता त्यति मिल्दो छैन । (स्रोतः नि.मा. पाठ्यक्रम २०५८)

अतः विधाको क्षेत्र र क्रमको सापेक्षताका दृष्टिले पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूलाई तालिकामा निम्न प्रकारले देखाउन सकिन्छ-

तालिका नं. २

विधाको क्षेत्र र क्रमका सापेक्षतामा पाठ्यपुस्तकमा कथाको प्रविष्टि

| कक्षा | क्र.सं. | कथा शीर्षक | क्षेत्र र क्रम | क्षेत्र अनुरूप छ/छैन | क्रम अनुरूप छ/छैन |
|---|---|---|---|---|---|
| ८ | १ | खसीको तौल | लोककथा | छ | छ |
| | २ | मनु | आधुनिक कथा | छ | छैन |
| | ३ | उपमन्युको परीक्षा | पौराणिक कथा | छ | छ |
| | ४ | घरझगडा | ऐतिहासिक कथा | छ | छ |
| | ५ | नुनको सोझो | नीतिकथा | छ | छैन |

कक्षा ८ को लागि पाठ्यक्रमले लोक कथा पौराणिक/ऐतिहासिक कथा, नीतिकथा र आधुनिक कथा समावेश गरेको छ तर पाठ्यपुस्तकमा उपर्युक्त सबैखाले

विषयवस्तु भएका कथा समावेश हुनका साथै ऐतिहासिक वा पौराणिक मध्ये १ वटा कथा समावेश गर्नुपर्नेमा ऐतिहासिक र पौराणिक दुवै कथा समावेश गरिएको छ । त्यसैगरी पाठ्यक्रममा कथाको क्रम लोककथा, नीतिकथा, पौराणिक/ऐतिहासिक कथा, आधुनिक कथा भनी उल्लेख गरिएको छ तर पाठ्यपुस्तकमा लोककथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा र नीति कथा राखिएको छ । जुन क्षेत्र र क्रममा उल्लेख छैन । तसर्थ क्षेत्रका हिसावले केही मिल्दो भएपनि क्रमका हिसावले पाठ्यक्रम र पाठ्यपुस्तकबीच पूर्णरूपमा संगति मिलेको देखिदैन ।

## २.६ विद्याको स्पष्टीकरण

साहित्यका विभिन्न विधामध्ये कथा पनि एक प्रमुख विद्या मानिन्छ । कथामा मानव जीवनका हर्ष, विस्मात, दुःख, सुख, पीडा, हाँसो, आँसु, आवेग, संवेग आदि पक्षहरू समेटिएका हुन्छन् । तसर्थ कथाको क्षेत्र व्यापक र विस्तृत छ । त्यसैले सवै क्षेत्रलाई पाठ्यक्रममा एकैचोटी समावेश गर्न सकिदैन । विद्यार्थीको रुचि, दक्षता, उमेर आदिको ख्याल गरी कथाको निश्चित क्षेत्र मात्र समावेश गरिन्छ । कथा विधाका लागि पाठ्यक्रममा विषयवस्तुको निश्चित परिधि वा सीमा तोकिन्छ त्यसैलाई विधाको स्पष्टीकरण भनिन्छ ।

निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रममा कथा विधा समावेश गरिएको छ जसमा कथा विधाको स्पष्टीकरण गरिएको छ । यस अन्तर्गत लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा, आधुनिक कथा र नीति कथाहरू समावेश गरिएको छ । यिनको संक्षिप्त परिचय यस प्रकारको छ ।

### २.६.१ लोककथा

लोककथा लोकसाहित्यको श्रव्य रूपमा आख्यानात्मक विद्या हो । यस विद्याले श्रुतिमधुर कथाद्वारा लोक साहित्यमा आफ्नो छुट्टै महत्व राखेको छ । काम काजबाट फूर्सद पाएपछि साँझकोबेला वा जुनेली रातमा आँगन, पिँढी आदिमा बसेर बसिबियाँलो गर्न कथा भन्ने सुन्ने चलन लोक जीवनमा प्रशस्त छ । यसरी

परापूर्वकालदेखि मौखिक रूपमा गाउँ बस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रदान कथाकुथुङ्ग्रीको बटुलो नै लोक कथा हो । (पराजुली: २०५७: ४५) ।

नेपाली वृहत शब्दकोशमा लोककथालाई 'परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलि आएको कथा वा दन्त्य कथा भनि अर्थ्याएको पाइन्छ ।' (पोखरेल, दाहाल र अन्य: २०४०: ११८८) अत: लिखित एवं प्रमाणिक स्रोत नपाइएको, एकादेशमा भन्दै पिता पुर्खाका मुखबाट क्रमश: आफ्ना सन्ततिहरूमा सर्दै आएको विविध विषय नै लोक कथा हुन् भन्न सकिन्छ । लोककथाले देश, काल, परिस्थितिको समुचित प्रतिबिम्बन गरी राष्ट्रिय सांस्कृतिक झाँकी प्रस्तुत गर्न सक्नु यसको अभिष्ट हो । पाठ्यपुस्तकमा लोककथाको उचित प्रयोग यस कारणले पनि आवश्यक छ कि गाउँघरमा परम्परागत रूपले प्रचलित लिखित वा मौखिक रोचक र ज्ञानवर्धक लोककथाले भाषिक सीपका अतिरिक्त कल्पनाशक्तिको विकास गरेको पाइन्छ ।

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा यस शीर्षक अन्तर्गत एउटा मात्र 'खसीको तौल' पाठ लोक कथाको पाठ हो । यो गाउँघरमा प्रचलित, रोचक र ज्ञानबर्द्धक विषयवस्तुसँग सम्बन्धित लोक कथा हो । यसले नेपाली परिवेशको झल्को दिनुका साथै बौद्धिक पक्षको उजागर गरेको देखिन्छ । यो भाषिक सीपको विकासका लागि समेत उपयुक्त देखिन्छ । त्यसैले यो लोककथा कथा विद्याको स्पष्टीकरण मा पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

### २.६.२ पौराणिक कथा

नेपाली वृहत शब्दकोशका अनुसार पुराणमा भएको, पुराणसम्बन्धी कथा नै पौराणिक कथा हो । (पोखरेल, दाहाल र अन्य २०४०:८५९), कुनै पनि मुलुकमा आफ्ना प्रमुख धार्मिक ग्रन्थका खास विषयवस्तुसँग आधारित प्राचीन परम्पराको गद्याख्यान नै पौराणिक कथा हो । पौराणिक कथामा अतीतका वा पुराणमा वर्णित कुनै घटना वा पात्रको चित्रण रहन्छ । हाम्रो धर्म संस्कृति र गौरवमय परम्परा अनुसार वेद, पुराण, उपनिषद्, महाभारत, रामायण जस्ता ग्रन्थमा उल्लेख भएका लोककल्याणकारी,

साहसिक र नैतिक शिक्षाप्रद धार्मिक विषयवस्तुयुक्त तात्कालिन रीत र परम्पराको चित्रण भएका पौराणिक कथाले शिक्षार्थीहरूमा नैतिक चरित्रको निर्माणमा सघाउ पुऱ्याउँछन् । यी कथाहरूबाट परम्परागत मूल्य र मान्यताको बोध गराई तत्सम्बन्धी चेतना जगाउन सहयोग पुऱ्याउने उद्देश्य राखिएको छ । (नि.मा. पाठ्यक्रम, २०५८: १०)

पौराणिक कथाको स्पष्टीकरणका सापेक्षतामा पाठ्यपुस्तकमा राखिएका कथाका पाठहरू हेर्दा 'उपमन्युको परीक्षालाई' पौराणिक कथा मान्न सकिन्छ । उक्त कथा रामायणको विषयवस्तुमा आधारित छ । यस कथामा गुरुभक्तिको पालना, सत् पक्षको सदा जीत हुने कुराको उल्लेख गरी उक्त तहका विद्यार्थीका लागि नैतिक शिक्षा दिनुका साथै साहसिक र असल भावनाको विकास गराउन सक्ने कुराको ज्ञान दिन खोजिएको छ । त्यसैले यस किसिमका कथाहरू पाठ्यपुस्तकमा समावेश गरिनु शिक्षार्थीको उमेर र तहगत आधारमा समेत उपयोगी हुने देखिन्छ । वर्तमान यस पाठ्यपुस्तकमा एउटा पौराणिक कथा समावेश हुनुलाई सन्तुलित मान्न सकिन्छ ।

### २.६.३ ऐतिहासिक कथा

इतिहासको विषयवस्तुलाई टिपेर निश्चित भाषा शैलीको तानमा बुनिएको कथा नै ऐतिहासिक कथा हो । राष्ट्रिय गौरव बढाउने वीर, बिरांगना, राजा, महाराजा, राष्ट्रिय विभूति सहिद जस्ता पात्रहरूको माध्यमबाट राष्ट्रिय स्वाभिमान, गौरव र वीरताले ओतप्रोत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसम्म फैलिएका कथाहरू पाठ्यपुस्तकमा समावेश गरिनु उपयुक्त हुन्छ । यस्ता कथाहरूले शिक्षार्थीहरूमा राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाउँदै राष्ट्रभक्ति र स्वाभिमानको विकास गराउन मद्दत पुऱ्याउँछन् । वर्तमान पाठ्यपुस्तकमा 'घरझगडा' शीर्षकको एउटा मात्र ऐतिहासिक कथा समावेश हुनु क्षेत्रका दृष्टिले उपयुक्त नै देखिन्छ । उपर्युक्त 'घरझगडा' ऐतिहासिक कथाको विषयवस्तुका हिसावले उपयुक्त भएतापनि छनोटका दृष्टिले ऐतहासिक र पौराणिक मध्ये एउटा लिइनुपर्नेमा दुवैलाई पाठ्यपुस्तकमा समावेश

गरिएको छ, त्यसपक्षमा कमजोरी देखिएको पाइन्छ । (नि.मा.वि. पाठ्यक्रम २०५८: ११) ।

### २.६.४ नीतिकथाः

नैतिक चरित्र निर्माण गर्ने उपदेशात्मक, नीतिमूलक कथालाई नैतिक कथा भनिन्छ । यसमा पञ्चतन्त्र, महाभारत र बुद्ध सम्बन्धी नीतिप्रधान कथाहरू समावेश गरिएका हुन्छन् । नीति कथाले विद्यार्थीहरूको चरित्र निर्माण गर्दछ । समाजमा मेल मिलाप गरी एक आपसमा मैत्रीपूर्ण भावनाको विकास गरी मिलीजुली बस्न सक्ने र शिष्ट व्यवहार गर्ने बानीको विकास गर्दछ । (बालकृष्ण पोखरेलः २०५५: ७६३)

कक्षा ८ को नेपाली पाठ्यक्रममा नीति कथा समावेश गरिएअनुरूप पाठ्यपुस्तकमा पनि उक्त विषयवस्तु अन्तर्गतको कथा समावेश गरिएको छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा 'नुनको सोझो' नामक नीतिकथा समावेश गरिएको छ । उक्त कथा क्षेत्रका दृष्टिले उपयुक्त भएपनि क्रमका हिसावले भने अनुपयुक्त देखिन्छ । पाठ्यक्रममा लोककथा पछि नीतिकथा समावेश गर्नुपर्नेमा सो क्रम भङ्ग भएको देखिन्छ ।

### २.६.५ आधुनिक कथा

वर्तमान युग चेतनाको समष्टि प्रतिबिम्बन गर्ने खालका कथा नै आधुनिक कथा हुन् । यस्ता कथाहरू स्वदेशी वा विदेशी दुवै परिवेशसम्म पुग्न सक्छन् । वर्तमान समय सापेक्ष विविध विषयवस्तु समेटिन सक्ने आधुनिक कथाको कित्तामा धार्मिक, नैतिक, दार्शनिक विषयदेखि लिएर प्रयोग, प्रविधि र अकथा जस्ता नवीनतम् कुराहरू समेत समावेश हुन सक्छन् । समाजका विसंगति, विकृतिहरूलाई टिप्दै विभिन्न प्रयोगवादी कथाहरू उनिनु यसको थप उपलब्धि हो । आधुनिक कथा अन्तर्गत सामाजिक, मनोवैज्ञानिक, बालमनोवैज्ञानिक, यौनमनोवैज्ञानिक, विज्ञानकथाहरू, आयमेली प्रयोगवादी जस्ता कथाहरू पर्दछन् । कुनै युगको सीमा तोक्न सफल यस्ता कथाहरूले नयाँ युगको प्रारम्भ समेत गर्दछन् । (नि.मा.वि. पाठ्यक्रमः २०५८: १०)

माथि उल्लिखित आधुनिक कथाको स्पष्टीकरणका आधारमा हेर्दा पाठ्यपुस्तकमा राखिएको 'मनु' आधुनिक (बालमनोवैज्ञानिक) कथा हो । यसका लेखक उल्लेख गरिएको छैन । यस कथामा नेपाली समाजमा छोरा र छोरी प्रतिको व्यवहारलाई यथार्थ रूपमा प्रष्ट पार्ने काम गरेको देखिन्छ । यो कथा नेपाली समाज र परिवेशमा आधारित छ । आधुनिक कथाको रखाइक्रम पाठ्यक्रम अनुरूप नभएपनि विषयवस्तुको क्षेत्र भने सो अनुरूप नै देखिन्छ ।

यसरी पाठ्यक्रमले निर्धारण गरेका लोककथा नीति कथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथाहरू पाठ्यपुस्तकमा समावेश हुनु क्षेत्रका दृष्टिले उद्देश्य अनुरूप नै भएतापनि क्रमको दृष्टिले पाठ्यक्रमको भावनालाई आत्मसात गर्न नसक्नुलाई कमजोरी मान्न सकिन्छ ।

## २.७ छनोट र स्तरण

पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्दा छनोट र स्तरण दुवैको आवश्यक पर्छ । छनोट भनेको सम्बन्धित क्षेत्र वा सन्दर्भका पाठ्यवस्तु तथा पाठ्यसामग्रीहरू विभिन्न स्रोतबाट वा विज्ञहरूको अर्न्तदृष्टिबाट संकलन गरिनु, चुनिनु तथा तिनको सामान्य सूची बनाउनु हो । स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुहरूलाई मनोवैज्ञानिक तथा शैक्षणिक आधारमा क्रमिकरूपमा उकास्दै लैजानु वा उन्नयन गर्नु हो । छनोटले खास तहका लागि आवश्यक पाठ्यवस्तु के-कति हुन्, त्यसको सीमाङ्कन गर्ने काम गर्छ । कसैले कुनै कुरा सिकिसकेको छ भने त्यसलाई त्यही कुरा उस्तै रूपमा फेरि फेरि सिकाउनु पनि समय र श्रमकै बरबादी मान्न सकिन्छ । व्यक्तिले कुनै कुरा यति सिके काम चल्छ भन्ने छ भने उसलाई त्यस विषयको महाभारत सिकाउनु पनि आवश्यक हुँदैन । (अधिकारी: २०५९: ८९) ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्दा कुन-कुन क्षेत्रका विषयवस्तु राख्ने र के कति राख्ने भन्ने कुरामा छनोटको आवश्यकता पर्नु स्वभाविकै हो । छनोटले यी/यी क्षेत्रका यति/यति विषयवस्तु भनेर सीमाङ्कन गर्ने काम गर्छ । पाठ्यवस्तुको छनोट गर्दा

पाठ्यक्रमको उद्देश्य, तह, समयावधि, विद्यालयको प्रकृति, विद्यार्थीको पूर्वक्षमता, विद्यार्थीको रुची र आवश्यकतालाई ध्यान दिई विषयवस्तु छान्ने कार्यलाई छनोट भनिन्छ । ती छनोट गरिएका विषयवस्तुलाई कुन श्रृंखला तथा पूर्वापर सम्बन्धमा सिकाउने भन्ने कुराको संकेत चाँहि स्तरणले गर्दछ । अर्थात स्तरण भनेको छनोट गरिएका पाठ्यवस्तुलाई मनोवैज्ञानिक तथा शैक्षिक आधारमा क्रमिक रूपमा अगाडि बढाउदै लैजानु हो । (अधिकारी, २०५९: ८९)

हाम्रो देशमा सीमित स्रोत र साधनका बीचमा रहेर पनि शिक्षा हासिल गर्नुपर्ने बाध्यता छ । थोरै साधन र स्रोतमा रहेर शिक्षा दिनका लागि तयार गरिएका भाषाका पाठ्यपुस्तकहरू कक्षाका विद्यार्थीहरूलाई ख्याल गरेर छनोट गरिएका हुनुपर्छ ।

नि.मा. तहको कक्षा ८ मा राखिएका कथाहरू पाठ्यक्रमले उल्लेख गरेका क्षेत्र अनुरूप नै छन् । पाठ्यक्रममा लोककथा, नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथा उल्लेख गरिएको छ जस अनुसार पाठ्यपुस्तकमा यी सबै क्षेत्रलाई समेट्ने कथाहरू राखिएको छ जसलाई पाठ्यक्रम अनुरूप मान्नुपर्ने हुन्छ । छनोट गरिएका कथालाई मनोवैज्ञानिक तरिकाले उन्नयन गर्दै लैजाने काम स्तरण हो । स्तरण गर्दा कस्तो प्रकारको कथालाई सुरुमा राख्दा विद्यार्थीहरूले बुझ्न सक्छन् भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ । लोककथा लोकमा चल्दै आएका कुरालाई अगाडि बढाउने हुँदा विद्यार्थीहरूले यस्ता कथालाई सजिलै बुझ्न सक्छन् । पाठ्यपुस्तकमा लोककथा 'खसीको तौल' लाई स्तरण गरिएको उपयुक्त लाग्छ । लोककथापछि नीतिकथा नैतिक चेतनाले ओतप्रोत भएका कथा राख्दा विद्यार्थीहरूले विविध नीतिनियमको बारेमा जानकारी हासिल गर्ने तथा त्यसैअनुरूप आचरण तथा व्यवहार गर्ने हुनाले यस कथालाई छनोट गरेपनि पाठ्यपुस्तकमा स्तरण गरिएको छैन । नीति कथालाई लोककथा पछि राख्नु पर्ने सो क्रम मिलेको छैन । नीति कथापछि पौराणिक तथा ऐतिहासिक कथा समावेश गर्दा विद्यार्थीले वेद, पुराण, रामायण-महाभारत तथा बुद्धसम्वन्धी कथाहरू बुझ्न सक्छन् । ऐतिहासिक कथाबाट राष्ट्रिय स्वाभिमान, गौरव र वीरताले भरिएका ऐतिहासिक महापुरुषको पराक्रम सम्वन्धी कुराहरू बुझ्न सक्छन् ।

यहाँ पौराणिक कथालाई आधुनिक कथापछि राखिएको छ सो क्रम पनि उपयुक्त छैन । पौराणिक कथा 'उपमन्युको परीक्षालाई' नीतिकथा 'नुनको सोझो' पछि राख्नुपर्ने देखिन्छ । पौराणिक कथापछि लगत्तै ऐतिहासिक कथा 'घर झगडा' राखिएको छ । ऐतिहासिक कथा क्षेत्रका हिसावले उपयुक्त छ तर पाठ्यक्रमले पौराणिक/ऐतिहासिक भनेर निर्देश गरेपछि पाठ्यपुस्तकमा पौराणिक र ऐतिहासिक दुवै कथालाई समावेश गर्नु छनोटका दृष्टिले अनुपयुक्त छ । माथिका अन्य कथाहरूको अध्ययनपछि समाजको चित्रण गरिएको तथा बालकका मनोकुण्ठालाई अभिव्यक्ति गरिएको कथा विद्यार्थीले बुझ्नसक्ने हुनाले अन्त्यमा आधुनिक कथालाई समावेश गर्ने निर्देश गरेको छ तर पाठ्यपुस्तकमा आधुनिक कथा 'मनु' (सामाजिक बालमनोवैज्ञानिक) लाई अन्त्यमा नभई लोककथापछि राखिएकाले पाठ्यपुस्तकका कथा सही तरिकाले स्तरण नगरिएको प्रष्ट हुन्छ ।

कथाका पाठहरू राख्दा पनि कतै थोरै पाठको अन्तरमा राखिएको छ भने कतै बढी अन्तरमा राखिएको छ । २४ वटा जम्मा पाठहरूमध्ये चौथों पाठमा, आठौं पाठमा, एघारौं पाठमा, अठारौं पाठमा अनि बाईसौ पाठमा कथाका पाठसमावेश गरिएको छ । अन्य पाठहरूको अन्तर मिले पनि एघारौं देखि अठारौं पाठको अन्तर अत्यधिक बढी भएको पाइन्छ । यसलाई पनि निश्चित अन्तरमा मिलाउन सके उपयुक्त हुने देखिन्छ ।

## २.८ अङ्क विभाजन, समय विभाजन र पाठसंख्या

कुनै पनि भाषा पाठ्यक्रममा विविध विद्याहरू समावेश गरिएका हुन्छन् । जसमध्ये कुन विद्यालाई कति समय दिने र कूल अङ्कको कति प्रतिशत अङ्क विधागत रूपमा दिने भन्ने कुरा उल्लेख हुनुपर्छ । सबै विद्याका पाठ जटिलताका दृष्टिले एकै नभएकाले र कुनै बढी जटिल र कुनै कम हुने भएकाले कुन विद्यालाई के-कति समय लगाएर पढाउने भन्ने कुराको जानकारी हुन आवश्यक ठानिन्छ । यसो भएन भने जटिल विद्याले कम समय पाउने हुँदा गहनरूपमा अध्ययन-अध्यापन नभई सतही रूपमा हुने र पाठ्यक्रमका उद्देश्यपूर्ति नहुने हुन्छ, तसर्थ विषयगत गहनताको

आधारमा सबै विद्याको समय र अङ्क विभाजनको आवश्यकता खट्किन्छ । पाठ्यक्रममा कुन-कुन विद्याका पाठहरूलाई कति वटासम्म राख्ने भन्ने कुराको पनि उल्लेख पाइन्छ । भाषिक सीप विकासमा विधागत महत्वका आधारमा समय र अङ्क विभाजनलाई प्राथमिकताको क्रममा राखिनुपर्छ ।

पाठसंख्या वितरणको क्रममा नि.मा. पाठ्यक्रम २०५८ले कथा विधालाई ५ देखि ६ वटासम्म राख्ने भनेको छ । पाठ्यपुस्तकमा ५ वटा कथा राखिएको छ जुन पाठसंख्याको वितरण उपयुक्त देखिन्छ । उक्त पाठ्यक्रमले पाठसंख्या २३ देखि २७ तोकेको छ जसमा २४ वटा पाठ रहेका छन् त्यो पनि उपयुक्त नै मान्नुपर्ने देखिन्छ । यसरी पाठ्यक्रमले तोकेको सीमा भित्र रही पाठहरू समावेश गर्नाले विषयगत गहनताको रूपमा उक्त पाठहरूको अध्ययन हुने र विद्यार्थीले सिक्नुपर्ने र जान्नुपर्ने कुराहरू सजिलै जान्न पाउँछन् ।

पठनपाठन हुने ७०० पूर्णाङ्कमध्ये १०० पूर्णाङ्क नेपालीलाई दिइएको छ । यही पूर्णाङ्कलाई आधार मानेर सम्पूर्ण स्थानमा पठनपाठन भइरहेको पाइन्छ । नेपालीलाई प्रतिहप्ता पाठ्यभार ५ घण्टी दिइएको छ भने वार्षिक पाठ्यभार १५० घण्टी दिइएको छ । विधागत रूपमा गरिएको समय विभाजनलाई अवलोकन गर्दा कथा विधालाई २० घण्टी समय दिइएको छ । ५ वटा कथालाई २० घण्टी समय दिंदा एउटा कथाले ४ घण्टी समय प्राप्त गर्छ । एउटा कथाले चार घण्टी समय प्राप्त गर्नु उचित ठर्हछ तर सबै कथाहरू एकै खालका नहुने हुनाले सरल जटिलताको हिसावले कुन कथालाई कति समय दिने भन्ने कुरामा पाठ्यक्रम मौन रहेको छ ।

प्रत्येक कथाको समयभार र अङ्कभार अलग-अलग रूपमा नछुट्याई दिंदा अध्येता मात्र नभई शिक्षक पनि अन्यौलमा पर्ने आभास हुन्छ । कुन कथालाई बढी जोड दिने र कुन कथालाई कम जोड दिने भन्ने कुरालाई समय र अङ्क विभाजनले देखाइदिन्छन् । यी सबै कुरा प्रष्ट नहुँदा बढी ध्यान दिनुपर्ने विषयमा कम ध्यान दिइ सतही रूपमा मात्र तैरने हुन्छ भने कम जोड दिनुपर्ने पाठमा बढी ध्यान जाने

संभावना हुन्छ । यस्तो हुनबाट जोगाई विद्यार्थी, शिक्षक दुवैलाई समयको सदुपयोग गरी चाहिने कुरामा बढी जोड दिन र नचाहिने कुरामा कम जोड दिन समय र अङ्क विभाजनको आवश्यकता पर्छ । कथा विधालाई अंकभार १० कायम गरिएको छ जुन अंक विभाजनका दृष्टिले प्रयाप्त छैन ।

## २.९ निष्कर्ष

भाषा शिक्षण सिकाइका क्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तकको अति आवश्यक महत्व हुने गर्दछ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको निर्माण हुन्छ । पाठ्यक्रम सैद्धान्तिक सामग्री हो भने पाठ्यपुस्तक प्रयोगात्मक सन्दर्भ सामग्री हो । स्रोत सामग्रीको उल्लेख पाठ्यक्रममा गरिएको हुन्छ भने स्रोत सामग्रीलाई प्रस्तुत गर्ने कार्य पाठ्यपुस्तकमा हुन्छ । पाठ्यक्रमद्वारा निर्धारित लक्ष्यपूर्तिका लागि पाठ्यपुस्तक स्पष्ट एवं सन्तुलित हुनुपर्छ । पाठ्यपुस्तकमा रहेका विषयहरू पाठ्यक्रमले निर्देश गरे अनुसार प्रस्तुत भएका हुन्छन् । यसबाट नै पाठ्यक्रम र पाठ्यपुस्तकबीचको सम्वन्ध स्पष्ट हुन्छ । पाठ्यपुस्तकलाई पाठ्यक्रमको आधारमा तयार पार्ने तथा पाठ्यक्रमअनुसार सुहाउँदो परिमार्जन र सुधार गरी उपयोगी र आकर्षक बनाउने गरिन्छ । पाठ्यक्रमका उद्देश्यलाई तहगत र कक्षागत रूपमा गरी दुई किसिमले हेर्ने गरिन्छ । तहगत उद्देश्यले कुनै खास तहमा सम्बन्धित विषयमा के-कति दक्षता हासिल गर्नुपर्छ भन्ने कुरा जनाउँछ भन्ने कक्षागत उद्देश्यले उक्त कक्षामा सम्बन्धित विषयमा के-कति सिकेको हुनुपर्छ भन्ने जनाउँछ ।

कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूलाई पाठ्यक्रमअनुरूपताको आधारमा विश्लेषण गर्दा कथाको क्षेत्र र छनोट मिलेको भएतापनि क्रम र स्तरण भने नमिलेको देखिन्छ । पाठ्यक्रममा कथालाई विविध क्षेत्रबाट लिने निर्देशन दिए बमोजिम पाठ्यपुस्तकमा राखिएको छ । पाठ्यक्रममा पौराणिक वा ऐतिहासिक कथा मध्ये एउटा भने पनि पाठ्यपुस्तकमा दुवै कथा समावेश गरिएको छ । कथाको क्रम र अन्तराल पनि पाठ्यक्रम अनुरूप छैन । कथाका पाठ

निश्चित अन्तरालमा राखिनु पर्न हो तर यस्तो अन्तराल कुनै पाठमा निकै बढी देखिन्छ । चौथो. पाठ, आठौं पाठ, एघारौं पाठ, चौविसौं पाठ खासै अन्तरालमा नभएपनि एघारौं र अठारौं पाठ बीच निकै बढी अन्तराल रहेको देखिन्छ । छनोटका हिसावले विषयवस्तु पाठ्यक्रम अनुरूप भएतापनि स्तरणका हिसावले क्रम नमिलेको देखिन्छ । पाठ्यक्रममा लोककथा, नीतिकथा, पौराणिक⁄ऐतिहासिक कथा र आधुनिक कथाको क्रम उल्लेख गरिएको छ तर पाठ्यपुस्तकमा लोककथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा र नीतिकथाको क्रममा राखिएको छ । त्यसैले क्रम वा स्तरणमा सुधार गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद तीन

# शिक्षणीय उपयोगिताका आधारमा कथाका पाठहरूको विश्लेषण

## ३.१ कथा शिक्षणको उपयोगिता

भाषा शिक्षणको मूल प्रयोजन नै भाषिक कौशलता विकास गर्नु हो । यसका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूको समायोजन गरिएको छ । भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनु नै यसको वैशिष्ट्य हो । त्यसमध्ये पनि विद्यालय तहमा शुरु कक्षादेखि उच्च शिक्षासम्म कथा विधाको प्रमुखता पाइन्छ । कथा विधाले आनन्दानुभूति गराउने हुनाले यो शिक्षार्थीदेखि नेपाली साहित्यका बौद्धिक पाठकबीच उत्तिकै लोकप्रिय छ ।

आमाको काखमा घुसरमुन्टो लाएर निहुरिने शिशु होस् वा भखरै विद्यालय तर्फ पाइला चाल्दै गरेको बालक उसले जीवनमा कुनै न कुनै कथा अवश्य नै सुनेको हुन्छ । चाहे लोक कथा होस् वा आधुनिक कथाले मानव समाज र वस्तीमा गहिरोसँग जरा गाडेको पाइन्छ । शिक्षित, अशिक्षित, बाल, वृद्ध सबै समूहमा कथा सुन्ने र सुनाउने क्रम उत्तिकै लोकप्रिय रहेको पाइन्छ । कथा विद्याले मानव हृदयलाई पीडा र उत्पीडनबाट मुक्ति दिंदै आनन्द लोकतर्फ प्रवेश गराउने भएकाले यसको महत्व आजका दिनमा अरू बढ्दै गएको पाइन्छ । कथा लिखित वा मौखिक रूपमा नै किन नहोस् यसमा प्रयोग हुने उखान, टुक्का, वाक्य, वाक्यांश, थेगो र लोक प्रचलनहरूले कथामा रोचकता एवं कौतुहलता थपेको हुन्छ । कथा लेखनले वाक्य गठनको अभ्यास गराउने मात्र होइन मौखिक अभिव्यक्तिले उसको बोलाइ सीपको समेत विकास गराउँछ । कथाले समाजका विसङ्गति, विकृतिप्रति धावा बोल्दै कुसंस्कार र गलत परम्पराको विनास गर्दै बालबालिकाहरूमा दृढ विश्वास र स्वच्छ भावनाको विकास गराउँछ । कथा समाजको प्रतिबिम्ब हुने भएकाले सामाजिक स्थितिको बारेमा जानकारी लिन समेत यसको उत्तिकै महत्व रहेको छ भन्न सकिन्छ । कथा शिक्षणले शब्दभण्डार, वाक्यगठन, भाषिक अभिव्यक्ति जस्ता सीपमा समेत उल्लेख्य सहयोग पुऱ्याएको छ ।

## ३.२ भाषाशिक्षणको दृष्टिले कथाको प्रयोजन

भाषा शिक्षणमा कथाको महत्व ज्यादै ठूलो रहेको छ । कथा शिक्षणबाट भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गराउन सकिन्छ । यसबाट शब्दभण्डार, उखानटुक्काको विकास गराउन सकिन्छ भने सारांश तथा पठनबोधको अभ्यासका लागि पनि यो विधा उपयोगी रहेको छ । वालवालिकाको सिर्जनात्मक विकास गर्न, साहित्यिक अभिव्यक्ति बढाउन र चरित्र निर्माण गर्न पनि यस विधाले सहयोग गर्दछ । (नेपाली शिक्षण निर्देशिका, २०५६) कथा विधा अन्य विधाभन्दा सरल र लोकप्रिय मानिन्छ । त्यसैकारणले गर्दा विद्यालय तहमा, सवै कक्षामा कथाहरू राखिएका पाइन्छन ।

वर्तमान नि.मा. तहमा संख्यात्मक रूपले १६ वटा कथाहरू समावेश गरिएका छन् । जसमध्ये कक्षा ८ मा जम्मा ५ वटा कथा समावेश गरिएका छन् । वर्तमान नि.मा. तहको नेपाली पाठ्यक्रम अनुसार कक्षा ८ को पाठ्यपुस्तकमा लोक कथा, पौराणिक कथा, ऐतिहासिक कथा, नीति कथा र आधुनिक कथाका प्रकारहरूमा विभक्त कथाहरू सङ्कलित छन् । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाको समावेश हुनु भाषिक सीपको विकास गराउँदै नैतिकमूल्य र मान्यता, व्यापक राष्ट्रिय भावना, कर्तव्य परायणता, समाज सुधार, असत्पक्षमाथि सत पक्षको विजयको सुनिश्चितता जस्ता कुराहरूको विकास गराउनु नै हो । यसर्थ यो परिच्छेदमा नि.मा. तह कक्षा ८ को पाठ्यपुस्तकमा कथा विधाको मुख्य र गौण प्रयोजन गरी दुई वर्गमा विभाजन गरी चर्चा गरिएको छ ।

### ३.२.१ मूल प्रयोजनः

भाषा पाठ्यपुस्तकमा विधागत रूपमा कथा समावेश गरी शिक्षण गर्नुको मूल प्रयोजन शिक्षार्थीहरूले स्पष्ट एवं क्रमिक रूपले घटनाको वर्णन गर्न सक्ने, पढिएको कथालाई आफ्नो भाषामा व्यक्त गर्न सक्ने कथाबोधबाट उत्पन्न संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्नु हो । घटनाहरूको क्रमबद्धता, रोचकता र कथाको पात्र र

चरित्रको मूल प्रवृत्तिबाट नैतिक मूल्य र मान्यताप्रति सचेत गराउदै विभिन्न क्षेत्रसँग सम्बद्ध शब्दभण्डारहरू, उखान टुक्काहरूको प्रयोग, वाक्य, वाक्यांश र पदावलीको समुन्नत प्रयोग गर्न सक्षम तुल्याउनु हो ।

अरू साहित्यिक विधाको तुलनामा कथा विधा सरस र सरल मात्र हुने होइन कि बोधगम्यता र सम्प्रेषणीयताका दृष्टिकोणले समेत बढी उपयोगी मानिन्छ । शिक्षार्थीहरूका चरित्रको निर्माण गराउन र कल्पना शक्तिको विकास गर्नमा कथाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विषय बस्तुको दृष्टिले कम जटिल, वर्णनात्मक शैली, कथ्य प्रयोग, नाटकीयता, सरल वाक्य गठन तथा प्रयोग आदि कारणले बोध, शैली र अभिव्यक्तिका लागि पनि यो निकै उपयोगी मानिन्छ ।

कक्षा शिक्षणले विद्यार्थीहरूमा आफ्नो वरिपरि रहेका घटनाक्रमलाई मिलाएर भन्ने सीपको विकास गर्न सकिन्छ । सृजनात्मक लेखन गर्न, वर्ण विन्यास, शुद्धोच्चारण, शब्द निर्माण प्रक्रियाको अभ्यास गर्न सहयोगी सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । कथाका पाठसँगै व्याकरण सम्वन्धी ज्ञान प्राप्त गर्नु, वाक्य संगति, शब्दवर्ग, क्रियाका काल, पक्ष, भाव र वाच्य आदि विषयमा ज्ञान दिन अरू सजिलो हुन्छ । यति धेरै उद्देश्य पूरा गर्न कथा विधा आधारभूत सामग्री भएको हुँदा नै नि.मा. तहमा कथा विधाको आवश्यकता महसुस भएको हो भन्न सकिन्छ ।

### ३.२.२ गौण प्रयोजनः

उल्लेखित मूल प्रयोजनका अतिरिक्त कथाको प्रयोग गर्नु नै यसको गौण प्रयोजन हो भन्न सकिन्छ । यहाँ नि.मा. तहको नेपाली विषयमा प्रयुक्त गौण प्रयोजनको सामान्य चर्चा गरिन्छ ।

#### (क) सामाजिक परिवेशको जानकारी गराउनुः

प्रत्यक्ष रूपमा कथाले भाषिक सीपको विकास गराउने भएतापनि परोक्ष रूपमा समाजमा विद्यमान विकृति, विसङ्गति र गलत मूल्य र मान्यताहरू समाज र पाठक समक्ष यथातथ्य रूपमा प्रस्तुत गर्दै आदर्श समाजको निर्माण गरी असल नागरिक

तयार गर्नु पनि कथा शिक्षणको गौण प्रयोजन नै हो भन्न सकिन्छ । कुसंस्कार, कुपरम्परा र सामाजिक विकृतिमाथि धारे हात लाउँदै उन्नत र सभ्य समाजको निर्माण गर्ने उद्देश्यले कथाहरूको छनोट गरि पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । उदाहरणको लागि गुरूप्रसाद मैनालीको 'छिमेकी' कथालाई लिन सकिन्छ ।

**(ख) आनन्दानुभूति गराउनेः**

कथाले शिक्षार्थीहरूमा आनन्दको संचार गराउने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षार्थीहरू विभिन्न पाठ्यसामग्री र पाठहरूको अध्ययनपछि दिग्दार, थकित महसुस गर्दछन् भने त्यस अवस्थामा कथाले त्यो बेचैनी र दिग्दारीबाट मुक्ति दिलाउँदै मनोरञ्जन दिलाउन सक्छ । व्याकरण जस्तो रुखो र निरस विषय पढ्दापढ्दै थकित विद्यार्थीहरू कथा पढेर आनन्द उपयोग गर्न चाहान्छन् र सो आनन्दबाट विद्यार्थीहरूको अध्ययनप्रति अभिरुचि बढाउन सकिन्छ । निबन्ध, प्रवन्ध र कविता काव्य जस्ता कठिन विधालाई प्रकारान्तर गर्न र पढाइप्रति अभिरुचि प्रदान गराउन कथा विधाको महत्वपूर्ण भूमिका रहन्छ । मनोरञ्जन वा आनन्दानुभूति गराउन विशेषगरी लोककथाहरूलाई उपयोग गर्न सकिन्छ । वर्तमान कक्षा ८ को पाठ्यपुस्तकमा संख्यात्मक रूपमा एउटै मात्र भएपनि लोक कथा हुनु यसै अन्तर्गत लिइन्छ ।

**(ग) नैतिक उपदेश दिनु**

कामको आधारमा फलको आशा गर्ने बानीको विकास अर्थात् कर्ममाथि विश्वास, सामाजिक नाता र परिवार प्रतिको सामाजिक कर्तव्य निर्वाह गर्ने, पथप्रति मार्ग निर्देशन गर्नुपर्ने कथाको गौण उद्देश्य हो भन्न सकिन्छ । भाषा पाठ्यपुस्तकमा राखिएका कतिपय कथाहरूमा यो प्रयोजन गौण रूपमा प्रयुक्त छ । मानवीय मूल्य र मान्यता, आदर्श र कर्तव्यप्रति सचेत गराइ असल नागरिक उत्पादनमा कथाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्न सकिन्छ ।

**(घ) विश्वबन्धुत्वको भावनाको विकास गर्नुः**

यो सम्पूर्ण सृष्टि मेरो घर हो, सम्पूर्ण मानव जाति मेरो नाता गोता र इष्टमित्र हुन् र भलाई मेरो धर्म हो भन्ने धारणा नै विश्ववन्धुत्वको भावना हो भन्न सकिन्छ। विश्वमा व्याप्त अशान्ति, हिंसा, नरसंहार, भोकमरी, महंगी र दैवी प्रकोपजन्य घटनाबाट मुक्ति दिलाउदै शान्ति, मैत्री, अनाक्रमण र निसस्त्रीकरणको विकास गराउनु पनि कथाको गौण प्रयोजन हो। आधुनिक विश्वमा विज्ञान तथा प्रविधिको दुरूपयोग, सूचना र संचार प्रविधिको कारणबाट सिर्जित विसङ्गति र विकृतिजन्य भयबाट मुक्तिको ग्यारेन्टी गर्ने प्रकारका विज्ञान कथाहरूले यो प्रयोजनको प्रतिनिधित्व गरेको छ। जाति तथा लिङ्ग भेद, क्षेत्रीयताबाद जस्ता सङ्कुचित विचारमाथि व्यापक र विस्तृत धारणाको विकास गराउनु समेत कथाको गौण प्रयोजन हो भन्न सकिन्छ।

**(ङ) मनोविज्ञानको ज्ञान प्राप्त गर्नु**

आधुनिक कथाका प्रकार अन्तर्गत पर्ने मनोवैज्ञानिक कथाबाट मानव मनका उहापोहहरू आवेग, संवेग, मनोवेगहरूको यथोचित निरूपण गर्दै मानव मनको चिरफार गर्न सक्ने क्षमताको विकास गराउनु पनि कथा शिक्षणको गौण प्रयोजन हो भन्न सकिन्छ। वर्तमान कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा “मनु” कथाले बालकहरूको मनको चित्रण गरेको छ। यो सामाजिक बालमनोवैज्ञानिक कथा हो। वि.पी. कोइरालाद्वारा लिखित ‘दोषी चस्मा’ तथा देवकुमारी थापाद्वारा लिखित “भविष्य निर्माण” जस्ता कथाहरूबाट वृद्ध तथा बालकहरूको मनको चित्रण गर्न सफल भएका छन् भन्न सकिन्छ। ‘दोषीचस्मा’ कथाले केशवराजको मनको बाघले आक्रान्त पारेको अवस्था प्रतिको ज्ञान दिएको छ भने ‘भविष्यनिर्माण’ कथामा नरेश नामको बालकको सैनिक प्रतिको धारणालाई राम्रोसँग चित्रण गरिएको छ।

## ३.३ भाषिक सीप विकासमा कथाको उपयोगिता

भाषाका सीपहरू एक आपसमा अर्न्तसम्बन्धित हुन्छन् । सुनाइ गलत किसिमको छ भने बोलाइ पनि गलत किसिमको हुन्छ । सुनाइ-बोलाइ गलत किसिमका छन् भने पढाइ-लेखाइ पनि अवश्य गलत किसिमका हुन्छन् । कक्षा ८ मा समाविष्ट कथाहरूबाट पनि भाषाका सबै सीपहरूको विकास गर्न सकिन्छ । त्यसैले यहाँ कक्षा ८ को पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको सीपगत हिसावले वर्णन गर्ने जमर्को गरिएको छ ।

### (क) सुनाइसीप

सबै कथाहरू श्रवणीय नै हुन्छन् तर सबै किसिमका कथाहरूले एकै किसिमका कार्यकलापबाट सुनाइ सीप विकास गर्छन् भन्ने चाँहि होइन । कक्षा ८ को "हाम्रो नेपाली किताबमा" समावेश गरिएका कथाहरू पनि फरक फरक ढाँचा किसिम र विषयवस्तुमा आधारित छन् । सुनाइ सीप विकास गर्नका लागि श्रुतिलेखन, श्रुतिरचना, बुँदा टिपोट, श्रुति बोधात्मक, प्रश्नोत्तर आदि जस्ता कार्यकलाप तथा शिक्षणबाट गराउन सकिन्छ । सुन्न मनपर्ने खालका कथाहरू मनोरञ्जन प्रदान गर्ने खालका, कौतुहलता जगाउने खालका र सरल भाषाशैली (स्तर सुहाउँदा) भएका हुनु आवश्यक हुन्छ । त्यस्ता कथाहरू विद्यार्थीहरूले आनन्द मान्दै ध्यान दिएर सुन्छन् । 'खसीको तौल' लोक कथा र 'मनु' आधुनिक कथाबाट विद्यार्थीहरूले मनोरञ्जनात्मक तरिकाले सुनी कथा बुझ्न सक्छन् । यस्ता कथाको सुनाइबाट श्रुतिबोधात्मक प्रश्नोत्तर गरेर विद्यार्थीहरूको बोध क्षमता वृद्धि गराउन सकिन्छ । यस्ता कथाहरू सुनेर विशुद्ध मनोरञ्जन प्राप्त गर्नुमात्र नभई कथाले दिन खोजेको मूल शिक्षा ग्रहण गर्नु हुन्छ । त्यस्तै सुनाइ सीप-विकासमा आधुनिक तथा वर्तमान युग-चेतनालाई प्रतिविम्बित गर्ने खालका पौराणिक विषयवस्तुमा आधारित कथाहरूबाट टेवा पुग्न सक्छ । त्यस्ता कथाहरू विश्लेषणात्मक सीप विकास गर्न सक्षम हुन्छन् । विश्लेषणात्मक सुनाइबाट सम्बन्धित विषयको विवेचना, विश्लेषण गर्नु, टीका-टीप्पणी गर्नु, खण्डन-मण्डन गर्नु,

आफ्नो पक्ष प्रस्तुत गर्नु आदि कार्यकलाप गराउन सकिन्छ । सुनाइमा विश्लेषणात्मकता यसको उच्च स्तरीय अपेक्षा हो र सुनाइ सृजनात्मक क्षमताको विकासलाई बढाउने दृष्टि पनि यहि नै हो । उक्त किसिमको सुनाइ क्षमता साना कक्षाका विद्यार्थीहरूमा ज्यादै कम मात्रामा विकास गर्न सकिन्छ । 'उपमन्युको परीक्षा' नामक पौराणिक कथा, 'घरझगडा' नामक ऐतिहासिक कथाहरूबाट पनि विश्लेषणात्मक सुनाइ सीप विकास गर्न सकिन्छ । उक्त कथाहरू एकाग्रभइ सुनेर मनोरञ्जन लिनका अलवा विश्लेषण क्षमतामा पनि वृद्धि गर्न सकिन्छ । यहाँ कक्षा ८ को 'हाम्रो नेपाली कितावमा' समावेश गरिएका कथाहरूबाट पनि सुनाइ सीपको विकास गर्न प्रशस्त मद्दत मिलेको देखिन्छ ।

**(ख) बोलाइ सीप**

मौखिक अभिव्यक्ति सीपलाई बोलाइ सीप भनिन्छ । सवै कथाहरू नै बोलेर अभिव्यक्त गरिन्छ । बोलाइ सीप विकासका लागि कथा शिक्षणबाट प्रश्नोत्तर, कथाकथन, छलफल, घटनावर्णन खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्ने आदि जस्ता कार्यकलापहरू गराउन सकिन्छ । बोलेर अभिव्यक्ति गर्न सघाउने कथाहरू पनि संवाद शैलीयुक्त, मनोरञ्जनपूर्ण, सरलभाषा शैलीयुक्त (स्तर सुहाउदो) थेगो, निपात, उखान-टुक्का आदिको समावेश भएका कथाहरू पर्दछन् । त्यस्ता कथाहरूले बोलाइ सीप विकासमा जोड दिन्छन् । बोलाइ आत्मप्रकाशनको सरलतम उपाय हो । बोलीलाई मानवीय व्यक्तित्व प्रकाशनको अभिन्न अङ्ग पनि मानिन्छ । यस पाठ्यपुस्तकमा समावेश गरिएको 'उपमन्युको परीक्षा' नामक कथामा माथि उल्लेखित गुण पाउन सकिन्छ । उक्त कथाभित्र समाविष्ट विषयका बारेमा कक्षामा छलफल गराइ निर्धक्कसाथ नहड्बडाई बोल्ने अभ्यास गराउन सकिन्छ । उक्त कथाको माध्यमबाट बोध-प्रश्नोत्तर गराई उनीहरूमा (विद्यार्थीहरूमा) बोध क्षमताका साथै अभिव्यक्ति क्षमता वृद्धि गर्न सकिन्छ । उक्त किसिमका मनोरञ्जनात्मक कथा पढन वा भन्न लगाई प्रभावकारी किसिमको अभिव्यक्ति क्षमता विकास गर्न सकिन्छ । त्यसैगरी संवादात्मक अभिव्यक्ति भएका 'उपमन्युको परीक्षा' र 'मनु' जस्ता कथामा भएका पात्रहरूको संवादात्मक अभिव्यक्ति पढी विद्यार्थीहरूमा संवादात्मक अभिव्यक्ति क्षमता

विकास गराउन सकिन्छ । उक्त कथाहरूबाट प्रश्नोत्तर, घटना वर्णन, कुनै खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्न लगाउने, परिचर्चा गराउने आदि जस्ता क्रियाकलाप गराइ बोलाइ सीपलाई प्रभावकारी बनाउन सकिन्छ । यस पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूले बोलाइ सीपमा अवश्य मद्दत गर्दछन्, आत्मलाप र संवाद शैलीमा रचिएका कथाहरूले मनोरञ्जनका साथै विविध पक्षको ज्ञान दिन सक्षम देखिन्छन् । यी कथाहरूको शैली सरल छ । यिनमा निहित विषय पनि आकर्षक छन् । त्यसैले यी कथाहरूबाट बोलाइ सीप विकास गर्न सकिन्छ ।

**(ग) पढाइसीपः**

पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवं सूचनालाई पाठकद्वारा आफ्ना मस्तिष्कले सङ्गठित गर्ने सीप हो । पढाइ सीप विकास गर्नका लागि पनि कथा विधा एक महत्वपूर्ण तत्व हो । पढाइ मुख्यतः दुई तरिकाले गर्न सकिन्छ, सस्वर पठन र मौन पठन र सस्वर पठन विशेष गरी साना कक्षाका लागि महत्वपूर्ण हुन्छ भने मौन पठन अपेक्षित ठूला कक्षाका लागि हुन्छ । पढाइ सीप विकासमा कथा विधाको ठूलो महत्व छ । कक्षा ८ मा समावेश गरिएका कथाहरू पनि पढाइ सीप विकास गर्न अवश्य सक्षम छन् । पढाइ सीप विकासका लागि सस्वर र मौन पढाइका तरिकाहरू अपनाउन सकिन्छ । यहाँ प्रस्तुत गरिएको 'खसीको तौल' लोक कथामा रमरम बौद्धिकता भएपनि विषयवस्तु हाँस्यास्पद भएकाले सस्वरवाचन गराई ठीक किसिमको अभिव्यक्ति ढङ्ग-ढाँचा मिलाइ पढ्न लगाएर त्यस कथाभित्रबाट बोध प्रश्नोत्तर गराउन सकिन्छ । त्यस्तै 'मनु' नामक आधुनिक कथाबाट बालमनोवैज्ञानिक कौतुहलता जगाउने विषयवस्तु र अलि गम्भिर भई विचार गरेर ज्ञान लिनुपर्ने जस्ता रोमान्टिक पाराका विषयवस्तु पनि सस्वरवाचन गराइ सबै विद्यार्थीहरूको बोध, उच्चारण र ठीक किसिमको ढङ्गले पढ्ने सीप विकास गराउन सकिन्छ । कौतुहलता, हाँस्यात्मकता आदि जगाउने विषयवस्तु मौन पठन गराउँदा विद्यार्थीहरूमा आनन्द मानेर सवैलाई प्रभावकारी ढङ्गले पढेर सुनाउने इच्छा नपुगी अलि खल्लो नलाग्ला भन्न सकिन्न । त्यसैगरी 'उपमन्युको परीक्षा' र 'घरझगडा' नामक पौराणिक र ऐतिहासिक

कथाहरूबाट पनि पढाइ सीप विकास गर्न सकिन्छ । आधुनिक पाराले लेखिएपनि पुराण र इतिहासका विषय या घटनामा आधाीरत भएकाले यी कथाहरूमा समावेश भएका विषयहरू बढी बोध क्षमता वृद्धि गर्न सक्षम देखिन्छन् । यस्ता कथालाई सस्वर र मौन पठन दुवै प्रकारले बोध क्षमतामा वृद्धि ल्याउन सकिन्छ । अझ यस्ता कथा सस्वर भन्दा मौन पठन गराउने अभ्यास गराउन पनि सकिन्छ किनकि सस्वर पढाइबाट ठीक गति, यति र विराम चिन्हको ख्याल गरी पढ्न, शुद्ध वर्ण शब्दोचारण गर्न पोख्त भएपनि विद्यार्थीहरूलाई बोध क्षमताको विकास गर्न मौन पढाइतिर प्रेरित गर्नु आवश्यक हुन्छ ।

एकैचोटि ठूलो कक्षामा गएर मौन पढाइको अभ्यास गर्न उपयुक्त नहुन सक्छ । माथि उल्लेखित पौराणिक र ऐतिहासिक विषयमा हास्यास्पद विषय पनि पाइदैन । कथाको शैलीमा कथामा दिन खोजेको शिक्षा घटनाको बोध गराउन सकिने खालका कथा भएकाले मौखिक पठनको विकास गराइ बोधक्षमता विकास गर्न सकिन्छ । यस पाठ्यपुस्तकमा समावेश गरिएको 'नुनको सोझो' नामक नीति कथा पनि सस्वर पढाइ सीप हासिल गर्नमा टेवा दिन सक्छ । त्यो कथामा समाविष्ट गरिएका विषय पनि हाँस्यास्पद र कौतुहलता जगाउने खालका छन् । जस्तै "महाराज, जब तपाईको नुन खाएँ त्यसबेलादेखि मेरो अन्तरआत्माले म आफूलाई नै बारम्बार धिक्कारिरहेको छ । म कुकर्मी र पापी हुँ, भविष्यमा म यस्तो कुकर्म गर्ने छैन ।" कुलेलम ठोक्नु, जस्ता शब्द प्रयोग गर्नुले मौन पढाइलाई भन्दा सस्वर पढाइको अपेक्षा गरे जस्तो लाग्छ । किनकि त्यस्ता कथा सस्वर पठन गरेर सवैको अगाडि ठीक ढङ्गमा वर्ण र शब्दको उच्चारण गरी ठीक गति, यति र ढङ्ग ढाँचा मिलाइ धेरै जनाको बीचमा पढ्दा बढी प्रभावकारी र आनन्द दिन सक्छन् । त्यसैगरी 'घरझगडा' जस्तो ऐतिहासिक कथामा मनोरञ्जन पनि रमरम त अवश्य नै पाइन्छ तर यो कथालाई मौन रूपमा पढेर मुख्यगरी बोध क्षमता विकास गर्न सकिन्छ । सस्वर पठनका लागि अपेक्षित वातावरण पनि यो कथामा तयार भएको पाइदैन । यस्ता कथा बाट मौन पठनकला विकास गर्न सकिन्छ । विद्यार्थीहरूलाई मनमनै पढन लगाइ कथामा निहित भावको पहिचान गर्ने, मुख्य

कुराको बोध गर्ने, मुख्य बुँदाहरू पत्ता लगाउने प्रस्तुत भावप्रति आफ्नो विचार प्रस्तुत गर्ने आदिजस्ता कार्यकलाप गराउन सकिन्छ । प्रस्तुत पाठ्यपुस्तकमा समावेश गरिएका सवै कथाहरूबाट पढाइ सीप विकास गर्न सकिन्छ ।

**(घ) लेखाइ सीप**

सबै किसिमका कथाहरूबाट लेखाइ सीप विकास गराउन सकिन्छ । कुनै कथाहरूबाट लेखन सीप विकासका एकथरी कार्यकलाप गराउन सकिन्छ भने कुनैवाट अर्काथरी कार्यकलाप गराउन सकिन्छ । किनकि कथामा निहित विषयवस्तुका प्रस्तुति फरक-फरक किसिमका हुन्छन् । लेखाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट अनुभव वा घटना वर्णन, लेखन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, बुँदाटिपोट भावविस्तार, सारांशलेखन, अनुच्छेदलेखन, कथालेखन आदिजस्ता क्रियाकलाप गराउन सकिन्छ । आधुनिक र लोककथाहरू क्रमशः 'मनु' र 'खसीको तौल' नामक कथाहरूबाट सृजनात्मक लेखन सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा मनोरञ्जक विषय, सामाजिक घटना वस्तुमा आधारित मनोवैज्ञानिक र बालमनोवैज्ञानिक विषयको प्रस्तति पाइन्छ । यस्ता कथाहरूको माध्यमबाट आफ्नो समाजमा घटेका वा घटन सक्ने त्यस्तै घटनालाई कथावस्तु बनाई कथा लेखन प्रेरित गर्न सकिन्छ । यस्ता कथाहरूबाट प्रश्नोत्तरलेखन, कथालेखन, भावविस्तार, अनुलेखन जस्ता क्रियाकलाप गराई लेखन सीप विकास गर्न सकिन्छ । त्यस्तै 'उपमन्युको परीक्षा' जस्तो ऐतिहासिक कथा र 'घरझगडा' जस्तो पौराणिक कथाहरूबाट घटना वर्णन, अनुलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, श्रुतिलेखन जस्ता कार्यकलाप गराई लेखन सीप विकास गराउन सकिन्छ । त्यसैगरी संवादलेखन सीप विकासका लागि संवादात्मक शैलीमा लेखिएको 'उपमन्युको परीक्षा' कथा उपयुक्त देखिन्छ । यसका साथै उपयुक्त सवै कथाहरूबाट सृजनात्मक लेखनसीप विकास गर्नमा जोड दिइएको पाइन्छ । 'घरझगडा' ऐतिहासिक घटनामा आधारित कथाबाट मुख्य-मुख्य बुँदा टिपोट, भावार्थ लेख्ने, संक्षेपीकरण गरी लेख्ने आदि जस्ता कार्यकलाप गराइ लेखन सीप विकास गर्न सकिन्छ । यसरी समग्रमा

हेर्दा सवै पाठ्यपुस्तकमा समावेश गरिएका कथा शिक्षणबाट लेखाइ सीप विकास गर्न सकिन्छ ।

### ३.४ कथाको वर्गीकरणः

पाठ्यक्रमको आधारमा कक्षा ८ को हाम्रो नेपाली किताबमा दिइएका कथाहरूको वर्गीकरण गर्दा यसप्रकार देखिन्छ :

लोककथा - खसीको तौल

पौराणिक कथा - उपमन्युको परीक्षा

ऐतिहासिक कथा - घरझगडा

नीति कथा - नुनको सोझो

आधुनिक कथा - मनु

### ३.४.१ लोककथा

खसीको तौल कथा गाउँघरमा प्रचलित विषयवस्तुमा आधारित तर अलिखित रूपमा गाउँलेका जिव्रामा झुण्डिएको कथा हो । यस कथाले हाम्रो समाजमा रहेका मानिसहरूमध्येकै चलाख स्वभावका मान्छेको चित्रण गरेको छ । बुद्धिमान, बाठो र चलाख मानिसले कुनै पनि समस्याको समाधान गर्न सक्ने कुराको चित्रण यसकथामा पाइन्छ । साथै बाठी आइमाइको सल्लाह ग्रहण गरी गाउँको मुखियाले खसी पालि त्यसको तौल यथावत् रहेको जसको परिणाम स्वरूप मुखियाले राजसभाबाट पुरस्कार प्राप्त गरेको कुरा यस कथामा रहेको छ ।

यो कथा शिक्षामूलक छ किनभने यसको विषयवस्तुले मानिसलाई हरेक काम गर्दा बलले भन्दा बढी बुद्धिको प्रयोग गर्नुपर्छ भन्ने कुराको शिक्षा दिएको छ । जबसम्म मानिस आफ्नो मुढेबलको आँडमा हुन्छ तबसम्म उसले कुनै काम फत्ते गर्न सक्दैन । यहाँ बलले नसक्ने काम बुद्धिले गर्न सक्छ र थोरै साधन र स्रोतबाट धेरै काम गर्न सक्नुपर्छ भन्ने कुराको ज्ञान हासिल गर्न सकिन्छ । यस कथामा युवकको बाबु विरामी

हुनु, युवक आफ्नी पत्नी र ससुरालाई छोडी घर जानु, यता उसकी पत्नी र ससुरा त्यस गाउँबाट अन्यत्र बसाई सर्नु, उनीहरूका बीच सम्पर्क नहुनु, खसीको तौल यथावत राख्न सक्ने मानिसलाई उपहार दिने सूचना हुनु, त्यो काममा गाउँको मुखियालाई सल्लाह दिने काम त्यस युवतीले गर्नु, अन्तमा युवक र उसकी पत्नीको भेट हुनु र राम्ररी मिलेर दुःख-सुख गरी वस्नुमा यसको कथावस्तु रहेको पाइन्छ । जसमा बुद्धिमान, धैर्य, परिश्रमी मिलनसार र नम्र व्यक्तिले जहिलेपनि जस्तो सुकै समस्याको समाधान निकाल्न सक्छ भन्ने कुराको ज्ञान यस कथाले सिकाएको छ । यस कथाको रोचक पक्ष केही कम भएतापनि यसबाट प्रसस्त भाषिक सीप प्राप्त गर्न सकिन्छ ।

### ३.४.२ पौराणिक कथा

'उपमन्युको परीक्षा' कथा पौराणिक कहानीबाट लिइएको हो । यस कथामा सम्पूर्ण दुःख आफैले भोगे पनि अन्तमा सत्कर्म गर्ने व्यक्तिलाई कहिल्यै दुःख पर्दैन भन्ने शिक्षा दिनुका साथै एउटा शिष्यले (चेलाले) गुरूप्रति गर्ने आदर वा व्यवहारलाई छर्लङ्ग पारि देखाएको छ । एउटा असल वा गुरुभक्त शिष्यले आफ्ना गुरुले गरेको आज्ञालाई सदैव शिरोधर गर्नु पर्छ, तव मात्र उसले सही ज्ञान प्राप्त गरी गुरु भन्दा महान बन्न सक्छ भन्ने सन्देश यस पौराणिक कथाबाट प्राप्त गर्न सकिन्छ ।

यस कथाका प्रमुख पात्र ऋषि धौम्य गुरुले उपमन्युको परीक्षा लिन गरेका विभिन्न बन्देज पार गर्ने क्रममा आँखा गुमाएका उपमन्यु इनारमा पर्नु, अश्विनी कुमारले उपमन्युसको उपचार गर्न लाग्दा उपमन्युले गुरु आज्ञा ननाघ्ने प्रण गर्नु, पछि उपाध्यायले भनेअनुसार पुकार गरेपछि अश्विनिकुमारले पुवादिनु, त्यो पुवा उपमन्युले आफ्ना गुरु धौम्यलाई नसोधी नखाने कुरा गर्नु त्यसपछि तिम्रा गुरुले कसैलाई नसोधी खाएको प्रसङ्ग उल्लेख गर्दै गुरुभन्दा ज्ञानी बन्ने आर्शिवाद दिएको पाइन्छ । यस कथाले गुरु भक्तिले ज्ञान प्राप्त हुने सन्देश दिएको छ । गुरु भक्तिको जिम्मेवारी सहि तरिकाले गर्नाले आफूलाई पनि गुरुले महान गुरु मान्न सक्ने कुराको तथ्यलाई यस कथाले प्रष्ट्याएको छ ।

### ३.४.३ ऐतिहासिक कथा

राष्ट्रको गौरव बढाउने वीर, वीराङ्गनाहरूको पराक्रम सम्बन्धी घटनामा आधीरत 'घरझगडा' ऐतिहासिक कथा हो । पृथ्वीनारायण तथा प्रताप शाहको मृत्युपश्चात् नाबालक राजेन्द्र शाहलाई काखमा च्यापी नायवी राज्य सञ्चालन गर्न राजेन्द्रलक्ष्मी तत्पर भएको तथा बाबु र दाजुको आकांक्षा मुताविक राज्य अगाडि बढाउनु पर्छ भन्ने सोचाइ राखेका बहादुर शाहबीच भएको तानातानीलाई प्रमुख विषयवस्तु बनाइएको छ ।

यस कथाका पात्र-पात्रा राजेन्द्रलक्ष्मी तथा बहादुर शाहले एकले अर्कालाई चिन्न सकेका छैनन्, मात्र भारदार तथा बाह्य शत्रुको कुरा सुनी एकले अर्कालाई नजरबन्द तथा थुनुवा बनाउने कार्य गरिरहेको घटनालाई वर्णन गरेको छ । पूर्खाको सपना पूरा गर्ने दुवैको मनसाय भएपनि आ-आफ्ना विचारलाई अभिव्यक्त गर्न नसक्दा आफ्नो भित्री चाहाना नबुझी कनसुत्ला जस्तो व्यवहार गर्ने भारदारको कुरालाई लिएर घरझगडा सुरू भएको छ ।

राज्य सञ्चालन तथा एकीकृत र विस्तार गर्दा वीरहरूले देखाएको साहस, खेलेको भूमिका तथा सहनु परेका कठिनाइहरूलाई समेटेर कथा सिर्जना गरिएको छ । पासोमा फसाउन भारदारहरूले रचेको षडयन्त्रबाट बच्न गर्नुपरेको साहसिक कदमहरूलाई पनि चर्चा गरिएको छ । राज्यको सञ्चालनमा देवर भाउजूबीचको कचिङ्गललाई विषयवस्तु बनाए पनि राष्ट्रको गौरव बढाउने उनीहरूले गरेका कार्यको चर्चा गरेकाले अर्थात वीर वीरङ्गनाको पराक्रमसम्बन्धी चर्चा गरेकाले प्रस्तुत 'घरझगडा' ऐतिहासिक कथाको रूपमा चर्चित छ । यस कथाले घरझगडा हुन दिनु नहुने सन्देश दिएको छ ।

### ३.४.४ नीतिकथाः

नैतिक चरित्र निमाण गर्ने उपदेशात्मक, नीतिमूलक सम्वन्धी विषयमा लेखिएको 'नुनको सोझो' नीतिमूलक कथा हो । यस कथाका प्रमुख पात्र गुरु नानकले कुकर्ममा

लागेको व्यक्ति मुमियालाई सहि मार्गमा लाग्न प्रेरित गरेको कुरालाई नैतिक सन्देश मार्फत स्पष्ट पारिएको छ ।

भूमिया नामक व्यक्ति चोरको नाइके हो उसले आफ्नो गाउँ लगाएत सर्वत्र चोरी गरी सबैलाई सताउने गरेको थियो । एकदिन गुरु नानक त्यहि बाटो गरी भूमियाको घरमा बास वस्न पुग्छन् । गुरुनानकका सत्वाणी र उपदेश सुनी भूमियाले आफू कुकर्ममा लागेको कुरा व्यक्त गर्छ । गुरु नानकले अवदेखि तिमीले चोरी गर्ने छैन भनि वाचा गर भन्दा भूमियाले अव देखि म सत्यको अनुसरण गर्नेछु, नुन खाएको व्यक्तिको कुभलो गर्नेछैन र गरिबलाई सताउने छैन भनि वाचा बन्धन गर्छ । तर चोरेको बानी कहाँ छुट्नु र ऊ फेरी चोर्नको लागि उसलाई छलकपट, हिंसा, चोरी आदि व्यभिचार प्रवृतिले सताउँछ । ऊ महाराजाको दरबारमा चोरी गर्न जान्छ उसले अमूल्य बस्तु चोर्छ त्यसै क्रममा उसले भाँडोमा नुनिलो र स्वादिलो चनाचटपटे देख्छ भोकले गर्दा उसले त्यो परिकार खान्छ । यसरी उसले सवै खाइ सकेपछि गुरु नानकको बाणी सम्भियो । जसको नुन खान्छु उसको कुभलो हुने कार्य कदापि गर्ने छैन । यसरी पछि उसले चोरेका सवै धनमाल फिर्ता गयो । यसरी आफ्नो भित्री बासनालाई विवेकले प्रारास्त गराइ उसले सवै सम्पत्ति राजमहलमा छोडी खाली फिर्ता हुन्छ । उता राजाले भूमियाको वास्तविकता थाहापाई त्यसलाई क्षमायाचन गरी रोजगार प्रदान गरे त्यसदिन देखि भुमियाले कहिल्यै पनि चोरी गरेन र असत्य पनि बोलेन । यसरी उसले बाँकी दिन सत्कर्ममा लागि विताउने मौका पायो । यस कथाले हत्याहिंसा, चोरी नगरी सत्कर्ममा लाग्न प्रेरित गरेको छ ।

### ३.४.५ आधुनिक कथाः

समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा चित्रण गर्ने, वर्तमान युग चेतना प्रतिबिम्बित गर्ने ‘मनु’ कथा आधुनिक कथा हो । यो सामाजिक बालमनोवैज्ञानिक आधुनिक कथा हो । यसमा छोरा र छोरीप्रतिको असमानतालाई नेपाली समाजमा कसरी लिइन्छ भन्ने कुराको चित्रण गरेको छ । यस कथाकी प्रमुख पात्र पूर्णकला, छोरा

मनु र सन्ध्या बीचको वार्तालापलाई प्रमुख विषय वनाइएको छ । यसमा गौण पात्रका रूपमा पूर्णकलाको श्रमिान र सासु रहेकी छिन् । बुढेसकालमा पूर्णकलाले छोरा मनुलाई जन्म दिएको, उसलाई सवैले ज्यादै माया गरी हुर्काएको, छोरी सन्ध्यालाई घरको सवै काम गर्न लगाउने आमा पूर्णकला छोरा मनुलाई काम त के खाना खुवाउन समेत फकाउँथिन् । अचानक एकदिन छोरा मनुको गाडिले कुचिएर मृत्यु हुन्छ त्यसबेला देखि आमा पूर्णमाया ज्यादै दुःखी र निराश हुन्छिन् । छोरी सन्ध्याले आमालाई धेरै सम्झाउँछे तर आमाको मन केही गरी थामिदैन त्यसैबेला छोरी सन्ध्याले "उसो भए के यस घरप्रति कुनै कर्तव्य छैन त हजूरको ? भनी आमासँग प्रश्न गर्छे । त्यस प्रश्नको जवाफमा आमाले "छ, किन छैन ! तर म के गरुँ ! कति गर्दा पनि उसलाई भुल्न सक्दिन, कसरी बिर्सूं, कसरी सम्हालुँ म यो मनलाई ......" । फेरी छोरीले उसो भए यो घरमा कोही छैन अरू ? के म पनि हजुरकी छोरी होइन र ? म प्रति उत्तरदायित्व छैन र हजुरको ? म पनि त हजुरकै सन्तान हुँ । मेरो मुख हेरेरकिन सम्हाल्न सक्नुहुन्न आफूलाई ? के म पनि हजुरका निम्ति मरिसकेँ ?" यसरी छोरीले गरेको प्रश्न तरबारको धार झै बनेर तेर्सिन्छ पूर्णकलाको अगाडि जसबाट पूर्णकलाको बोली बन्द हुन्छ ।

यसरी नेपाली समाजमा यथार्थ रूपमा यस्ता घटना हुन्छन् । जुन आफ्ना समान सन्तानमध्ये छोरीलाई भन्दा बढी छोराको हेरविचार गर्ने, छोरा-छोरी बीच असमान व्यवहार गर्ने जसले गर्दा स्वर्ग जस्तो घर मसानघाट पुगेका तमाम उदाहरणहरू छन् नेपाली समाजमा । यस कथाले पनि नेपाली समाजलाई सही बाटोमा डोऱ्याउने प्रयास गरेको छ । यस कथाले बालमनोवैज्ञानिक असरलाई पनि उजागर गर्ने प्रयास गरेको छ ।

### ३.५ निष्कर्ष

कथा शिक्षणको मूल प्रयोजन भाषिक सीप विकास गर्नु हो । कथा लिखित र मौखिक रूपमा भन्ने परिपाटी धेरै पुरानो चलन हो । कथालाई समाजको ऐना (

प्रतिविम्ब) भनिन्छ । जसले सामाजिक स्थितिको बारेमा जानकारी दिने गर्दछ । कथा लेखनले वाक्यगठनको अभ्यासका साथै मौखिक अभिव्यक्ति सीपको विकासमा समेत टेवा पुऱ्याउँछ । कथाले समाजका विसङ्गति, विकृतिप्रति धावा बोल्दै कुसंस्कार र गलत परम्पराको विनास गर्दै वालवालिकाहरूमा दृढ विश्वास र स्वच्छ भावनाको विकास गराउन मद्दत पुऱ्याउँछ । त्यसका साथै शब्दभण्डार, वाक्यगठन र भाषिक अभिव्यक्ति जस्ता सीपमा समेत उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ । कथा शिक्षणबाट भाषिक सीपको अभ्यास, शब्दभण्डार, उखानटुक्का, पठनबोध अभ्यासका साथै सिर्जनात्मक विकास गराउन, साहित्यिक अभिव्यक्ति बढाउन र चरित्रनिर्माण गर्ने यस विधाको शैक्षिक प्रयोजन रहेको हुन्छ ।

पाठ्यपुस्तकमा कथा विधा समावेश गर्नुको खास कारण अन्तर्गत भाषिक सीपको विकास गराउँदै नैतिक मूल्य र मान्यता, व्यापक राष्ट्रिय भावना, कर्तव्य परायणता, समाज सुधार, असत् पक्षमाथि सत् पक्षको विजय जस्ता कुराको विकास गराउनु हो । यसलाई पनि मूल र गौण प्रयोजन गरी दुई भागमा देखाउन सकिन्छ । विद्यार्थीहरूले स्पष्ट एवं क्रमिक रूपले घटनाको वर्णन गर्नसक्ने, पढिएको कथालाई आफ्नो भाषामा व्यक्त गर्न सक्नु यसको मूल प्रयोजन हो । सामाजिक परिवेशको जानकारी गराउनु, आनन्दानुभूति गराउनु, कर्तव्यको पाठ सिकाउनु, विश्ववन्धुत्वको भावनाको विकास गराउनु र मनोविज्ञानको ज्ञान प्रदान गर्नु जस्ता उद्देश्य कथाको गौण प्रयोजन अन्तर्गत पर्दछन् । कथाले विशेषगरी भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विद्यार्थीहरूलाई दक्ष बनाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कक्षा ८ मा दिइएका ५ वटा कथामध्ये सवै कथाले कुनै न कुनै भाषिक सीप विकास गर्नमा सहयोग गरेको पाइन्छ । यहाँ निम्न माध्यमिक तहको पाठ्यक्रममा उल्लेख गरिए अनुसारका कथाहरू यस कक्षा ८ को पाठ्यपुस्तकमा समावेश गरिएका छन् । जसलाई लोक कथा, आधुनिक कथा, पौराणिक, ऐतिहासिक र नीति कथा गरी ४ प्रकार तथा ५ वटा विषयवस्तुमा आधारित रहेको पाइन्छ । जसमा सवै कथाले केही न केही सन्देश दिएको पाइन्छ । जसमध्ये लोककथा ‘खसीको तौल’ले मानिसलाई चलाख (बाठो) भइ

थोरै स्रोत र साधनबाट धेरै काम गर्न, धैर्य, परिश्रमी, मिलनसार र नम्र भइ आफ्नो कर्ममा लागि परे कुनैपनि समस्या समाधान गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । त्यसैगरी पौराणिक कथा ‘उपमन्युको परीक्षा’ ले गुरुको आज्ञा पालन, गुरुभक्ति गरेमा महान बन्न सकिने सन्देश दिएको छ । ऐतिहासिक कथा ‘घरझगडा’ले आफ्नो परिवारबीच मनमोटाब गर्नाले अन्य बाह्य व्यक्तिले फाइदा लिन सक्छ, घरको कुरा घरमै मिलाउन पर्छ, भाइफुटे गुहार लुटे गर्नु हुदैन भन्ने पाठ सिकाएको छ । त्यसैगरी ‘मनु’ आधुनिक कथाले छोरा-छोरी प्रति भेदभावको व्यवहार गर्नुहुँदैन जसले कलिला बालबालिकाको दिमागमा मनोवैज्ञानिक असर पर्न सक्छ, छोरा-छोरी समान हुन् भन्ने कुराको पाठ सिकाएको छ । अन्तमा ‘नुनको सोझो’ नीति कथाले कुकर्ममा लाग्ने व्यक्तिको कहिल्यै भलो नहुने, चोरी, हिंसा, हत्या कोही कसैले गर्नुहुँदैन त्यो काम गर्नु भनेको अमानवीय कार्य हो । जसको नुन खाइन्छ उसको भलो विपरीत हुने काम कहिल्यै गर्नु हुँदैन, सत् व्यक्तिको सत् वचनमा लागेमा नराम्रो वानी पनि त्याग्न सकिन्छ भन्ने नैतिक चरित्र सुधारको पाठ सिकाएको छ । यसरी समग्रमा सबै कथाले भाषिक सीप विकासका साथै नैतिक पक्षमा सुधार गर्न समेत सहयोग गरेको पाइन्छ ।

## परिच्छेद चार

# कथामा प्रयुक्त नमूना अभ्यासको विश्लेषण

### ४.१ परिचय

अभ्यास शिक्षण सिकाइ क्रियाकलापको मेरुदण्ड हो । भाषा सिकाइमा त झन अभ्यासको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाको सिकाइ पनि अन्य सीपहरूको सिकाइ जस्तै हो । पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरू हासिल भयो कि भएन भनेर जाँच्ने कसीका रूपमा अभ्यासलाई लिन सकिन्छ । पाठ्यक्रमका लक्ष्य र उद्देश्यअनुकूल तयार पारिएका पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु के कति हदसम्म विद्यार्थीले ग्रहण गर्न सके भन्ने कुरा थाहा पाउन त्यसै पाठ्यपुस्तकभित्र प्रयुक्त नमूना अभ्यासहरूको सहारा लिनुपर्ने हुन्छ । अन्य विषय झैं भाषा पाठ्यपुस्तकमा पनि अभ्यासलाई आधारविन्दुका रूपमा लिइन्छ । भाषा सिक्नका लागि अभ्यासको निरन्तरता र पुनरावृत्ति चाहिन्छ । कुनैपनि पाठ्यविषयको संरचना थाहा पाएर मात्र भाषाको सिकाइ सम्भव हुँदैन । भाषा सिकाइका लागि भाषाको प्रयोगमा अभ्यस्त रहनु पर्दछ ।

"कुनै पाठ्य विषयमा दोहोऱ्याई तेहऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेत ।" (पोखरेल, दाहाल र अन्य, २०४०: ६९) "शिक्षक विद्यार्थीको शैक्षणिक क्रियाकलापलाई निरन्तर रूपले अगाडि बढाउने काम अभ्यासले गर्दछ । शिक्षण कार्यको व्यवस्थित तयारी र मूल्याङ्कनको सजिलो उपायका रूपमा नमूना अभ्यासको भूमिका रहन्छ । पाठ्यपुस्तकमा राखिएका विधा एवं उपविधा भन्दा त्यसका आधारमा गराइने भाषिक अभ्यास महत्वपूर्ण कुरा हो । त्यसैले पाठ्यपुस्तकमा सवभन्दा महत्वपूर्ण स्तम्भ भाषिक नमूना अभ्यास हुन आउँछ । भाषिक नमूना अभ्यासले शिक्षक र विद्यार्थी दुवैलाई प्रयाप्त मात्रामा निर्देशनको काम गर्दछ । ती अभ्यासहरू पाठ्यपुस्तकका विधा एवं उपविधाहरूको प्रयोजन वा उद्देश्य अनुरूप हुनुपर्दछ ।" (अधिकारी: २०४६: ६९) ।

पाठ्यपुस्तकमा दिइएको अभ्यासद्वारा निर्देशन, गृहकार्य, परीक्षण, प्रोत्साहन र पुनरावृत्तिका कार्यकलाप गराउन सकिन्छ । व्याकरण र पठनबोध सम्वन्धी क्रियाकलापहरूमा नमूना अभ्यासबाट बढी सम्भव हुन्छ । त्यसैले भाषाका पाठ्यपुस्तकमा प्रत्येक पाठ पछि अभ्यास दिइनु अत्यावश्यक छ । कक्षा ८ को कथाका प्रत्येक पाठ पछि अभ्यासको उल्लेख गरेको पाइन्छ ।

## ४.२ नमूना अभ्यासका प्रश्नको प्रकृति

भाषिक सीपको विकास गर्न र पाठ्यक्रमको उद्देश्यलाई पूर्ण गर्ने काम नमूना अभ्यासले गर्दछ । कथाका मूल पाठका अन्त्यमा दिइएका पाठसम्वन्धी र व्याकरण सम्बन्धी अभ्यासले कथाबाट प्राप्त गर्न सक्ने उद्देश्यहरू पूरा गराउनका लागि ठूलो मद्दत गर्दछ । पठनबोधको अभ्यासले शिक्षणलाई अझ प्रभावकारी बनाउँछ । भाषाका पाठ्यपुस्तकमा पाठका अन्त्यमा दिइएका अभ्यासले वा त्यहाँभित्रका प्रश्नहरूले शिक्षणलाई सबल र दुर्वल पार्न सक्छन् । यहाँ पाठका अन्त्यमा दिइएका अभ्यासका प्रश्नको प्रकृति निम्न प्रकार छः

सबै कथाका अभयासमा रहेका प्रश्नका किसिमलाई क्रमशः यसप्रकार देखाउन सकिन्छ । पहिलो नम्बरमा मौखिक उत्तर देऊ, एक वाक्यमा उत्तर देऊ, सबैभन्दा ठीक उत्तरमा (√) चिन्ह लगाऊ, अनुच्छेद सस्वर वाच्न गर जस्ता प्रश्नहरू समावेश गरिएका छन् । दोस्रो नम्बरमा शुद्ध उच्चारण गर, वाक्यमा प्रयोग गर, तलका प्रश्नको उत्तर देऊ, तेस्रो नम्बरमा अनुच्छेद पढी प्रश्नको उत्तर देऊ, वाक्यमा प्रयोग गर, सच्याएर कापीमा सार, त्यसैगरी चौथो नम्बरमा शब्दको अर्थ बताऊ, उत्तर देऊ, कसले कसलाई किन भनेको हो, अर्थ लेख जस्ता अभ्यासहरू समावेश गरिएका छन् । पाँचौ नम्बरमा भाव स्पष्ट गर, व्याख्या गर, वाक्यमा प्रयोग गर जस्ता अभ्यास रहेका छने् । छैठौं नम्बरमा पुष्टि गर वर्णन गर, छलफल गर जस्ता अभ्यास, समावेश गरिएका छन् । सातौं नम्वरमा छोटकरीमा उत्तर देऊ, छलफल गर, चिनाऊ, भावविस्तार गर, आठौं नम्बरमा घटनाक्रम मिलाऊ, पुष्टिगर, नवौं नम्बरमा छलफल

गर र निष्कर्ष निकाल, दशौं नम्बरमा सारांश लेख र एघारौं नम्बरमा उदाहरण दिई प्रष्ट गर भन्ने जस्ता प्रश्नहरू रहेका छन् । त्यसपछि सबै पाठमा व्याकरण सम्बन्धी अभ्यास राखिएको छ । अभ्यासको अन्तिम भागमा भने सिर्जनात्मक प्रश्नहरू समावेश गरिएका छन् ।

कथा पाठहरूका नमूना अभ्यासमा समावेश भएका प्रश्नका प्रकृतिलाई निम्नलिखित तालिकाद्वारा अझ्प्रष्ट पार्न सकिन्छः

तालिका नं. ३

प्रश्नको प्रकृतिका आधारमा विश्लेषण

| पाठ शीर्षक | कण्ठस्थ | बोध | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|
| खसीको तौल | ९ | ११ | ६ | - | २६ |
| मनु | ११ | ९ | ३ | १ | २४ |
| उपमन्युको परीक्षा | - | १० | ३ | २ | १५ |
| घरझगडा | - | ७ | ३ | १ | ११ |
| नुनको सोझो | - | ९ | ५ | २ | १६ |
| जम्मा | २० | ४६ | २० | ६ | ९२ |

माथि उल्लिखित तालिका हेर्दा कण्ठस्थ २० वटा अर्थात २१.७३ प्रतिशत, बोध ४६ वटा अर्थात ५० प्रतिशत, प्रयोगात्मक २० वटा अर्थात २१.७३ प्रतिशत र सिर्जनात्मक ६ वटा अर्थात ६.५२ प्रतिशत रहेका छन् । सवैभन्दा बढी बोध प्रश्नहरू र सवैभन्दा कम सिर्जनात्मक प्रश्नहरू रहेका छन् ।

## ४.३ स्वरूपका आधारमा विश्लेषण

पाठ्यपुस्तकमा प्रयुक्त पाँचवटै कथाका पाठका नमूना अभ्यासमा जम्मा गरी ४६ वटा प्रश्नहरू रहेका छन् । जसमा निवन्धात्मक प्रश्न ९ वटा रहेको पाइन्छ । 'घर झगडा' कथामा एक वटा र अन्य सवै कथामा दुई दुई वटा निवन्धात्मक प्रश्नहरू समावेश गरिएका छन् । सम्पूर्ण कथा पाठका नमूना अभ्यासमा संक्षिप्त उत्तरात्मक प्रश्न ३६ वटा छन् । संक्षिप्त उत्तरात्मक प्रश्नहरूको संख्या निवन्धात्मक र वस्तुगत प्रश्नका तुलनामा अधिक देखिन्छ । यसका साथै सवै पाठमा यस खाले प्रश्नहरू समावेश गरिएका छन् । जस्तैः

(क) मनु कस्तो स्वभावको बालक थियो ? (मनु, पृष्ठः ३९)

(ख) भुमियाको जीवनमा परिवर्तन आउनका कारणहरू के थिए? (नुनको सोझो, पृष्ठः ११३)

(ग) घर झगडा कथाको मुख्य अभिप्राय के हो ? (घरझगडा, पृष्ठः ८९)

(घ) बूढा व्यापारी युवकका कुन कुन कार्यले अचम्मित परे ? (खसीको तौल, पृष्ठः १८)

यसरी दिइएका संक्षिप्त उत्तरात्मक प्रश्नहरू विद्यार्थीको स्तर र कक्षा अनुरूप नै देखिन्छन् । यस्ता प्रश्नहरू मौखिक र लिखित दुवै युक्तिका लागि उपयोगी हुन्छन् । त्यसैले यहाँ संक्षिप्त उत्तरात्मक प्रश्नहरूको प्रयोग नमूना अभ्यासमा उपयुक्त देखिन्छ ।

वस्तुगत प्रश्नको संख्या नमूना अभ्यासमा अरूका तुलनामा ज्यादै कम देखिन्छ । सबै कथाहरूमा वस्तुगत प्रश्नहरू समावेश गरिएको छैन । उपमन्युको परीक्षा नामक कथामा एउटा अभ्यास मात्र दिइएको छ । जसमा १० वटा प्रश्नहरू दिइ उपयुक्त भनाइमा ठीक चिन्ह लगाऊ भनिएको छ । यस अभ्यासमा सवै प्रश्नहरू ठीक लगाउने मात्र भएकोले वस्तुगत प्रश्नको अभ्यासमा ज्यादै कम गरिएको छ ।

अतः नमूना अभ्यासका सवै प्रश्नको स्वरूप र संख्यालाई निम्न लिखित तालिकाद्वारा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं. ४

प्रश्नको स्वरूपमा आधारमा नमूना अभ्यासको विश्लेषण

| पाठशीर्षक | निवन्धात्मक | संक्षिप्त उत्तरात्मक | वस्तुगत | जम्मा |
|---|---|---|---|---|
| खसीको तौल | २ | ८ | - | १० |
| मनु | २ | ७ | - | ९ |
| उपमन्युको परीक्षा | २ | ८ | १ | ११ |
| घर झगडा | १ | ७ | - | ८ |
| नुनको सोझो | २ | ६ | - | ८ |
| जम्मा | ९ | ३६ | १ | ४६ |

माथि उल्लिखित तालिका हेर्दा कथाका सम्पूर्ण अभ्यासमा जम्मा ४६ वटा प्रश्नहरू छन् । ती मध्ये निवन्धात्मक प्रश्न ९ अर्थात १९.५६ प्रतिशत, संक्षिप्त-उत्तरात्मक प्रश्न ३६ वटा अर्थात ७८.२७ प्रतिशत र बस्तुगत प्रश्न १ वटा अर्थात २.१७ प्रतिशत रहेको स्पष्ट हुन्छ ।

### ४.४ सीपगत आधारमा अभ्यास

कथाको पाठको अन्त्यमा दिइएका नमूना अभ्यासहरूलाई सीपगत वा उद्देश्यका आधारमा विश्लेषण गर्न सकिन्छ । कुन-कुन उद्देश्य वा कुन-कुन सीपलाई पूर्ति गर्ने खालका अभ्यासहरू समावेश गरिएका छन् । त्यसको आधारमा पनि पाठका अभ्यासलाई विश्लेषण गर्न सकिन्छ । खासगरी पाठमा राखिएका नमूना अभ्यासहरूले भाषाका चार वटै सीपलाई अगाडि बढाउन सक्नुपर्छ ।

प्रत्येक कथाको पाठको अन्त्यमा राखिएका विविध अभ्यासहरू के कस्ता सीपहरू हासिल गर्ने खालका छन् । तिनको चर्चा गर्नु अपरिहार्य ठानिन्छ । कथाको पाठको अभ्यासमा समावेश गरिएका प्रश्नोत्तरको कार्यकलापबाट बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न मद्दत मिल्दछ । तीनै सीपको विकासको लागि सबै कथामा लामा, छोटा र वस्तुगत गरी जम्मा ४६ वटा प्रश्नहरू समावेश गरिएका छन् । यी प्रश्नहरूबाट भाषाको बोलाइ, पढाइ र लेखाइ सीप विकासमा मद्दत मिल्छ ।

भाषाका चारैवटा सीपको महत्व उत्तिकै भएपनि आ-आफ्नो ठाउँमा सबैलाई उच्च स्थानमा राख्न सकिन्छ । सुनाइ सीप भाषाका चार सीप मध्ये पहिलो सीप हो । जस्तो सुन्छ, उस्तै बोल्छ, उस्तै लेख्छ तसर्थ सुनाई आवश्यक मानिन्छ । सुनाइ सीप विकासका कार्यकलापहरू छलफल गर्ने, सारांश लेख्ने, व्याख्या गर्ने र मौखिक प्रश्नोत्तर गराउने जस्ता प्रश्नहरूको आवश्यकता पर्छ । कथाका सवै पाठहरूमा अभ्यासमा उपयुक्त प्रश्नहरू एउटा एउटा भएपनि समावेश गरिएको छ । मौखिक उत्तर देऊ, कसले कसलाई भनेको हो भन्ने प्रश्नबाट पनि सुनाइ सीपको विकासमा टेवा पुर्‍याएको देखिन्छ ।

नमूना अभ्यासमा बोलाइ सीप विकास गर्ने अभ्यासहरू राखेमा उपयुक्त मानिन्छ । बोलाइ सीप विकास गर्ने कार्यकलापहरूमा छलफल गर्ने, छोटो उत्तर देऊ, शुद्ध उच्चारण गर, शब्दको अर्थ बताऊ, अनुच्छेद सस्वरवाचन गर जस्ता प्रश्नहरू दिइएको पाइन्छ । यस्ता अभ्यासहरूले विद्यार्थीहरूको बोलाइ सीपको विकासमा सहयोग गर्दछन् । यी माथिका सबै कथाका प्रश्नहरूको अभ्यासद्वारा विद्यार्थीहरूको बोलाइ सीपमा विकास भएको पाइन्छ ।

सुनाइ, बोलाइका साथै पढाइ सीपको पनि उत्तिकै आवश्यकता पर्छ । बालबालिकामा पाठ पढ्न सक्ने क्षमता भएन भने सुनेर र बोलेर मात्र हुँदैन, पढ्ने कलाको पनि विकास हुनुपर्छ । तसर्थ कथाका पाठका अन्त्यमा अभ्यासहरूमा पढाइ सीप विकासका लागि बोध प्रश्नहरू ४६ वटा समावेश गरिएका छन् । यस सीप

विकासमा सहयोग गर्नाकालागि निम्नानुसारका प्रश्नहरू समावेश गरिएका छन् । तोकिएको अनुच्छेद प्रष्टसँग पढ, शुद्धउच्चारण गर, कसले कसलाई भनेको हो जस्ता प्रश्नहरू समावेश गरिएका छन् । यस्ता अभ्यासबाट पढाइ सीपको विकास गराउन सकिन्छ ।

लेखाइसीप विकासको पनि अन्य सीप जस्तै आवश्यकता पर्ने हुनाले यसको विकासको लागि भने प्रश्नोत्तर, घटनाक्रम मिलाऊ, सारांश लेखन, निष्कर्ष निकाल, पुष्टि गर, भाव स्पष्ट गर, सच्चाएर सार, भावविस्तार गर जस्ता अभ्यास समावेश गरिएको पाइन्छ । यस्ता अभ्यासबाट लेखाइ सीप विकास गर्न सकिन्छ । यसरी पाँचवटा कथाका अभ्यासहरूमा भाषाका चारै सीपलाई विकास गर्ने खालका प्रश्नहरूको संख्या उपयुक्त नै देखिन्छ ।

सिर्जनात्मक अभ्यास 'खसीको तौल' कथाको अभ्यास बाहेक अन्य सवै कथामा समावेश गरिएको छ । यसरी चारवटा सिर्जनात्मक अभ्यास अन्तर्गत ६ वटा प्रश्नहरू समावेश गरिएका छन् । तर खसीको तौल कथा सिर्जनात्मक अभ्यासमा मौन रहेको देखिन्छ । सिर्जनात्मक अभ्यास अन्तर्गत विद्यार्थीहरूले घरपरिवारमा सुनेका कुनै नीति कथा लेखन, आफ्ना गाउँठाउँको घटनालाई आधार मानेर कथा लेख्न जस्ता अभ्यास समावेश गरिएका छन् । जसले विद्यार्थीहरूमा कथा लेख्न सक्ने क्षमताको विकास गर्दछ । त्यसैले प्रत्येक पाठको अभ्यासमा सिर्जनात्मक अभ्यास हुनु जरुरी छ । छलफल गर र सारांश लेख्न जस्ता अभ्यासले पनि विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गराउने भएकाले यस्ता अभ्यास खसीको तौल, मनु, घरझगडा, नुनको सोझो कथामा राखेको पाइन्छ । यस्ता खाले प्रश्नहरूले विद्यार्थीको सिर्जनात्मक विकासमा ठूलो भूमिका खेलेका हुन्छन् । यस्ता अभ्यास सबै पाठमा राख्न आवश्यक देखिन्छ । अतः यस्ता अभ्यासहरू सम्पूर्ण पाठहरूमा राख्दा पाठ पढिसकेपछि वा पढाइसकेपछि अपेक्षित रूपमा पाठको उद्देश्य पूर्ति गर्न सकिन्छ । कथा पढिसकेपछि त्यसैको आधारमा कथालेखन गर्न लगाउनु कथा शिक्षणको उद्देश्य भएकाले यस्ता सिर्जनात्मक

अभ्यास नराख्दा कथाका पाठको उद्देश्य अपूरो रहने संभावना हुन्छ । तसर्थ प्रत्येक कथाका पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास अनिवार्य राख्नु आवश्यक देखिन्छ ।

### **४.५ व्याकरण सम्वन्धी अभ्यासः**

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त विभिन्न विधाका पाठका साथसाथै व्याकरण सिकाउदै लैजानु अपरिहार्य हुन्छ । कक्षा ८ मा नेपाली भाषाको शिक्षणका लागि व्याकरण सिकाउने व्यवस्था भएको छ । व्याकरणलाई आधुनिक तरिकाद्वारा शिक्षण गर्ने नीतिअनुरूप भाषापाठ्यपुस्तक विधिद्वारा शिक्षण गर्न पाठ्यपुस्तकमा नै व्याकरणका विषयवस्तुलाई समावेश गरिएको छ । भाषिक सीप र क्षमताको विकास गर्न भाषाको शुद्ध र स्पष्ट प्रयोग गर्न पाठका अन्त्यमा व्याकरणको अभ्यास राख्नु आवश्यक छ । कक्षा ८ को कथा विधाको पाठका अन्त्यमा दिइएका व्याकरणका अभ्यासको विश्लेषण निम्न प्रकार छः

(क) काल: खसीको तौल कथा पाठका अभ्यासमा काल सम्बन्धी व्याकरण शीर्षकमा कालको उदाहरण र प्रयोग सम्वन्धी अभ्यास उल्लेख गरिएको छ । यो पाठ्यक्रमको क्षेत्र र क्रम नम्बर २ को. 'ग' सँग सम्बन्धित छ । त्यसैले यसलाई पाठ्यक्रम अनुरूप मान्नुपर्ने हुन्छ । यस अभ्यासमा भविष्यकालको विभिन्नपक्षहरूको धारणा दिनको लागि उदाहरणबाट शुरु गरेर पछि परिभाषा दिई स्पष्ट्याइएको छ । यस अभ्यासमा परम्परागत रूपमा चल्दै आएको निगमन विधिलाई त्यागी आगमन विधिद्वारा भविष्यतकालका बारेमा जानकारी दिने प्रयास गरिएको पाइन्छ । जस्तैः "एउटा बलियो खसी दिइनेछ । जुन व्यक्तिले दुई महिनासम्म खसीको तौल यथावत् राख्ने गरी पाल्न सक्छ । त्यसलाई ठूलो इनाम दिइने छ ।" (खसीको तौल: १९)

यहाँ 'दिइनेछ' क्रियापदले भविष्यतकाल जनाउँछ, यसै अनुसार विद्यार्थीहरूलाई अन्य क्रियापद बनाउन निर्देशन दिइएको छ । त्यसैगरी कुनै अनुच्छेद पढी त्यसमा रहेका भूतकालका क्रियापद खोज भनी अभ्यासमा विद्यार्थीहरूलाई निर्देशन दिइएको छ । तर भूतकालको उदाहरण र परिभाषाबारे केही पनि उल्लेख गरिएको छैन । जसले

गर्दा कमजोर विद्यार्थीहरूलाई बुझ्न कठिन पर्न सक्छ । व्याकरण स्तम्भमा दिइएको यो अभ्यास विना उदाहरण र विना परिभाषा भएकोले विद्यार्थीको क्षमताभन्दा कठिन छ त्यसैले यस अभ्यासलाई असान्दर्भिक ठानिन्छ । अतः भविष्यतकालमा बारेमा उदाहरण परिभाषा र प्रयोग दिई अभ्यास गराउन सकेको खण्डमा उपयुक्त हुने देखिन्छ ।

(ख) अर्थ र भावः

'खसीको तौल' र 'उपमन्युको परीक्षा' कथाका अभ्यासमा अर्थ र भाव शीर्षकमा व्याकरण सम्बन्धी अभ्यास दिइएको छ । यो क्षेत्र र क्रम नम्बर को क,ख,ग,घ ४ सँग सम्बन्धित छ । त्यसैले यस अभ्यासलाई पनि पाठ्यक्रम अनुरूप नै मान्नुपर्छ । यस अभ्यासमा वाक्यका प्रकार अन्तर्गत रहेका सम्भावनार्थ, सामान्यार्थ र आज्ञार्थलाई अभ्यासको विषयवस्तु बनाइएको छ । यस अभ्यासमा आगमन विधिद्वारा नै सिकाउने प्रयास गरिएको देखिन्छ । 'खसीको तौल' कथामा पहिला सम्भावनार्थ जनाउने क्रियापद दिइएको छ । जस्तैः होला, खाला, जाला, बस्ला । त्यसपछि विद्यार्थीहरूलाई यस्तै खाले क्रिया प्रयोग गरी पाँचवटा वाक्य बनाउन प्रोत्साहित गरिएको छ । उपमन्युको परीक्षा नामक कथामा सामान्यार्थ वाक्य उल्लेख गरी त्यसलाई आज्ञार्थमा परिवर्तन गरेको उदाहरण दिइएको छ । त्यसै उदाहरण अनुरूप अन्य सामान्यार्थ वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्न निर्देशन गरिएको छ । जस्तैः

| सामान्यार्थ | आज्ञार्थ |
|---|---|
| तिमी पनि त्यस्तै गर्छौ । | तिमी पनि त्यस्तै गर |
| उनी पुवा लिन्छन् । | तिमी ...................... |
| उनी पुवा खान्छन् । | तिमी ...................... |

(उपमन्युको परीक्षा, पृष्ठः ५५)

प्रस्तुत अभ्यासमा सम्भावनार्थ वाक्यका क्रियापद थोरै मात्र उल्लेख गरिएको छ । यसपाठसँग सम्बन्धित अन्य क्रियापद जस्तैः थाल्ला, भिक्ला, आउला आदि राखी तिनको प्रयोग भएका केही वाक्य उल्लेख गरिएको भए विद्यार्थीलाई बुझ्न सजिलो हुने थियो । त्यसैगरी सम्भावनार्थ, सामान्यार्थ र आज्ञार्थका विभिन्न वाक्य संयुक्त रूपमा राखी छुट्टाउन लगाएमा अझ प्रभावकारी हुने देखिन्छ । सामान्यार्थ वाक्यको संख्या जम्मा ४ मात्र छ तिनको संख्या बढाइ आज्ञार्थ वाक्यमा परिवर्तन गर्न लगाउनु बढी उपयुक्त हुने देखिन्छ । यसरी समग्रमा हेर्नुपर्दा यो व्याकरण सम्बन्धी अभ्यास पाठ्यक्रम अनुरूप नै देखिन्छ ।

(ग) पदसङ्गतिः

'मनु' र 'खसीको तौल' कथाका व्याकरण स्तम्भमा पदसङ्गति अन्तर्गत पर्ने बचन, लिङ्ग र आदर सम्बन्धी पदावली दिइएको छ । यो कक्षा ८ को पाठ्यक्रममा उल्लिखित विधाको क्षेत्र र क्रममा नम्बर क,ग,घ १ सँग सम्बन्धित छ । त्यसैले पदसङ्गतिलाई व्याकरण अभ्यासमा राख्नु उपयुक्त ठानिन्छ । यस अभ्यासमा आगमनविधिद्वारा सिकाउने प्रयास गरिएको छ । खसीको तौल कथाको शुरुमा वचन, लिङ्ग र आदर मिलेका तीनवटा पदावलीको प्रयोग देखाइएको छ । त्यसपछि त्यसै नियम अनुसार अन्य तीनवटा पदावली बनाउन विद्यार्थीहरूलाई निर्देशन दिइएको छ । जस्तैः

| वचन | लिङ्ग | आदर |
|---|---|---|
| आफ्नो घर | आफ्नी छोरी | आफ्ना बाबु |

(खसीको तौल पृष्ठः १९)

त्यसैगरी मनु कथामा लिङ्ग र आदर सम्बन्धी २/२ वटा पदावली दिइएको छ । जस्तैः

| लिङ्ग | आदर |
|---|---|
| मनुकी आमा | मनुका बुबा |
| मनुकी दिदी | मनुका मामा |

माथिको नियमानुसार अन्य तीन/तीन वटा पदावली लेख भनी निर्देशन गरिएको छ । यसरी माथिको उदाहरण हेरी विद्यार्थीहरूले सजिलै अन्य पदावली तयार गर्न सक्छन् भन्ने अपेक्षा गरिएको छ । त्यस सम्वन्धी उदाहरणको संख्या अप्रयाप्त देखिन्छ, त्यसको लागि पदावलीयुक्त संख्याको मात्रा बढाउनुपर्ने देखिन्छ । त्यसका साथै पदावली मात्र नदिइ वाक्यसमेत निर्माण गरी वचन, लिङ्ग र आदरबारे उदाहरण दिएको भए विद्यार्थीलाई पदसङ्गति अन्तर्गत लिङ्ग, वचन र आदरका बारेमा बुझ्न अझ सजिलो हुने देखिन्छ ।

(घ) पक्षः

'मनु' र 'घरझगडा' कथाका पाठका अभ्यासमा पक्ष सम्बन्धी परिचय र त्यससँग सम्बन्धित अभ्यासहरू राखिएका छन् । पक्षका चार प्रकारमध्ये यहाँ पूर्णपक्ष, अभ्यस्त पक्ष र अज्ञात पक्ष गरी तीन प्रकार मात्र समावेश गराइएको छ । यो पाठ्यक्रमको क्षेत्र र क्रम नं. ३ को ख, ग र घ सँग सम्बन्धित छ त्यसैले यस अभ्यासलाई पाठ्यक्रम अनुरूप भएको मानिन्छ ।

प्रस्तुत विषयवस्तुलाई आगमन विधिद्वारा अभ्यास गराउने उद्देश्य राखिएको देखिन्छ । व्याकरण शिक्षणमा यो विधिलाई आधुनिक र भरपर्दो विधिका रूपमा लिइन्छ । 'मनु' कथाको अभ्यासमा पूर्ण र अभ्यस्त पक्षका क्रियापदहरू दिइएको छ । त्यसै अनुसार पाठबाट थप क्रियापदहरू खोजेर लेख्न निर्देशन गरेको देखिन्छ ।

जस्तैः

| पूर्ण पक्ष | अभ्यस्त पक्ष |
|---|---|
| भएको थियो | गर्दथ्यो |
| भनेकी थिइन् | हिँड्थी |

त्यसैगरी घरझगडा कथामा अज्ञात पक्षका पाँचवटा उदाहरण दिइएको छ । जस्तै -

(क) हिजो बेलुका उनीहरू आएछन् ।

(ख) रामकी बुहारीले छोरी पाइछ । आदि

त्यसको लगत्तै तल अज्ञात पक्ष सम्वन्धी परिभाषा दिइएको छ ।

जस्तैः घटना घटेको वा कार्य भइसकेको कुरा पछि जानकारी हुन आएमा त्यस्तो अवस्था जनाउन प्रयोग गरिने पक्षलाई अज्ञात पक्ष भनिन्छ । अज्ञात भूत जनाउन प्रयोग हुने क्रियापदका धातुमा 'एछ' जोडिन्छ । (पढ+एछ=पढेछ, लेखेछ, सुतेछ, मरेछ) जस्ता क्रियापदहरू अज्ञातभूत जनाउने अज्ञात पक्षका रूप हुन् भनी उल्लेख गरिएको छ । त्यसैगरी अभ्यस्त पक्षका उदाहरणमा निम्न वाक्य उल्लेख गरिएको छ -

१. सीता पुतलीसँगै खेल्थी । २. राम कविता लेख्थ्यो । आदि त्यसपछि बानीका रूपमा बारम्बार हुने गरेको काम जनाउन प्रयोग गरिने क्रियापदलाई अभ्यस्त पक्ष मानिन्छ । अभ्यस्त पक्ष जनाउन धातुमा थियो बाट बनेका 'थ्यो' थी, थ्यौ, थेँ जस्ता रूपहरू जोडिन्छन् । उदाहरणका रूपमा पढ्+थ्यो= पढ्थ्यो । यसरी पहिला उदाहरण दिइ पक्षको बारे सामान्य जानकारी दिइ त्यसलाई अझ स्पष्ट पार्नका लागि परिभाषाको समेत उल्लेख गरिएको छ । त्यसपछि दुवै अभयासका अन्त्यमा एक-एक वटा अभ्यास दिइ विद्यार्थीहरूलाई पूर्ण, अज्ञात र अभ्यस्त पक्षको प्रयोग गर्न लगाइएको छ । यसरी विद्यार्थीहरूले सही प्रयोग गरी पक्षको बारेमा सजिलै बुझ्न सक्ने अभ्यास समावेश गरिएको छ । यसका साथै पक्षका चारै रूपलाई सँगै-उल्लेख गरी अध्यापन गराइएको खण्डमा अझ प्रभावकारी हुने देखिन्थ्यो ।

ङ) अव्यय

'नुनको सोझो' कथाका अभ्यासमा शब्दवर्ग अन्तर्गत पर्ने अव्यय शीर्षकमा व्याकरण सम्बन्धी अभ्यास दिइएको छ । यो पाठ्यक्रमको क्षेत्र र क्रम नं. को ङ, च, छ, ज र झ सँग सम्बन्धित छ । त्यसैले यसलाई पनि पाठ्यक्रम अनुरूप मान्नुपर्छ । शब्दवर्गका दृष्टिले अव्ययका प्रकारहरू नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक, निपातलाई अभ्यासको विषयवस्तु बनाइएको छ । यस अभ्यासलाई आगमन विधिद्वारा सिकाउने प्रयास गरिएको छ ।

यस अभ्यासमा सर्वप्रथम पाँच किसिमका अव्ययका स्वरूपलाई चिनाउने प्रयास गरिएको छ । जस्तैः

(i) नामयोगी - माथि, अगाडि, चोटि

(ii) क्रियायोगी - आज, हिजो त्यहाँ

(iii) संयोजक - र, तर, अनि तापनि

(iv) विस्मयादिबोधक - अहा, अहो र

(v) निपात - ल, खै, नि आदि (नुनको सोझो, पृष्ठः ११४)

त्यसपछि अव्ययको परिभाषा दिइ त्यसको तल पुनः सबै अव्ययको छुट्टाछुट्टै परिभाषा र उदाहरण स्पष्ट रूपमा दिइएको छ । त्यसको लगत्तै पछि भने विद्यार्थीहरूलाई अव्ययहरू दिइ वाक्यमा प्रयोग गर्न र जोडा मिलाउनका साथै पाठबाट अव्यय खोज्न प्रोत्साहित गरिएको छ । जस्तैः

(क) वाक्यमा प्रयोग गर - तापनि, खेरि, अस्ति, र, लौ आदि

(ख) जोडा मिलाऊ-

| | |
|---|---|
| (i) नामयोगी | (i) सुस्तरी |
| (ii) क्रियायोगी | (ii) र ! छि ! |

(iii) संयोजक (iii) लौ, त

(iv) विस्मयादिवोधक (iv) सित, सँग

(v) निपात (v) अनि, पनि आदि

प्रस्तुत अभ्यासका लागि वाक्यमा प्रयोग गर्न दश वटा अव्यय शब्द दिइएको छ । यो संख्याका हिसावले ठिकै देखिन्छ । त्यसैगरी जोडा मिलाऊ मा पाँचवटा अव्ययसँग सम्बन्धित बीस वटा शब्द दिइएको छ । शब्द संख्या पनि उचित नै मानिन्छ । विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूपको अभ्यास भएकाले विद्यार्थीहरूले त्यसलाई सजिलै ग्रहण गर्न सक्नेछन् भन्ने अपेक्षा गरिएको छ ।

पाठ्यपुस्तकमा प्रयुक्त पाँचवटै कथाका पाठहरूमा दिइएका व्याकरण सम्बन्धी विषयवस्तु, क्षेत्र र क्रम, शिक्षण विधि आदिलाई निम्न लिखित तालिकाद्वारा अझ स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका नं. ५

व्याकरणसम्वन्धी विश्लेषण

| क.सं. | शीर्षक | व्याकरणिक विषयवस्तु | क्षेत्र र क्रम संख्या | शिक्षण विधि |
|---|---|---|---|---|
| १ | खसीको तौल | काल (भवि. का), भाव रअर्थ (सम्भावनार्थ), पदसङ्गति ( वचन, लिङ्ग, आदर) | २ को ग, ४ को घ, १ को क, ग, घ | आमगनविधि |
| २ | मनु | पक्ष (पूर्ण अभ्यस्त), पद सङ्गति (लि.आ.) | ३ को ख र घ, १ को क र घ | आमगनविधि |
| ३ | उपमन्युको परीक्षा | भाव र अर्थ (सामान्यार्थ, आज्ञार्थ) | ४ को क र ख | आमगनविधि |
| ४ | घरझगडा | पक्ष (अज्ञात, अभ्यस्त) | ३ को ग र घ | आमगनविधि |
| ५ | नुनको सोझो | अव्यय (ना.यो. क्रि.यो, संयोजक, निपात, विस्मयादिबोधक) | ७ को ङ, च, छ, ज र झ | आमगनविधि |

### ४.६ निष्कर्ष

पाठका अन्त्यमा दिइएका नमुना अभ्यासहरूमा सबभन्दा पहिले मौखिक उत्तर दिने खाले प्रश्नहरू समावेश गरिएको छ । पाँचवटा कथाका पाठसँग सम्बन्धित ६४ वटा शब्दार्थहरूको शब्दार्थ दिइएको छ । पाठका कतिपय शब्दहरूलाई शब्दार्थ स्तम्भमा दिइएको छैन । उखानटुक्का पाठमा प्रयोग गरिएपनि शब्दको अर्थ र प्रयोग दिइएको छैन । कतै अर्थ नदिई प्रयोग गर्न लगाइएको छ । शब्दको प्रयोग पक्षलाई भन्दा अर्थ घोक्न प्रोत्साहित गरेको छ । कथाका पाठको अभ्यासमा दिइएका प्रश्नहरूलाई नियाल्दा यी प्रश्नहरू विभिन्न प्रकृतिका रहेका छन् । मौखिक उत्तर दिने, छोटो उत्तर दिने, भावार्थ लेख्ने, व्याख्या गर्ने, वाक्यमा प्रयोग गर्ने, कसले कसलाई भनेको हो, पढ र बुझ, अर्थ लेख, शुद्ध उच्चारण गर, शुद्ध गर, कथाको सारांश लेख, घटनाक्रम मिलाऊ, निष्कर्ष निकाल, प्रष्ट पार तथा व्याकरणका अभ्यास गर्ने जस्ता प्रश्नहरू समावेश गरिएका छन् । भाषिक सीप प्राप्त गर्ने खालका अभ्यासहरूको संख्या बढाउनुका साथै प्रत्येक पाठमा भाषिक सीप अभिवृद्धिका लागि सिर्जनात्मक अभ्यासहरू प्रत्येक पाठमा अलि बढाउनुपर्ने देखिन्छ ।

कथाका पाठका अन्त्यमा राखिएका नमुना अभ्यासभित्र व्याकरणको अझ बढी महत्व हुन्छ । भाषालाई शुद्धसँग बोल्न, लेख्न र जान्न व्याकरणको आवश्यकता पर्छ । व्याकरण खण्डभित्र भविष्यतकालका पक्षलाई आगमन विधिद्वारा सिकाउन खोजिएको उपयुक्त ठहर्छ तर पाठसँग तालमेल छैन । एउटै अभ्यासमा काल, भाव वा अर्थ र पदसङ्गतिको अभ्यास राख्नु उचित देखिदैन । यसले विद्यार्थीलाई बुझ्न कठिन हुनुका साथै शिक्षकलाई समेत त्यसको धारणा स्पष्ट पार्न झन्झटिलो हुन्छ । पाठगत आधारमा विद्यार्थीलाई व्याकरणात्मक धारणा बसाल्न सजिलो हुने भए पनि अभ्यासहरू पाठअनुरूप छैनन् । 'खसीको तौल' कथा भूतकालमा लेखिएको छ भने त्यसको अभ्यास भविष्यत्कालमा रहेको छ ।

'मनु' कथाको अभ्यासमा पदसङ्गतिअन्तर्गत पर्ने लिङ्ग र आदरलाई सिकाउने प्रयास गरे पनि उपयुक्त वा प्रशस्त उदाहरणहरू छैनन् । यसमा केवल सतही रूपमा २/२ वटा उदाहरण मात्र दिइएको छ । 'नुनको सोझो' कथामा अव्ययका प्रकारहरूको बारेमा उल्लेख गरी परिभाषा र उदाहरण समेत दिइएको छ जसले विद्यार्थीलाई बुझ्न सजिलो हुने देखिन्छ । अव्ययको उक्त अभ्यासलाई उपयुक्त मान्न सकिन्छ । पक्षको बारेमा दिइएको अभ्यासमा उपयुक्त तथा प्रसस्त उदाहरण छैनन् ।

नमूना अभ्यासहरूले भाषाका ४ वटै सीपलाई अगाडि बढाउन सक्नुपर्छ । अभ्यासमा राखिएका प्रश्नोत्तरबाट बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न सकिन्छ । सुनाइ सीप विकासको लागि छलफल गर्ने, सारांश लेख्ने, मौखिक प्रश्नोत्तर गराउने जस्ता कार्यकलापको आवश्यकता पर्छ । बोलाइ सीपको लागि ठीकसँग भन्ने, तात्पर्य स्पष्ट गर्ने, शुद्ध उच्चारण गर्ने, शब्दको अर्थ भन्ने जस्ता प्रश्नहरू आवश्यक पर्छन् । पढाइ सीप विकासको लागि ठीकसँग भन्ने,शुद्ध उच्चारण गर्ने, जस्ता प्रश्नको आवश्यकता पर्छ । लेखाइ सीप विकासको लागि प्रश्नोत्तर, भावविस्तार गर्ने, सारांश लेख्ने, कथा लेख्ने, क्रम मिलाउने तथा तात्पर्य स्पष्ट गर्ने जस्ता प्रश्नबाट पूरागर्न सकिन्छ । यसरी ४ सीपलाई विकास गर्ने अभ्यास प्रशस्त दिंदा उपयुक्त हुन्छ । त्यस्तै सिर्जनात्मक अभ्यासको पनि आवश्यकता पर्छ तर कथा पढिसकेपछि कथा सिर्जना गर्न सक्ने क्षमताको बिकास गर्ने अभ्यासको कमी भेटिन्छ । प्रशस्त अभ्यासबाट मात्र सीपको विकास हुने हुनाले अभ्यासको कमीले बाल-बालिकाको भाषिक सीप पक्ष कमजोर हुन्छ ।

## परिच्छेद पाँच

# कथाका पाठहरूमा प्रयुक्त शब्दभण्डारको आवृत्तिगत विश्लेषण

### ५.१ आवृत्तिको अर्थः

'आवृत्ति'को अर्थ दोहोरिनु हो । "भाषिक कार्य सम्पादनका क्रममा भाषातत्वसँग सम्बन्धित वर्ण, अक्षर, शब्द, पदावली (उखानटुक्का समेत) बारम्बार दोहरिनु नै आवृत्ति हो (शर्मा, पौडेलः २०६०: ३०८) ।" भाषा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउनु हो । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिएका हुन्छन् । विभिन्न विधाहरू समावेश गर्नुको मुख्य उद्देश्य भनेको विधाका माध्यमबाट भाषिक सीपको विकास गराउँदै विभिन्न विषयवस्तु सम्वन्धी जानकारी दिनु हो । कथा विधालाई पनि यहि प्रयोजनका लागि राखिएको पाइन्छ । कथाका पाठहरूबाट भाषिक सीपका साथै विविध ज्ञानको विकास गराउन सकिन्छ । यस्ता पाठ्यविषयको लागि तत्सम्बन्धी विषयसँग सम्बन्धित शब्दभण्डारको छनोट गर्नु पर्दछ । छनोट गरिएका शब्दहरूलाई एकै पटक सिकाएर मात्र पुग्दैन त्यसलाई बारम्बार प्रयोगमा आउने गराउनु पर्दछ । जसले विद्यार्थीहरूलाई पछिसम्म स्थायी रूपमा सम्झिन मद्दत गर्दछ । यसरी एक पटक सिकिसकेको कुरालाई प्रसङ्ग मिलाएर पुनरावृत्ति गराएको खण्डमा सिकाइ प्रभावकारी हुनुका साथै चिरस्थायी हुन सक्छ । (अधिकारीः २०५९: ७०) ।

### ५.२ आवृत्तिको महत्त्व

भाषा पाठ्यांशमा कुनै पनि भाषा तत्वको पुनरावृत्ति हुनु नै आवृत्ति हो । कुनै पनि भाषिक तत्व एकपटक मात्र आउने हो भने विद्यार्थीले त्यसलाई ग्रहण गर्न गाह्रो हुन्छ । यसरी कुनै पनि भाषाको प्रयोगमा भाषिक रूपहरूको आवृत्ति जति बढी हुन्छ तिनको छनोट हुने सम्भावना पनि बढी हुन्छ । ढुङ्गेल र दाहाल ०५८:३५ का अनुसार भाषाको विकास बानीको विकास जस्तै हो जुन अभ्यासद्वारा प्राप्त हुन्छ । जसरी कुनै कुरा निरन्तर अभ्यास गरिरहनाले बानीका रूपमा परिवर्तन हुन्छ, त्यसैगरी कथाका पाठमा प्रयुक्त भाषिक तत्वहरूलाई बारम्बार दोहऱ्याइरहनाले त्यसलाई विद्यार्थीहरूले

बानीको रूपमा परिणत गरी सजिलै बुझ्न सक्ने हुन्छन् । कम आवृत्ति हुने एकाइ भन्दा विभिन्न सन्दर्भमा बढी दोहोरिएर आउने भाषिक एकाइहरू विद्यार्थीका निम्ति बढी स्मरणीय हुन्छन् । त्यसका साथै खास सन्दर्भमा आउने शब्दहरूको आवत्ति गणना गरी कुन चाहि बढी महत्वपूर्ण रहेछ हेर्न सकिन्छ । अतः यहाँ कक्षा ८ को पाठ्यपुस्तकमा प्रयुक्त पाँचवटा कथाका पाठहरूको शब्दभण्डारको मात्र आवृत्तिगत विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ५.३ शब्दभण्डारको आवृत्तिगत विश्लेषणः

पाठ्यपुस्तकमा प्रयुक्त विभिन्न विधाका पाठहरूमा प्रयोग हुने शब्दहरू मध्ये कुनैशब्द एकपटक र  कुनै शब्द बारम्बार प्रयोगमा आउने गर्दछन् । त्यसरी बारम्बार आउने शब्दहरूलाई भाषा शिक्षणका मुख्य शब्दका रूपमा गणना गरिन्छ । जसको लागि त्यस्ता शब्दहरूको आवृत्तिगत दृष्टिले अध्ययन गर्नु बढी उपयुक्त हुन जान्छ । तर रूपायन शब्दहरू र व्यक्तिवाचक नाम जनाउने केही शब्दहरूको आवृत्ति चाहि शिक्षणीय दृष्टिले त्यति उपयुक्त ठहर्दैन । त्यस्ता शब्दहरू पाठ्यपुस्तकका प्रयुक्त कथाहरूमा पनि पाइन्छन् । जस्तैः पूर्णकला, उपमन्यु, भूमिया, नानक आदि । यस परिच्छेद अन्तर्गत पाठमा प्रयुक्त रूपायन शब्द र केही व्यक्तिवाचक नाम जनाउने अर्थात शिक्षणीय दृष्टिले महत्व नभएका शब्दहरू बाहेक सबै कथा पाठहरूमा प्रयुक्त शब्दभण्डारको आवृत्तिगत विश्लेषण गरिएको छ । आवृत्ति भएका शब्दहरूलाई संख्यात्मक रूपमा मात्र उल्लेख नगरी शब्दहरूको नै उल्लेख गरिएको छ । सरलताका लागि आवृत्ति भएका शब्दहरूलाई एकदेखि दुईपटक सम्म र दुइपटक भन्दा बढी आवृत्ति भएका भनी छुट्याएर राखिएको छ । कम आवृत्ति भएका शब्दहरूभन्दा बढी आवृत्ति भएका शब्दहरू भाषा सिकाइका लागि अझ महत्वपूर्ण हुन्छन् । त्यसैले आवृत्ति भएका शब्दहरूलाई कम वा बेसी महत्वका देखाउन मात्र त्यसो गरिएको हो ।

अतः आवृत्तिगत विश्लेषणात्मक क्रममा पहिले सबै कथा पाठहरूको अलग-अलग रूपमा र त्यसपछि सबै कथा पाठहरूको तुलनात्मक रूपमा अध्ययन विश्लेषण गरिएको छ ।

### ५.३.१ खसीको तौल

'खसीको तौल' कथामा जम्मा १२२३ वटा शब्दहरू रहेका छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ११९ वटा छन् । ती शब्दहरूमा पनि कम आवृत्ति भएका शब्दहरू ३८ वटा र बढी आवृत्ति भएका शब्दहरू ८१ वटा छन् ।

अतः माथि उल्लिखित कुराहरूलाई निम्न लिखित तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ६

खसीको तौल कथामा प्रयुक्त शब्दभण्डारको आवृत्ति

| शीर्षक | जम्मा शब्द संख्या | एकदेखि दुईपटक सम्म आवृत्ति भएका शब्दहरू | दुईपटकभन्दा बढी आवृत्ति भएका शब्दहरू |
|---|---|---|---|
| खसीको तौल | १२२३ | एकजना, धनी, व्यापार, निकै, फर्किनु, ठूलो, भेद, वा, देख्न, भने, भनौं, छायाँ, लागि, यसरी, विभिन्न, ठाउँ, गऱ्यो, आइपुग्नु, दिनु, सँगै, तर्नु, जुत्ता, फुकाली, नै, घर,दुवै, भोक, फेरि, चकित, सन्तान, नोकर्नी, हो, सक्नु, आफू सोध्नु, सुन्नु, किन, जनावर, कान, आँगन, हिलो, बनाउनु, तँपाई, त्यति, लग्नु, पडकाउनु, ताड, सम्झना, खोज्नु, यी, पुग्नु, सुरुवाल, यथावत, पखाल्नु, मन, प्रेम, बस्नु, थाल्नु विस्तारै, समय, भेट, जमिन्दार, सूचना, विरामी, नयाँ, दुःख, उनी, बसाई, सर्नु, बुद्धि, व्यक्ति, पाल्नु इनाम, तौल, बताउनु, ब्वाँसो, महिना, दुई, काम, सिकाउनु, सबै | धेरै, कुरा, हो, व्यापारी, गाउँ, घर, बाटो, एउटा, जङ्गल, छाता, ओड्नु, युवक, बस्नु, यो, त्यो, पानी, रुख, पनि, मानिस, उनी, बुढा, जानु, खोलो, भयो, तर, छोरी, मात्र, काम, निर्जन, केही, जहान, ससुरा, उनले, खबर, खसी, मुखिया, आफ्ना |

| | | |
|---|---|---|
| आवृत्ति संख्या | ८१ | ३८ |

प्रस्तुत तालिकामा हेर्दा कथामा जम्मा १२२३ शब्दहरू छन् । ती मध्ये ११९ वटा शब्दहरू आवृत्ति भएका छन् । कम आवृत्ति भएका शब्दहरू ८१ वटा र बढी आवृत्ति भएका शब्दहरू ३८ वटा मात्र छन् । बाँकी ११०४ वटा शब्दहरू एकपटक पनि आवृत्ति भएका छैनन् । त्यसैले यो कथामा शब्दको आवृत्ति कमी भएको देखिन्छ ।

### ५.३.२ मनु

'मनु' कथामा जम्मा १३०२ वटा शब्द रहेका छन् । जसमध्ये आवृत्ति भएका शब्दहरू ८६ वटा छन् । ती शब्दहरूमा पनि कम आवृत्ति भएका शब्दहरू ६३ वटा र बढी आवृत्ति भएका शब्दहरू २३ वटा छन् ।

अतः माथि उल्लिखित कुराहरूलाई निम्न लिखित तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ७

मनु कथामा प्रयुक्त शब्दभण्डारको आवृत्ति

| शीर्षक | जम्मा शब्द संख्या | एकदेखि दुईपटक सम्म आवृत्ति भएका शब्दहरू | दुईपटकभन्दा बढी आवृत्ति भएका शब्दहरू |
|---|---|---|---|
| मनु | १३०२ | आफ्नो, दैलो, भित्र, हातमा, सबै, आँसु, कति, पोसाक, मन, हाम्रो, अनि, सन्तान, एघार, वर्ष, एउटा, खुवाउनु, म्वाँइ, बोक्नु, काखमा, राख्नु कहिलेकाही, प्रश्न, धेरै, गीत,सुनाऊ, सानो, खरायो, कता, हरायो, भन्नु, कसको, भाउजु, भयो, दिन, छेउ, ल्याउनु, बेला, राखिदिनु, कुरा, भान्सा, गाला, देखेर, दुलही, ठूलो, स्वर, उठ्, जीवन, खाइ, प्रति, चिजबिज, बोलाउनु, औषधी, औला, हाँस्नु, | बाबु, पनि, कोठा, छोरो, मेरो, यो, थिए, घर, भाई, हजुर, स्कूल, हजुरआमा, आमा, छोरी, माया, आज, बुवा, तिमी, म, उनी, आँखा, बाहिर, मुख |

| | | | |
|---|---|---|---|
| | | बिर्सनु, सम्हाल्नु, निकै, लास, नाति, काट्नु, चिच्याउनु, झैं, कपडा | |
| आवृत्ति संख्या | | ६३ | २३ |

माथि उल्लिखित तालिकाका आधारमा 'मनु' कथामा प्रयुक्त १३०२ वटा शब्हरू मधये ८६ वटा शब्दको मात्र आवृत्ति भएको छ । बाँकी १२१६ वटा शब्दहरूको आवृत्ति एकपटक पनि भएको देखिदैन । त्यसैले शब्दको संख्याका तुलनामा यो कथामा शब्दको आवृत्ति कम भएको देखिन्छ ।

### ५.३.३ उपमन्युको परीक्षा

'उपमन्युको परीक्षा' कथामा जम्मा ७३६ वटा शब्द रहेका छन् । जसमध्ये आवृत्ति भएका शब्दहरू ६४ वटा छन् । ती शब्दहरूमा पनि कम आवृत्ति भएका शब्दहरू ४२ वटा र बढी आवृत्ति भएका शब्दहरू २२ वटा छन् ।

अतः माथि उल्लिखित कुराहरूलाई निम्न लिखित तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ८

उपमन्युको परीक्षा कथामा प्रयुक्त शब्दभण्डारको आवृत्ति

| शीर्षक | जम्मा शब्द संख्या | एकदेखि दुईपटक सम्म आवृत्ति भएका शब्दहरू | दुईपटकभन्दा बढी आवृत्ति भएका शब्दहरू |
|---|---|---|---|
| उपमन्युको परीक्षा | ७३६ | ऋषि, चराउनु, गोरक्षा, अचेल, नमस्कार, आज्ञा, गर्नु, सोध्नु, जिविका, निर्वाह, अन्न, केहीदिन, बितेपछि, फेरि, दोस्रो, उपाध्याय, हृष्टपुष्ट, भोजन, तैपनि, बाच्छाहरू, सुन्नु, फिँज, निषेध, तर, पात, सिउँडी, चपाउनु, नेत्र, वन, बाटो, भित्र, खस्नु, स्तुति, हामी, स्तवन, दिनु, समर्पित, | एकदिन, गुरु, इनार, भित्र, शिष्य, उनी, पुत्र, तिमी, भन्नु, भिक्षा, अबदेखि, खानु, पटक, माग्नु, भने, दुध, पनि, भोक, प्रसन्न, युवा, तिम्रो, यो |

| | | | |
|---|---|---|---|
| | | दाँत, गुरुभक्त, आफ्नो, सबै, सम्पूर्ण, ज्ञान | |
| आवृत्ति संख्या | | ४२ | २२ |

माथि उल्लिखित तालिकाका आधारमा 'उपमन्युको परीक्षा' कथामा प्रयुक्त ७३६ वटा शब्दहरू मध्ये ६४ वटा शब्दको मात्र आवृत्ति भएको छ । बाँकी रहेका ६७२ वटा शब्दहरूको आवृत्ति एकपटक पनि भएको देखिदैन ।

### ५.३.४ घरझगडा

'घरझगडा' कथामा जम्मा १०५५ वटा शब्द रहेका छन् । जसमध्ये आवृत्ति भएका शब्दहरू ९२ वटा छन् । ती शब्दहरूमा पनि कम आवृत्ति भएका शब्दहरू ६८ वटा र बढी आवृत्ति भएका शब्दहरू २४ वटा छन् ।

अतः माथि उल्लिखित कुराहरूलाई निम्न लिखित तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ९

घरझगडा कथामा प्रयुक्त शब्दभण्डारको आवृत्ति

| शीर्षक | जम्मा शब्द संख्या | एकदेखि दुईपटक सम्म आवृत्ति भएका शब्दहरू | दुईपटकभन्दा बढी आवृत्ति भएका शब्दहरू |
|---|---|---|---|
| घरझगडा | १०५५ | नजरबन्द, अमृत, देवर, बाघ, मेरो, बाटो, नाग, भारदार, आफ्नो, सिहिंनी, कान, तेल, हाल्नु, बस्नु, यही, आगो, भन, छोरो, पुत्रस्नेह, सती कतिले, खोज्नु, देश, लागि, बेतिया, त्यही, मातृभूमि, बाहिर शत्रु, ठूलो, खबर, पाल्पा, पर्वत, तनहुँ, फौज, ठीक, अब, नै, तिल, काडाँ, झरेको, बालुवा, कुनै, घातप्रतिघात, रूप, जालमा, झगडा, व्यवहार, पाप, अनि, पछि, नायबी, भाउजू, आफै, ढालतरवार, नागिनी, सक्छौ, | पनि, मैले, यी, बन्नु, म, यिनको, यदि, भने, हो, तर, विष, त्यो, घरझगडा, केही, होइन, हामी, घर, तँपाई, भएर, उनी, धेरै, अब, मन, हुँ |

| | | | |
|---|---|---|---|
| | | नारी, शक्ति, भावना, काम,कुन, हुरी, गोरखा, कनसुत्लो, एक, यसरी, होला | |
| आवृत्ति संख्या | | ६८ | २४ |

माथि उल्लिखित तालिका अनुसार घरझगडा कथामा जम्मा १०५५ वटा शब्दहरू रहेका छन् । तीमध्ये ९२ वटा शब्दहरू मात्र आवृत्ति भएका देखिन्छन् । दुईपटक सम्म आवृत्ति भएका शब्दहरू ६८ वटा र सोभन्दा बढी पटक आवृत्ति भएका शब्दहरू २४ वटा छन् । बाँकी रहेका ९६३ वटा शब्दहरू एक पटक पनि आवृत्ति भएका छैनन ।

### ५.३.५ नुनको सोझो

नुनको सोझो कथामा जम्मा ११८३ वटा शब्द रहेका छन् । जसमध्ये आवृत्ति भएका शब्दहरू ९२ वटा छन् । ती शब्दहरूमा पनि कम आवृत्ति भएका शब्दहरू ५७ वटा र बढी आवृत्ति भएका शब्दहरू ३५ वटा छन् ।

अतः माथि उल्लिखित कुराहरूलाई निम्न लिखित तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. १०

नुनको सोझो कथामा प्रयुक्त शब्दभण्डारको आवृत्ति

| शीर्षक | जम्मा शब्द संख्या | एकदेखि दुईपटक सम्म आवृत्ति भएका शब्दहरू | दुईपटकभन्दा बढी आवृत्ति भएका शब्दहरू |
|---|---|---|---|
| नुनको सोझो | ११८३ | साँझ, पनि, अगाडि, त्यो, भोजन, सुख, मूल, मार्ग, ईश्वर, स्वर्ग, सरल, आवश्यकता, अर्ति, हिंसा, उपदेश, पाहुना, व्यवहार, कष्ट, संयोग, सामान्य, विताउनु, हृदय, व्यवसाय, बताउनु, पेशा, तिमी, फेरि, साँचो, यो, सर्त, सत्मार्ग, सुनाउनु, भविष्य, पापी, कार्य, कठिन, तपाई, वाणी, अन्तरआत्मा, बारम्बार, अद्योगति, भोक, खानेकुरा, खानु, भयो, चनाचट्पटे, | धेरै, कुरा, गुरु, सम्झना, रात, आफू, घर, आफ्नो, गर्नु, जीवन, वास्तविक, सत्य, नै, हो, भन्ने, सबै, तर, लागि, केही, इमानदारी, कुनै, मानिस, व्यभिचार, गाउँ, चोरी, साधु, कि, महात्मा, पालना, नुन, बहुमूल्य, ऊ, थियो, उसले, राजा |

| | | | |
|---|---|---|---|
| | | बासना, विवेक, परास्त, सामान, राजमहल, उपस्थित, महाराज, कुकर्म, सजाय, प्रतिज्ञा, छलकपट | |
| आवृत्ति संख्या | | ५७ | ३५ |

माथि उल्लिखित तालिका अनुसार 'नुनको सोभ्रो' कथामा जम्मा ११८३ वटा शब्दहरू रहेका छन् । तीमध्ये ९२ वटा शब्दहरू मात्र आवृत्ति भएका देखिन्छन् । दुईपटक सम्म आवृत्ति भएका शबदहरू ५७ वटा र सो भन्दा बढी पटक आवृत्ति भएका शब्दहरू ३५ वटा छन् । बाँकी रहेका १०९१ वटा शब्दहरू एकपटक पनि आवृत्ति भएका छैनन् ।

## ५.४ तुलनात्मक अध्ययन

पाठ्यपुस्तकमा प्रयुक्त पाँचै वटा पाठहरूका शब्दभण्डारको आवृत्तिगत विश्लेषणका क्रममा माथि उल्लेख गरिएका कुराहरूलाई यहाँ तुलनात्मक रूपमा निम्नलिखित तालिकाद्वारा अझ स्पष्ट पार्ने प्रयास गरिएको छ:

तालिका नं. ११

कथा पाठहरूमा प्रयुक्त शब्दभण्डारका आवृत्तिको तुलनात्मक अध्ययन

| शीर्षक | दुईपटकसम्मको आवृत्ति संख्या | दुईपटकभन्दा बढी आवृत्ति संख्या | आवृत्ति बिनाको शब्दसंख्या | जम्मा शब्द |
|---|---|---|---|---|
| खसीको तौल | ८१ | ३८ | ११०४ | १२२३ |
| मनु | ६३ | २३ | १२१६ | १३०२ |
| उपमन्युको परीक्षा | ४२ | २२ | ६७२ | ७३६ |
| घरझगडा | ६८ | २४ | ९६३ | १०५५ |
| नुनको सोभ्रो | ५७ | ३५ | १०९१ | ११८३ |
| जम्मा संख्या | ३११ | १४२ | ५०४६ | ५४९९ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा प्रतिशत (%) | ५.७८% | २.५८% | ९१.७७% | १००% |

माथि उल्लिखित शब्दभण्डारका आवृत्तिको तुलनात्मक तालिका अध्ययनगर्दा खसीको तौल कथामा जम्मा १२२३ वटा शब्द छन् । ती मध्ये आवृत्ति भएका शब्दहरू ११९ वटा अर्थात ९.७३% मात्र छन् ।

मनु कथामा जम्मा १३०२ वटा शब्दहरू रहेका छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ८६ वटा अर्थात ६.६०% रहेका छन् ।

उपमन्युको परीक्षा कथामा जम्मा ७३६ वटा शब्द छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ६४ वटा अर्थात ८.६९% रहेका छन् ।

घरझगडा कथामा जम्म १०५५ वटा शब्दहरू रहेका छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ९२ वटा अर्थात ८.७२% रहेका छन् ।

नुनको सोझो कथामा जम्मा ११८३ वटा शब्दहरू रहेका छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ९२ वटा अर्थात ७.७७% रहेका छन् ।

यसरी पाँचवटै कथा पाठहरूमा जम्मा ५४९९ वटा शब्दहरू रहेका छन् । तीमध्ये आवृत्ति भएका शब्दहरू ४५३ वटा मात्र छन् । ती शब्दहरू ८.२३% मात्र देखिन्छन् । आवृत्ति भएका शब्दहरूमा पनि कम आवृत्ति भएका ३११ वटा अर्थात ५.६५% र बढी आवृत्ति भएका शब्दहरू १४२ वटा अर्थात् २.५८% रहेको तथ्य फेला पर्छ । प्रतिशतका हिसाबले हेर्दा सबैभन्दा बढी शब्दहरू आवृत्ति भएको पाठ 'खसीको तौल' देखिन्छ भने सबैभन्दा कम आवृत्ति 'मनु' कथामा देखिन्छ ।

## ५.५ निष्कर्ष

भाषाको सिकाइ अन्य सीपमूलक कामहरूको सिकाइ जस्तै हो । जसका लागि निरन्तर रूपमा अभ्यासको जरुरत पर्दछ । यदि विद्यार्थीहरूले कुनै भाषा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने अभ्यास निरन्तर रूपमा गरिरहन्छन् भने त्यो भाषा सजिलोसँग बुझ्न सक्छन् । त्यसद्वारा विचार एवं भावना व्यक्त गर्न सक्छन् । तसर्थ भाषाका चारवटै

सीपमा दक्ष हुन पुनरावृत्ति आवश्यक हुन्छ । भाषा सिकाइमा शब्दको भूमिका मुख्य रूपमा रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा राखिने कथाहरूमा कक्षाको स्तर हेरी शब्दहरूको सही किसिमको छनोट र मुख्य शब्दहरूको बारम्बार आवृत्ति हुनु आवश्यक छ ।

कक्षा ८ को नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूमा शब्दको आवृत्ति कम मात्रामा भएको देखिन्छ । कथा पाठहरूमा राखिएका शब्दहरूमध्ये ८.३०% शब्दको मात्र आवृत्ति भएको देखिन्छ । कक्षा आठका लागि यसलाई कम नै मान्नुपर्छ । प्रायः सवै पाठहरूमा शब्दको आवृत्ति भएको देखिन्छ । त्यसलाई उचित नै मान्न सकिन्छ । तर आवृत्ति समान ढंगबाट भएको छैन । 'खसीको तौल' कथामा ९.७३% शब्दहरू आवृत्ति भएका छन् भने 'मनु' कथामा ६.६०% शब्दहरूको मात्र आवृत्ति भएको देखिन्छ । तसर्थ आवृत्ति समान किसिमको छैन । सबै कक्षाका लागि शब्दभण्डारको आवृत्ति महत्वपूर्ण हुन्छ । त्यसमा पनि तल्ला कक्षाका लागि शब्दभण्डारको आवृत्ति अझ बढी महत्वपूर्ण हुन जान्छ । कक्षा ८ का लागि छनोट गरिएका पाठहरूमा १५ देखि २० प्रतिशतसम्म शब्दको आवृत्ति हुनु राम्रो हुन्छ । त्यसो भएमा मात्र विद्यार्थीहरू पाठका मुख्य शब्दसँग छिटो परिचित हुन्छन् । जसबाट भाषा सिकाइमा मद्दत पुग्छ ।

# परिच्छेदः छ

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट पाँचवटा कथाको शैक्षणिक उपयोगिताका दृष्टिले गरिएको विश्लेषणबाट निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ ।

१. पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइन्छ । पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने गरी भाषा पाठ्यपुस्तकमा विभिन्न विधाका पाठको चयन गरिन्छ तर यस तहको पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप कथाका पाठहरूको चयन गरिएको छैन ।

२. कथाको क्षेत्र र छनोट मिलेको भएतापनि क्रम र स्तरण भने मिलेको छैन । पाठ्यक्रममा लोककथा, नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथाको क्रम उल्लेख गरिएको छ तर पाठ्यपुस्तकमा लोककथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा र नीतिकथाको क्रममा राखिएको छ ।

३. पाठ्यक्रममा पौराणिक वा ऐतिहासिक कथामध्ये १ वटा कथा समावेश गर्नुपर्ने ठाउँमा पाठ्यपुस्तकमा दुवैखाले कथा समावेश गरिएको छ ।

४. पाठ्यक्रममा कथाका पाठहरू निश्चित अन्तरालमा राखिनुपर्ने कुरा उल्लेख गरेतापनि पाठ्यपुस्तकमा सो कुरा लागू भएको छैन ।

५. कथामा संरचना पक्षको महत्वपूर्ण स्थान हुन्छ । यहाँ कथामा संरचना पक्षलाई त्यति जोड दिएको पाइदैन । कथाको प्रारम्भमा परिचयलाई मात्र जोड दिइ घटना पक्षलाई गौण राखिएको छ । मध्य भागमा कथा वर्णनात्मक रूपले अगाडि बढेको पाइन्छ । कौतुहल पक्ष एकदमै कम देखिन्छ । अन्त्य भागमा कथा चरमोत्कर्षमा

पुगेर निष्कर्षमा पुग्नुपर्छ तर यहाँ पाठ्यपुस्तकमा समाविष्ट कथाहरू चमोत्कर्षलाई भन्दा निष्कर्षलाई महत्व दिएका छन् ।

६. कथामा प्रयक्त वाक्यहरू सरल, संयुक्त र मिश्र तीनै किसिमका छन् । कुनै वाक्यहरू ज्यादै लामा र कठिन भएतापनि प्रयुक्त शब्दहरू भने उचित नै देखिन्छन् ।

७. कथामा आवश्यक मात्रामा उखान टुक्काको प्रयोग गरिएको छैन, भाषालाई उखानटुक्काले जीवन्त राख्छ । उखान टुक्का प्रयोग हुने विधा भनेकै कथा हो । कक्षा ८ को प्रयुक्त ५ वटा कथामा उखान टुक्का थोरै प्रयोग भएको पाइन्छ ।

८. कथाका पाठको अन्त्यमा राखिएका नमुना अभ्यासहरूमध्ये शब्दार्थ निकै कम मात्रामा दिइएको छ । अघिल्लो कक्षामा जानिसकेका सरल शब्दको शब्दार्थ स्तम्भमा अर्थ छ तर कठिन शब्दलाई समेटिएको छैन । उखानटुक्काको अर्थ शब्दार्थ स्तम्भमा राखिएको छैन ।

९. पाँचवटा कथाका पाठसँग सम्बन्धित ६४ वटा शब्दहरूको शब्दार्थ दिइएको छ । कुनै शब्दको भने अर्थ नदिइ वाक्यमा प्रयोग गर्न लगाइएको छ । शब्दको प्रयोग पक्षलाई भन्दा अर्थ घोक्न प्रोत्साहित गरेको पाइन्छ ।

१०. भाषालाई शुद्धसँग बोल्न, लेख्न र जान्न व्याकरणको आवश्यकता पर्छ । अझ पाठका अन्त्यमा राखिएका नमूना अभ्यासभित्र व्याकरणको बढी महत्व हुने गर्दछ । व्याकरणका अभ्यास भित्र एकै पटक धेरै पक्षलाई राखिएको छ जसले विद्यार्थीलाई बुझ्न कठिन हुनुका साथै शिक्षकलाई समेत त्यसको धारणा स्पष्ट पार्न कठिन हुन्छ । पाठगत आधारमा विद्यार्थीलाई व्याकरणात्मक धारणा बसाल्न सजिलो हुने भएपनि प्रयुक्त कथाका अभ्यासहरू पाठअनुरूप छैनन् । खसीको तौल कथा भूतकालमा लेखिएको छ भने त्यसको अभ्यास भविष्यत कालमा रहेको छ जसलाई अनुपयुक्त मानिन्छ ।

११. भाषिक सीप बढाउने अभ्यास राखिएतापनि कम मात्रामा प्रयोग भएका छन् । सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने खालका अभ्यास खसीको तौल कथा बाहेक अन्य ४ वटा कथामा राखिएका छन् । भाषाका चारै सीप विकासगर्ने खाले सिर्जनात्मक अभ्यास सवै पाठमा मात्रात्मक रूपमा कम देखिन्छन् ।

१२. नमूना अभ्यासमा रहेका व्याकरण खण्ड कथाका पाठ अनुरूप राखिएका छैनन् । व्याकरणका अभयासहरू आगमन विधिद्वारा सिकाउन खोजिएको भएपनि अभ्यासको कमी पाइन्छ । विद्यार्थीहरूलाई प्रशस्त अभ्यास दिन सकेमात्र केही सिक्न सक्छन्. ।

१३. भाषा सिकाइका लागि शब्दभण्डारको पुनरावृत्ति हुनु आवश्यक हुन्छ । विद्यार्थीहरूले एक पटक सिकेको कुरालाई प्रसङ्ग अनुकूल बनाएर पुनरावृत्ति हुन दिएको खण्डमा सिकाइ प्रभावकारी हुन्छ । आवृत्ति भएका शब्दहरू सजिलै स्मरण गर्न सकिन्छ । जसले गर्दा सिकाइमा मद्दत पुग्दछ । कथा पाठहरूमा प्रयुक्त शब्दभण्डारको आवृत्ति समान रूपमा भएको छैन । ‘खसीको तौल’ कथामा सवैभन्दा बढी ९.७३ प्रतिशत आवृत्ति भएको छ भने सवै भन्दा कम आवृत्ति ‘मनु’ कथामा ६.६० प्रतिशत देखिन्छ । सबै कथा पाठहरूको आवृत्ति ८.३० प्रतिशत मात्र देखिन्छ ।

१४. पाठ्यक्रमले तोकेको पाठहरूको अध्ययन समय मै पूरा गरी अपेक्षित लक्ष्यमा पुग्न उचित अंक विभाजन गरिएको हुन्छ । कक्षा ८ को पाठ्यक्रममा विधागत आधारमा समय विभाजनलाई अंकसँगै उल्लेख गरिएको छ । कथा विधाका निम्ति १० अंक छुट्याइएको छ । कथाजस्तो महत्वपूर्ण विधा, त्यसमा पनि ५ वटा पाठ शिक्षणका निम्ति त्यति समय उपयुक्त हुन सक्ने देखिदैन रूपक, चिठ्ठी आदिका १/१ वटा पाठका निम्ति ५/५ अंक दिइनुका तुलनामा कथाका ५ वटा पाठका निम्ति १० अंक प्रयाप्त छैन ।

१५. पाठ्यविषयको सामान्य ज्ञानले मात्र सिकाइ सफल हुन सक्दैन । त्यसका लागि नमूना अभयासको निरन्तरता चाहिन्छ । त्यसैले नमूना अभ्यासमा राखिने प्रश्नहरू विषयवस्तु मूलपाठसँग मेलखाने किसिमले राख्नुपर्छ । सबै स्वरूपका प्रश्नहरू दिई अभ्यास गराउनु पर्छ । कथाका नमूना अभ्यासमा संक्षिप्त र निवन्धात्मक प्रश्नहरू उचित मात्रामा राखिएका छन् तर वस्तुगत प्रश्न एउटा पाठमा मात्र छ ।

१६. व्याकरण तथा भाषा सिकाइ दुवैका लागि अभ्यासहरू तयार पार्दा बढी मात्रामा सिर्जनात्मक तथा प्रयोगात्मक अभ्यासहरू राखिनुपर्छ । यस खाले अभ्यासहरूबाट भाषिक कुशलताका साथै विषयवस्तुको चाँडो ज्ञान गराउन सकिन्छ । कथा पाठका अभ्यासमा त्यसतर्फ त्यति ध्यान दिइएको छैन । शैक्षिक सामग्रीको प्रयोगगरी विद्यार्थी-केन्द्रित क्रियाकलापहरू गराइने खालका प्रयोगात्मक अभ्यास भएतापनि बढी जसो कण्ठ गरेर उत्तर दिनुपर्ने खालका अभ्यासहरू राखिएको छ । त्यसैले अभ्यासको छनोटमा व्यवहारिकता अपनाइएको देखिदैन ।

## ६.२ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गरिएको छन्-

१. तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित अनिवार्य नेपाली कक्षा ८ को पाठ्यक्रमको आधारमा तयार गरी राखेर वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका पाठहरू पाठ्यक्रमअनुरूप हुनुपर्ने देखिन्छ ।

२. पाठ्यक्रमले उल्लेख गरेअनुरूप कथाविधाको क्रम र स्तरण क्रमशः लोककथा नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथा गरी पाठ्यपुस्तकमा राख्नु आवश्यक देखिन्छ ।

३. पाठ्यपुस्तकमा ऐतिहासिक वा पौराणिक कथा मध्ये कुनै १ वटालाई मात्र समावेश गर्नु आवश्यक देखिन्छ ।

४. कथाका सबै पाठलाई निश्चित अन्तरालमा राखिनुपर्ने देखिन्छ ।

५. कथाका संरचना पक्षलाई मिलाएर राख्नुपर्ने वा कथाको आदि, मध्य र अन्त्य भाग मिलेका कथा राख्नुपर्ने तथा आदि भागमा रोचकता हुनुपर्ने देखिन्छ ।

६. उखानटुक्का प्रशस्त प्रयोग भएका कथा तथा संवादात्मक शैलीयुक्त कथा राख्न आवश्यक देखिन्छ ।

७. पाठका उखानटुक्कालाई तथा कठिन शब्दहरूलाई शब्दार्थ स्तम्भमा राख्नुपर्ने देखिन्छ ।

८. शब्दार्थलाई पाठका अन्त्यमा नराखी पाठको शुरुमा नै राखी शिक्षण गराउने हो भने विद्यार्थीहरू शब्दसँग परिचित हुन्छन् त्यसले पाठको पढाइ सुरु हुनुअघि नै शब्दार्थ शिक्षण गराइने व्यवस्था हुनुपर्छ ।

९. भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू पाठ अनुरूप हुनुपर्छ ।

१०. अभ्यासमा अझ बढी विविधता ल्याउनुपर्ने देखिन्छ तथा भाषिक सीप अभिवृद्धि गर्ने अभ्यास कम भएकाले बढाउनु पर्ने देखिन्छ ।

११. व्याकरणका अभ्यासभित्र एकै पटक धेरै पक्षलाई राखिएको छ जसले विद्यार्थीलाई बुझ्न कठिन हुने भएकाले व्याकरणका अभ्यासभित्र एकपटक कुनै एक पक्षलाई मात्र राख्नुपर्ने देखिन्छ ।

१२. सवै कथाका नमूना अभ्यासमा सिर्जनात्मक अभ्यास राख्नु आवश्यक देखिन्छ ।

१३. भाषा सिकाइका लागि शब्दभण्डारको पुनरावृत्ति हुनु नितान्त आवश्यक छ । आवृत्ति भएका शब्दहरूलाई सजिलै स्मरण गर्न सकिन्छ । सवै कथाका पाठमा शब्दभण्डारको आवृत्ति समान किसिमको हुनुपर्छ ।

१४. कथा जस्तो महत्वपूर्ण विधाका लागि १० अङ्क छुट्याइएको छ, जनु अप्रयाप्त छ । प्रत्येक कथालाई यर्ता समय वा पाठघण्टी भनि पाठ्यक्रममा उल्लेख गर्नुपर्ने

देखिन्छ । जसले शिक्षकलाई समयमा नै पाठ्यवस्तु सक्न सघाँउ पुऱ्याउने देखिन्छ ।

१५. भाषा सिकाइका लागि कथा विधामा राखिने शब्दहरूको चयन गर्दा दैनिक जीवनमा बढी प्रयोग हुने जीवनोपयोगी शब्दहरू राखिनु उचित हुन्छ । त्यस्ता शब्दहरूसँग विद्यार्थीहरू छिटो परिचित हुनुका साथै उनीहरूलाई शब्दभण्डारमा कठिनाइ हुँदैन । जसले गर्दा भाषा सिकाइ छिटो र प्रभावकारी हुन्छ ।

१६. शब्दको धारणा स्पष्ट पार्न, कुनै खास पक्षको मौखिक तथा लिखित रूपमा वर्णन गर्ने हेतुले प्रत्येक कथाका पाठहरूमा एक-एक वटा सादा चित्रहरू राखिएका छन् । प्रभावकारी रूपमा ती चित्रहरूले शब्द तथा वाक्यको धारणालाई समेट्न सकेका छैनन् । त्यसैले भाषा सिकाउनका लागि रङ्गिन र आकर्षक चित्रहरू कथाका पाठ र अभ्यासमा पनि राखिनु बढी प्रभावकारी देखिन्छ ।

१७. भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा कथाकारहरूको छोटो परिचय, कथागत प्रवृत्ति र कृतिहरूका बारेमा सामान्य जानकारी दिनु उचित हुन्छ ।

### ६.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू–

१. माध्यमिक तह कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकका समाविष्ट कथाहरूको शैक्षणिक उपयोगिता अध्ययन विश्लेषण,

२. शैक्षणिक उपयोगिताका दृष्टिले कक्षा ७ का कथाहरूको अध्ययन विश्लेषण,

३. शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन विश्लेषण,

४. शैक्षणिक उपयोगिताका दृष्टिले प्राथमिक तह कक्षा १-३ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट बालकथाहरूको अध्ययन,

५. कक्षा ४ र ५ को मेरो नेपाली किताबमा समावेश गरिएका बाल कथाहरूको शैक्षणिक उपयोगिता अध्ययन,

६. कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको अध्ययन ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्राज (२०५३) नेपाली भाषा शिक्षण, काठमाडौं, कुञ्जल प्रकाशन ।

.................. (२०५९) भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५६), प्रारम्भिक नेपाली शिक्षण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, बेदप्रसाद (२०५४) कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

खनाल, दुर्गा (२०५८), कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि. त्रि.वि ।

खत्री, आनन्दा (२०६२), कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन, अप्र. शोधपत्र, त्रि.वि. ।

गौतम, देवीप्रसाद (दो.सं., २०५६) नेपाली कथा, काठमाडौंः के.पी. पुस्तक भण्डार ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०५९), पाठ्यक्रम योजना र अभ्यास, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

ढुंगेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति, काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दिवस, तुलसी (२०३३) नेपाली लोककथाः केही अध्ययन, काठमाडौं, ने.रा.प्र.प्र. ।

नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान (२०५८) नेपाली वृहत शब्दकोश, काठमाडौं ।

पराजुली, कृष्णप्रसाद (२०५७), राम्रो रचना मिठो नेपाली, सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं ।

पोखरेल, टीकाराम (२०५५), माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन, अप्र. स्नातकोत्तर, शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

पोखरेल, बालकृष्ण (सम्पा. २०४०), नेपाली वृहत शब्दकोश, ने.रा.प्र.प्र., काठमाडौं. ।

पा.वि.के. (२०५८) निम्नमाध्यमिक तहको नेपाली पाठ्यक्रम, सानोठिमी, भक्तपुर ।

पा.वि.के. (२०६२) हाम्रो नेपाली किताब कक्षा ८, सानोठिमी, भक्तपुर ।

बन्धु, चुडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौंः रत्नपुस्तक भण्डार ।

बराल, ईश्वर (२०४८) झ्यालबाट, ललितपुरः साझा प्रकाशन ।

रिमाल, डिल्लीरामः नेपाली शिक्षणः काठमाडौं विद्यार्थी पुस्तक भण्डार, २०५३ ।

रेग्मी, भानुभक्त (२०५५) शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषण अप्र. स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्या. ताहाचल ।

लम्साल, रामचन्द्र र अन्यः शिक्षक निर्देशिका (कक्षा ८) शिक्षा तथा खेलकूद मन्त्रालय, पा.वि.के. तथा ज.भि.सा.के.लि. भक्तपुर ।

लामिछाने, यादवप्रकाशः नेपाली भाषा शिक्षण परिचय, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५७ ।

बाग्ले, राधाकुमरी (२०५५), कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

शर्मा, केदार प्रसाद र माधव पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, न्यू हिरा इन्टरप्राइजेज, कीर्तिपुर ।

शर्मा, मोहनराज (२०३५) कथाको विकास प्रक्रिया, साझा प्रकाशन, काठमाडौं ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०५२) शोधविधि, ललितपरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५७), नेपाली कक्षा भाग ४, सम्पा, ललितपुरः साझा प्रकाशन ।